प्राचीन नेपाल

पुरातत्व विभागको मुखपत्र

ANCIENT NEPAL

Journal of the Department of Archaeology

संख्या २४
श्रावण २०३०

Number 24
July 1973

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्व विभाग
काठमाडौं, नेपाल

Published by
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्राप्तिस्थान:-
साझा प्रकाशन
पुलचोक, ललितपुर

To be had of:-
Sajha Prakashan
Pulchok Lalitpur

मूल्य रु. ५।-

Price Rs. 5/-

Printed at Matribhoomi Press, Ghantaghar

प्राचीन नेपाल
संख्या २४
श्रावण २०३०

Ancient Nepal
Number 24
July 1973

सम्पादक
रमेशजङ्ग थापा

Editor
Ramesh Jung Thapa

सहायक सम्पादक
रामचन्द्र ढुङ्गाना

Assistant Editor
Ram Chandra Dhungana

Prachin Nepal
Downloaded by - Ravi Shakya
No. 24, July 1973, Shravan 2023

Contents

विषय–सूची

	पृष्ठ	Page
नेपाल देशको इतिहास	१	1
ऐतिहासिक पत्रस्तम्भ	२४	24
ॐ मणिपद्मे हुँ *श्री हरिराम जोशी*	२९	29
हाम्रो वर्णमालाको महत्त्व *श्री शंकरमान राजवंशी*	३२	32
गणेश्वर तथा सिमरौनगढका मन्त्री र पुरोहितहरू *श्री तारानन्द मिश्र*	३५	35
Nepal *Mr Sylvain Levi*	४३	43

नेपाल देशको इतिहास

(गताङ्कको बाँकी)

त्यसपछि माहिला साहेबज्यू बहादुर शाहले कुमंत्रीहरूका कुरा सुनी नेपालखंडका सबै खेतमा टांगो हाली नपाए । वसुन्धराको अन्त्य लिएका पापले भारदारहरूका खेलमा परी श्री ५ महाराजबाट "तिमीले मुखत्यारी कामकाज गरेको आजसंमको बही बुझाउनुपर्छ" भनी चांदीका नेल ठोक्ने काम भयो । ती बहादुर शाह नेलैमा मुक्त भए ।

तिनै लाका यी महाराजका पालामा अर्थात् शाके १७०९ आश्विन शुदि ९ का दिन काजी शिवनारायण खत्री र सरदार प्रबल रानाले २ कम्पनी फौज साथमा लिई मुक्तिनाथको बाटाबाट गएर जुम्ला जिती सर गरे । शाके १७१२ मा सरदार अम्बरसिंह थापा, कप्तान गोलैयां, कप्तान रणवीर खत्री र सरदार शत्रुसाधन शाहीले कम्पनी २ र कास्कीका द्वारे जयभद्र बोहरा, थरघर, उमराउ-समेत साथमा लिई सुरखेतको लडाईं मारी दैलेख सर गरे । कर्णालीमा खांडो पखाली बाहुन सरदार कालु पांडे र सरदार शत्रुसाधन शाही नेपालतर्फ फर्के । डुम्राकोट र नारीघाटमा भारी लडाईं हुंदा जितेर अछाम र डोटी सर गरी महाकालीमा खांडो पखाले ।

काजी जगज्जित पांडे, सरदार अम्बरसिंह थापा, कप्तान गोलैयां, कप्तान रणवीर खत्री, सुब्बा योग मल्ल र फौदसिंह रायाले थरघर, उमराउ र कंपनीसमेत लिई महाकाली तरेर कुमाउनेर धोलीमा पुगी ठाना बनाएर बसे । त्यहां महीन्द्रचन्द्रले फौज लिई चढ्दा भारी लडाईं भयो । अम्बरसिंह थापा त्यहीं बसे । धौलीका ठानामा लालसिंहले फौज लिई चढ्दा उससंग पनि लडाईं भयो । त्यो लडाईं जिती लपेटा दिदा अल्मोडा सर भयो । अनि कुमाउमा सुब्बा योग मल्ललाई कुरुवा राखी गढ हात्न पुगे । अलकनन्दावार विनातरवारै सर भयो । लंगुडगढीमा भारी फौज लिई राजा प्रतिमन शाही चढ्दा श्रीनगर उल्का-गढीमा सुब्बा कालु खवास र वीरे रोकायालाई कुरुवा राखी गोरखाका सबै लश्कर लडाईं गर्न सर्लाङ्गढीमा पुगे । त्यहां पनि लिगलिगका वराह सगुतालाई कुरुवा राखी जन्त्रखाडमा पुगेर ठाना हाले । पाल्पाली अकरका थूममा बसेका अवस्थामा वैरीको फौज फेरि सलीङ्गढीमा चढ्यो । त्यहां भारी लडाईं हुंदा लिगलिगका द्वारे रामकृष्ण खत्री समेत वराह सगुता र उमराउ घेरै परे । त्यसै बखतमा कौडेमा पनि वैरीको फौज आई हमला गर्दा सरदार अम्बरसिंह थापा, सरदार भक्तसिंह थापा र उमराउहरू गई वैरीलाई काटी घपाए । त्यसपछि मोडहाका राजा जगत्-प्रसादले कहलुर र हुण्डरसमेत उठाई भारी फौजका साथ गुहार आए । किल्लाबाहिर ठूलो लडाईं भयो । त्यो लडाईं जिती गोरखाका काजी जगज्जित पांडे, सरदार अम्बरसिंह थापा, कपतान गोलैयां, कपतान रणवीरसिंह खत्री र सरदार भक्ति थापाहरू बसी श्री मोहरसंग घाको बन्दोबस्त

गत २३ संख्यासम्म प्रकाशित भएको "नेपाल देशको इतिहास" केशरपुस्तकालयमा रहेको हिज हाइनेस श्री केशरशमशेर ज.ब. राणाज्यूको संग्रहको हस्तलिखित पुस्तकबाट उद्धृत गरिएको थियो । उक्त पुस्तक गत २०३० साल आषाढ २५ गते भएको सिंहदरबार सचिवालयको भीषण अग्निकाण्डमा परेको हुनाले यस संख्यादेखि राष्ट्रिय अभिलेखालयमा रहेको राजगुरू स्व. श्री हेमराज पाण्डेज्यूको संग्रहको पुस्तकबाट लिइएको छ । दुवै पुस्तकको अक्षर एकै जनावो र कथानक पनि मिल्दोजुल्दो जस्तो छ ।

गरे । प्रतिमन शाही भागे । यस्ता प्रकारले हान्दै र जित्दै गई गोरखालीले हरिद्वारमा खांडो पखाले र श्रीनगरमा आई बसे ।

त्यसै बीचमा भेरीपार महाकालीवार कुल भई वैरीको फौज खडा हुंदा कप्तान कालु पांडे र जगज्जित पांडेले १० कम्पनी फौज लिई खूब धावा गरेर कुल्याहाहरूलाई काट्दै रस्ता खोली श्रीनगरमा फर्के ।

तिनै ताका धैंबुङमा चिनियां चढ्यो र "सबै लश्कर आऊ" भन्ने लालमोहर गयो । गढसंग दश हजार रुपियांको नाल चांदी तिर्नू भन्ने बन्दोबस्त बांधी कुमाङमा आएर त्यहां जगज्जित, कप्तान कालु पांडे र सुब्बा नरु शाहीलाई कुरुवा राखी अरू सब भारदार र फौज नेपालमा आए । भोटसंग लडाई गर्न खटिई शाके १७१२ मा जाने यी थिए:— काजी दामोदर पाण्डे, काजी देवदत्त थापा, कप्तान बम क्षाह, कप्तान जहरसिंह बस्नेत, सरदार प्रबल राना, सरदार प्रतिमन नाना, टकसारी नरसिंह, कप्तान श्रीहर्ष पन्त, कप्तान नाहारसिंह बस्नेत र कप्तान शिवनारायण क्षत्रीहरूले कंपनी, थरघर र उमराउहरू साथमा लिई पहिले सिखारजुङ हान्न जांदा छेप्यामा ठूलो लडाई भयो । त्यो लडाई जिती सिखारजुङ पुगे । त्यहां पुगेकै दिन भारी लडाई भयो । तैपनि किल्ला फुटेन र फर्के । फेरि सरदार अम्बरसिंह थापा, भोटु पांडे र कीर्तिमानसिंह बस्नेतले केरुङको बाटो गरी जांदा झुंगादेखि वर तीन कोसमा पहिले लडाई गरी झुंगा सर गरे । अनि अरूलाई त्यहीं राखी ब्रह्मपुत्रमा खांडो पखालेर मुक्ति क्षेत्रको बाटो गरी नेपाल उत्रे । फेरि दिगर्चा हान्न काजी दामोदर पाण्डे, काजी देवदत्त थापा, कप्तान बम शाह, जहरसिंह बस्नेत, सरदार प्रबल राना, सरदार प्रतिमन राना र टकसारी नरसिंहहरूले थरघर, उमराउ र कम्पनी साथमा लिई कुतीको बाटो गए । काजी अभिमानसिंह बस्नेत, बाहुन कप्तान कालु पाण्डे, सरदार जसिवन्त भंडारी र सरदार रणजित कवरहरू थरघर, उमराउ र कम्पनी साथमा लिई खार्ताको बाटो गए । झुंगामा ठूलो लडाई हुंदा कटक विग्र्यो र फर्की खार्ताको रस्ता जानेसित मिले । वीरवालुवामा लडाई हुंदा जिती टिग्रीमा र झुंगामा पनि लडाई जिती त्यहीं बसे । काजी अभिमानसिंह बस्नेत, कप्तान कालु पांडे, सरदार जसिवन्त भंडारी र सरदार रणजित कवर थरघर, उमराउ र कम्पनी लिई झुंगाको बाटो गरी कुती पुगे । कुतीको बाटो जानेहरूले लश्कर सरासर दिगर्चामा पुग्याई दिगर्चा सब लुटपिट गरे । वैरी जम्मा भई लडाई गर्न आउंदा सबैलाई रातमा डांक हानी काट्दै र धपाउंदै दिगर्चा लुटेको धन लिई खार्ताको बाटो गरी फिरे । टिग्री र झुंगामा रहेका लश्करहरू चयनपुरमा सामेल भई नेपाल फर्के ।

शाके १७१३ मा फेरि चिनियांको लश्कर आई कुकुरघाट तर्‍यो भन्ने खबर आउंदा गोरखाका ठाहिला सरदार र सुब्बा प्यूवर लामाले चार कम्पनी फौजका साथमा गई केरुङमा ठूलो लडाई गरे । कटक बिग्रंदा सरदार र सुब्बा घा लागी फिरे । तमाम लश्कर पनि फिर्‍यो । फेरि सरदार प्रबल राना, रणकेशर पांडे, भास्कर राना र गजवर शाहीले चार कम्पनीका साथमा गई द्यौरालीमा ठूलो लडाई गरे । त्यहां पनि कटक बिग्रेर सरदार घा लागी फिरे, सुबेदार र कम्पनीहरू परे । फेरि स्यांप्रुकमा लडाई हुंदा त्यहां पनि बिग्र्यो र हट्दै आए । त्यसै दिन काजी दामोदर पांडे, सरदार प्रबल राना र सरदार भारथहरू थरघर, उमराउसमेत भई धुन्छेमा लडाई हुंदा लडाई बिग्र्यो र हटी काभ्रेमा चौतरिया श्रीकृष्ण शाह, चौतरिया बम शाह, काजी अभिमानसिंह बस्नेत, काजी धोकलसिंह बस्नेत र सरदार शत्रुसाधन शाहीहरू भएका जगामा सामेल भए ।

यसै बीचमा शाके १७१३ मा किराती मुलुकमा लिम्बूहरूले कुल गर्दा अघि सरदार बदलसिंह बस्नेत सुब्बा पूर्ण पाध्या, र सुब्बा अदलज्यू कम्पनीसमेत लिई विजयपुर गएका थिए । वैरीको लश्कर भारी छ भन्ने अर्जी आउंदा श्री ५ सरकारबाट काजी देवदत्त थापा, सरदार प्रतिमन राना, सुब्बा निधिरत्नज्यू, कोसत आले, श्रीनाथको सुबेदार बक्तवारसिंह बस्नेत, पुरानागोरखको सुबेदार अम्भोज खवास, बरखको सुबेदार अम्बरसिंह थापा र रणभीमको सुबेदार दशरथ खत्रीहरू खटिए । उनीहरू फौज साथमा लिई अघि गएका लश्करमा सामेल हुन पुगे । सिद्धिपुरमा दुइतर्फको ठूलो लडाई हुंदा वैरीका फौजलाई माफसंग काट्दै धपाई कनकामा खांडो पखालेर कद्रुहीमा आई बसेका थिए ।

त्यसै बीचमा चिनियां फौज आई धैंबुङमा ठाना हाली बस्यो । कुरुवा लश्कर त्यहाँ राखी तिमीहरू रातारात गरी

आऊ भन्ने लालमोहर गयो । सरदार बदलसिंह बस्नेत र चार कम्पनी फौज त्यहाँ कुरुवा राखी अरू उमराउ, भैभारदार र लश्कर गैह्र रातबेरात गरी नेपालमा सामेल हुन आए । लडाईको निम्ति खटिएका काजी दामोदर पाँडे, काजी प्रबल राना, सरदार भारत र सुबेदार जरवरहरूले थरघर, उमराउ र कम्पनीसमेतको भारी फौजका साथमा गई पहिले चोकदेमा ठाना हाली बसे । चौतरिया श्रीकृष्ण शाह, चौतरिया बम शाह र सरदार शत्रुसाधन शाहीहरूले कम्पनी फौजका साथमा चलेङबारीमा ठाना हाली बसे । काजी कीर्तिमानसिंह बस्नेत, काजी देवदत्त थापा, सरदार प्रतिमन राना, सरदार शिवदत्त भण्डारी र काजी नाहरसिंह बस्नेतले थरघर, उमराउ र कम्पनीसमेतको फौज साथमा लिई गेर्खुमा ठाना जमाए । उता चिनियाँको भारी लश्कर धैबुङमा ठाना हाली बसेको थियो ।

त्यसै अवस्थामा काजी रणजित पांडे, कपर्दार भोटु पांडे, टकसारी दरसिंह, रामदास पन्त र मणिराम लामा दोभासे भई घा गर्न गए । भेट भई कुराकहानी हुँदा "यहाँ बस्दा पानीको असजिलो भयो, गेर्खुटारमा डेरा गरी बस्न देऊ र सबै कुराको बन्दोबस्त उहीं गरौंला" भनी चिनियां तर्फका काजी धरिन र काजी तुथ्वाङले भने । "के गरे बेश होला" भनी काजी रणजित् पांडे साध्न नेपाल पुगे । उनले "विकट जगामा लगी एक लडाईं गरेर नजिती घा हुने डबल छैन" भनी विन्ति गरे । श्री ५ सरकारबाट रामदास पन्त र मणिराम लामालाई "तिमीहरूले विकट जगाको बाटो वैरीलाई लगी आपना लश्करले हान्न लाउनू र तिमीहरूले पनि हान्नू" भन्ने हुकुम भयो । लश्करमा सोही बेहोराको लिखत पनि गयो । रामदास पन्त र मणिराम लामा पनि नेपालबाट बिदा भए । अनि चिनियाँ फौज बसेका ठाउँमा चिनियाँ काजी तुथ्वाङ र धरिनसंग गई 'हाम्रा महाराजबाट हुकुम भएको छ, तिमीहरूलाई गेर्खुटारमा डेरा दिन्छु, हिंड" भनी उनीहरूले भने । अनि आफू अगुवा भई केही लश्कर भीरको बाटो गरी चोकदेवमा लगे । मणिराम लामाले केही लश्कर भीरको बाटो गरी दूधेथुंकातर्फ लगे । एक लामाले औताई खुस्कन खोज्दा रामदासका पाखुरामा समात्यो । यस वेलामा एक लडाईं नजिती घा बस्ने छैन भन्ने संझी उनले आफना तर्फका फौजलाई साह्रो गरी हाक पारे । एक खलक बन्दूक छाडी काजी दामोदर पांडे र सरदार प्रबल रानामेत सबै लश्करले हान्दा वैरीहरू साफ गरी काटिए । फेरि वेत्रावतीको पुल तर्न लागेका बखतमा सिक्री चुंडालिंदिदा चिनियाँको लश्कर केही पुलबाट खसी वेत्रावतीमा बगे । यस्ता प्रकारले चिनियाँको लश्कर धेरै नाश भयो । गोरखालतर्फका रामदास पन्त पनि परे । त्यसपछि घाको कुरा हुँदा गोरखालीहरूको सुत्याइं र तरवारदेखि चिनियाँ फौजका काजी तुथ्वाङ बहुत खुश भए । "अब उप्रान्त नेपालका महाराजबाट भारदारसमेत पैंतालीस जना मानिस जम्मा भई पाँच वर्षमा एक फेरा आफ्ना मुलुकको चीजबीज लिई श्री ५ चीनबादशाहका हजुरमा दर्शन गर्न आउनू" भन्ने बन्दोबस्त बांधे । त्यही बेहोराको घा गरी जो बाँचेका चिनियाँ फौज लिएर काजी तुथ्वाङ चीनतर्फ फर्के । यहाँदेखि चीनमा जानुपर्ने रीत भएको हो ।

शाके १७१४ सालमा सर्वप्रथम काजी देवदत्त थापा र सरदार प्रतिमन राना नेपालको चीजबीज र सरसौगात सहित श्री ५ महाराजको खत तारपत्रसमेत लिई चीनपुगे । त्यहाँ बादशाहको दर्शन गरी उहाँबाट पाएको चीजबीज र सरसौगातका साथै बादशाहको अहदपत्रसमेत लिई नेपाल आइपुगे । श्री ५ महाराज रणबहादुर शाहको दर्शन गरी सबै विस्तार विन्ति गरे । तिनै ताका "बौद्ध अवतार भयो" भनी मारानालाका भोटेहरूले कुल गरी महामण्डलमा ठाना हाले । सो खबर सरकारमा आइपुगी पक्रन फौज पठाए । मुद्दा भोटेहरूलाई पक्रेर ल्याई कसैलाई शूली हाले, कसैलाई ठुन्ड्याए र कसैलाई काटी मारे ।

यी महाराजबाट धर्मकीर्ति के के भयो भने दिगर्चा लुटेर ल्याई ढुकुटीमा थन्क्याएको दौलतले नवकोटका श्रीभैरवीको देवालयमा सुनको छाना लगाइयो । फेरि ठूला पर्वमा सहस्र योगदानहरू भए । पंचलिंगभैरवका स्थानसमीपमा ब्राह्मण, अभ्यागत र गरीबगुरुवाहरूलाई बारंबार भण्डारा दिइयो । शनिवार शनिवार श्रीपशुपतिनाथमा धेरै दहिच्यूरा लुटाइयो । श्रीपशुपतिनाथमा दहिच्यूरा दिने सदावर्त पनि राखियो । ठाउं ठाउंका प्रजाहरू जम्मा गरी टुंडिखेलमा श्रीजगन्नाथजीको वृहत् देवालय बनाए । असंभव हुनाले भत्की सिद्ध भएन र फेरि अर्को बनाए । गजूर राखेको थिएन र त्यहां आगम राखन ललितपुर गाबहालका निर्जरानन्द पाध्याका हातबाट पूजा गराए । ती जगन्नाथको पूजाहारी पनि तिनैलाई गराउंला भनी नांगो गराई स्वामी

भनी नाउं राखे । पछि आगमदेवता ललितपुर पुलचोकका पूर्वपट्टि राखेको अहतक छदैछ । श्रीपशुपतिनाथका कवच जीर्णोद्धार गरी बनाए । श्रीगुह्यकाली, श्रीबज्रयोगिनी, श्रीचांगुनारायण, श्रीदक्षिणकाली, श्रीतलेजू, श्रीदिगन्तली र श्रीलुमडी यी सबै देवतालाई गुजराती बाजा चढाई महा-पूजा, सदाव्रतलगायत अनेक कृत्य गर्ने अनेक गूठी राखि-दिए । श्रीपशुपतिनाथमा पूर्णिमाप्रति महास्नान गर्ने गूठी राखिदिए । द्वरबारका अगाडि सुवर्णको ठूलो मूर्ति भएका भैरवको एक शिर बनाई इन्द्रयात्राका पूर्णिमाका दिनदेखि दुइ तीन दिनसम्म वारुणीधारा मुखबाट बहाई प्रजाहरूलाई सम्हेसमेत खुवाउने रीत गरी गूठी राखिदिए । दरबारकै अगाडि ठूलो नगरा र ठूलो घण्टा बनाई चढाए । राजा जयप्रकाश मल्लका पालामा बालाज्यूका धारा बनेकोमा यी महाराजबाट बीचमा एक ठूलो धारा बनाई बसाए ।

एक दिन श्री ५ महाराजबाट मिश्रपुत्रीलाई ल्याई दरबारमा भित्र्याएर रानी तुल्याई राखियो । दैवसंयोगले उनमा श्री ५ गीर्वाणयुद्धविक्रम शाह पुत्रको जन्म भयो । शास्त्र हेर्दा महालक्षण भएका राजा हुन योग्य ठहरिंदा महाराज बहुत खुश भए । नेपाली संवत् ९१८ साल श्रावण महीनामा ती पुत्रलाई राज्याभिषेक दिने मन गरी गुरुपुरो-हित र भारदारहरूसंग सल्लाह भयो । "हजुर छंदाछंदै अहिले केको हुडबड छ ? राजकुमारको उमेर पूरा भएपछि गादी बक्सिएला" भनी कसैले विन्ति गरे । कुनै भारदारले भने "हजुरको इच्छामाफिक 'गरिबक्सियोस्" भनी विन्ति गरे । यस्ता प्रकारका कुरा बराबर हुन्थे । यसै बीचमा कुनै भारदारले गादीको खलबल पर्ने कुराको उठान गरे । त्यसकारण यिनीहरूलाई पक्षी चौतरिया कुलचन्द्र शाह र पहलमान शाहीका छोराहरूलाई आंखा बन्द गरी काना तुल्याहदिए । त्यसपछि मेरा सजीवै राजकुमारलाई गादी र टीका दिनेपर्छ भन्ने मनले ठहराई विक्रम संवत् १८५६ शाके १७२१ नेपाली संवत् ९१९ साल फागुन शुदि २ का दिन श्री ५ महाराज रणबहादुर शाहबाट अठार महीनाका बालक पुत्र राजकुमार गीर्वाणयुद्धविक्रम शाहलाई राज्याभिषेक दिए । त्यसरी राज्य दिंदा भएको लालमोहर तामापत्रको बेहोरा यस्तो थियो:—

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधवीरुदावलि विराजमान मानोन्नत श्रीमन्महाराजा-धिराज श्री श्री श्री महाराज रणबहादुर शाहबहादुर शमशे-रजंगदेवानां सदा समरविजयिनाम् । आगे गुरु पुरोहित चौतारा काजी भारा थरघर प्रजा चार वर्ण छत्तीस जात गैह्रप्रति मैले राज्यको भोग जति गर्ने हो गरें, अब उप्रान्त संसार त्याग गरी परलोग सुधारनाका निमित्त देवतापर भक्ति लगाई तपस्या गर्दछु । राज्यका संभारलाई मेरा इच्छाले श्री कान्छीरानीतिरका पुत्र गीर्वाणयुद्धविक्रम शाह-लाई मेरा भरमुलुकको रजाइं गादी बक्सें । श्री गुरु पुरो-हित भारा थरघर प्रजा पञ्च चार वर्ण छत्तीस जात सबै गैह्र छोटा बडाले जस्ता तरहसंग आजमम्म मेरा हकुममा चली मानिरहेका थियौ, आज उप्रान्त त्यसको द्विगुणा गरी आफूले गरे लेखेको कबूल धर्म संझी निमकको भाउंदो गर्नाको बन्देज सवाल लेखिबक्सें ।

चौतारालेगर्ने काज:—

काजीहरूको जागिरी बहाली बर्खासी गर्दा जो घा घर सार्छ, कटक बिगार्छ उसैलाई श्री राजाका हजुरमा विन्ति गरी हुकुम लिई खोस्नू । निमकको साझो, बुद्धिमन्त, चतुर, शूरो, काजलायक, मन्त्रणामा पोख्त भएको मानिसलाई तजवीज गरी थामिने पगरीसित मतो गरेर श्री राजाका हजुरमा विन्ति पारी हुकुम लिई दर्शन गराउनू । काजी-हरूले निमक छाडी कामकाज बिगार्नामा पसे बुझी निश्चय ठहराएर श्री राजाका हजुरमा बिन्ति गरी हुकुम लिएर बिराउमाफिकको शासना गनू । ढुंगाको सप्रने, बन्ने कुरा हजुरमा पनि विन्ति गर्नू । काजी, भारालाई पनि बन्ने, सप्रने कुरो भन्नू ।

चार काजीले गर्ने काज:—

चौतारालाई मतोमा राखी चार काजीले घा घर सार्ने, कटकने जो परिआउदछ निमक र आफू आफूले लेखको तामापत्र संझी ढुंगाको बन्ने, सप्रने सब काम सल्लाहसित काज गर्दा रानीलेउ विन्ति गरी गर्नू । पूर्व पश्चिमका संभार र मुलुकका बन्दोबस्तलाई चार काजीका लायक भाइ भाइ दुइमा एकाले सरदारसमेत भई पश्चिम र एकाले सरदारसमेत भई पूर्व गई वर्ष २।२ का पालासंग बस्नू ।

श्री राजा जान्ने नहुन्जेल सबैले मिलिरहनू । पेटमा कत्ति कपट नराखी सबै मिलेर सुमवा भई काज गर्नू । दुखे—

बाहेक सबैले दरबार आई एकै कचहरी, एकै गोल भई परिआएको कुरो गर्नू । कचहरीबाहेक अन्त बसी फाटफूट भएर कसैले कसैसित कुरा नगर्नू । घरमा काज नभई काज छ भनी र नदुखी दुखेको छ भनी ढाँटी घर नबस्नू । भैयातसंग मिल्ने मतोजतो गर्नू । काज परिआएमा असल जातका भैयादसग लडाईको काजबाहेक अरू घरसारको काजमा मतोजतो नगर्नू । सुपाठ खेल्नेलाई कचहरीमा पनि राख्नू, काज पनि लाउनू । जे परिआएको काम जानी बुझी नलम्याउनू, चाँडो छुट्टी गर्नू । जोसुकैले होओस् बेश बढ्ने, आमदानी हुने र बढिया बन्ने कुरा गरे सानातिनाको कुरा पनि सुन्नू । चाँहिदो जारी गर्नू । निमकका सोझा बढिया बढिया अकलदार मानिसहरूलाई बढिया काम सिकाउनू । कचहरीमा पनि राख्नू । लेखे बाँधेका बन्देजमा नरही विराम गर्नेलाई श्री राजाका काममा काजी सरदारले अह्राएको नमान्ने भैयादभित्र पर्ने घरघर कुरा कागज हिंडाई राजिक गरी खेल मच्चाउने, लाएको काज छोडी उल्टो काज गर्ने, आफूसमा झगडा गरी स्वामितको बिगार्ने, आफ्ना देश र दरबारको छेदभेद बिराना मुलुकमा लेखपढ गर्नेहरूलाई र घूस खाने, अन्याय गर्ने, विचारीलाई तथा आएको काज नगर्ने, अरू अरू भित्र पस्ने, काफर सुबेदारहरूलाई काजीले चौतारालाई राखी ठहराई हजुरमा विन्ति पारेर विराम र जातविशेष हेरी काट्नेलाई काट्नू, धार्नेलाई धार्नू, मुड्नेलाई मुड्नू, आँखा झिक्नेलाई आँखा झिक्नू, देशनिकाला गर्नेलाई देशनिकाला गर्नू । चौतारा काजीहरूले पनि यति सबै कुराको संझना राखी बुझ विचार गर्दै रहनू ।

अरू कुनै नयाँ ठूला काज परि आउँदा गादीको बन्ने र सप्रने तथा पगरीलाई यश हुने कुरा भाराका संमतिले रानीको हुकुम सिएर आंटी गर्नू । मुलुक सब आवाद गराउनू । बढकरार थांमी कालाबन्जार बसाउनू । कुलो लाग्ने ठाउँमा खेत बिराउन लाउनू । मुलुक गुल्जार गराई रैयत राजी राखेर जम्मा बढाउनू । बिजाई र बढ्ता कलम चढाई रैयत पिराएर रकमै बिगार्नेलाई माल सबै सोखत गरिलिई हात काटेर नानातरहको शास्ती गर्नू । हरकारोवारी काजीले दरवारमा आफ्नो जिम्मामा राखू । चिठी रुक्का बारे काजीले जाँची मोहर गराउनू । श्री राजाको बन्ने सप्रने काजकुरो आफूले जानेबुझेसंम बोलविन्ति र बढिया काज गर्नू । जुन पगरीको जुन काम गर्ने अधिकार हो त्यो काज उसै पगरीबाट गराउनू । उसका हातबाट नपुगिआए काज पुऱ्याउन सक्ने लायकको मानिसलाई पगरी दिई काज लाउनू ।

अर्काको रकम काम दबाउन भित्र्याउन कसैलाई नदिनू । जति बाटा बन्द गरेका छन् त्यसमा अरू निका मानिस राखी झिकाइपठाएबाहेक अरू कसैलाई आउनजान नदिनू । कुनै नासीभागी जानेलाई जान दिए छोड्नेलाई काटिदिनू । कर्ता रानीको हुकुम लिई चौतारा काजी बसी पजनी गर्दा निमकको सोझो, शूरो, कसैसित मित्र नपसेको, राजैको भाउंदो गर्नेलाई थाम्नू । बखेडा गर्ने र काज नआउनेलाई खोसी बिराममाफिक काट्नेलाई काट्नू, धार्नेलाई धार्नू र शास्ती गर्नेलाई शास्ती गर्नू ।

सरदारले चार काजी र चौताराका सल्लाहसित अधिबमोजिम थरघर उमराउको पजनी गर्दा लायकको शूरो हेरी थाम्नेलाई थामी खोस्नेलाई खोस्नू । गढ गौंडा बनाइराख्नू । घरानियाँ जान्ने, बुझने र धर्म चिन्ने जाँचिएका मानिसलाई गौंडामा राख्नू । परिआएको सानो ठूलो काज चौतरिया काजीका सल्लाहले गर्नू ।

वल्लभ वैद्य, अज्ञवल्लभ वैद्य, राधावल्लभ वैद्य, एकदेव वैद्य, झिल्लीऊंकार वैद्य, सांढे वैद्य, भिलमहा वैद्य र आनन्द वैद्यले बिहान बेलुका रोजिन्दा २ बेर सब परिवारको नाडी हेरी संचोविसंचो विचार गरी व्यथाअनुसारको औषधी शास्त्र हेरी ठहराएर बनाई टक्र्याउनू । भान्सा, कोट, भण्डारमा पनि सुसारे केटाहरूलाई ज्यूनारलाई यस्तो चीज टक्र्याउने भनी उर्दी दिनू ।

सांढे वैद्यले आफ्ना कुलदेवतालाई चोखीनिती र भावभक्ति गरी नखुन्स्याएर प्रसन्न राखी मेरा परिवारको रखरक्षा गर्दै रहनू । देवता खुन्सिएका छन् र आउँदैनन् भनी रखरक्षा गर्नामा कपट राखी पछि सर्ने नगर्नू । सुत्न र भात खान पालोसंग जानू । अघिपछि सबैले हाजिर रहनू । आफूले आनेसम्मको पेटमा कत्ति कसर नराखी तरह तरहको बढिया भारी औषधी बनाउनू । पथकुपथको पनि विन्ति गर्दै रहनू । आफूसमा कपाल हालाहाल गरी औषधी ठहऱ्याउने र टक्र्याउन बेर गर्ने र चित्त लगाई औषधी नगर्नेलाई जातविशेष हेरी काट्नेलाई काट्नू, मुड्नेलाई मुड्नू, आँखा काट्नेलाई आँखा काट्नू ।

यस्तो बेहोराको संवत् १८५५ साल माघ शुदि १५

रोज ४ का मितिको भारदारहरूका नाउंमा भएको तामापत्र पनि श्री पशुपतिनाथका दक्षिणदरवाजामा टांसे । यसपछि श्री ५ स्वामी रणबहादुर शाहबाट केशरिया मोहर तुल्याई चलाइयो । यस अघि उनले २२ वर्षसम्म राज्यको भोग गरे ।

गीर्वाणयुद्धविक्रम शाह

यिनका पुत्र श्री ५ महाराज श्री गीर्वाणयुद्धविक्रम शाहको राज्य भोग वर्ष २० । यी महाराजका रानी सिद्धि-लक्ष्मीदेवी र गोरखाराजलक्ष्मी थिए । त्यसपछि महाराज रणबहादुर शाहले आफ्नो नाम श्री परम निर्गुणानन्द स्वामी भनी प्रख्यात गराए । आफ्ना रानीलाई पनि स्वामिनी कहलाए । नरदेवीका लम्बकर्ण भट्टका सन्तान विद्याकर भट्टसित पूर्णाभिषेक दीक्षा ग्रहण गरे । अनि देवपत्तनमा श्री पशुपतिनाथका शरणमा गई तीन महीनासंम उहीं वास गरे । त्यहाँ ठूलो बगैंचा बनाई श्री पशुपतिनाथलाई प्रीति-पूर्वक चढाए । सो बगैंचा बनाउँदा प्रजाहरूका बत्तीस घर मासिएको हुनाले त्यसको सट्टा अन्यत्र घरखेत र रुपियाँ सट्टा दिए । त्यहाँ साँढेहरूलाई पालनपोषण गरी बराबर लडाई तमाशा गर्दथे । वानरहरूले दुःख दिए भनी धेरै वानरहरूलाई र गिद्ध बिरालाहरूले अपशकुन गरे भनी गिद्धहरूलाई चारैतर्फबाट सिनु राखी झिकाएर अनेक तरहले शास्तीशासना गर्दथे र मार्दथे । स्वामिनीलाई रोग प्राप्ति हुँदा त्यहाँ निको भएन र देवपत्तन छाडी केही दिन पाटन-मा बसे । पाटनमा बस्दा पनि स्वामीज्यूको स्वभाव उस्तै हुँदा बराबर चारै दिशाबाट गिद्ध झिकाई तिनीहरूलाई नानाप्रकारको दुःख दिई मार्दथे ।

यही साल अश्विन वदि १२ रोज ६ का दिन स्वामी-ज्यू कान्तिपुर आई स्वामिनीको रोग निको होओस् भन्नाका निमित्त तीनै शहरका ब्राह्मण, अचार र गुभालहरूलाई बोलाई जप, पाठ, पूजाहरू गराए । साथै हजार गोदान पनि गराए । तैपनि स्वामिनीको रोग निको नहुँदा हरराज तेल पकाई त्यसमा कूचो चोभी वैद्यहरूलाई त्यही तेल छिट् केर शास्ति दिन्थे । ठाउँ ठाउँमा असंख्य धन खर्च गरी नानाप्रकारले पाठपूजा गराए । ब्राह्मण, संन्यासी र फकीर-हरूलाई दक्षिणा दिई पचलीका चौरमा तीन भण्डारासमेत खुवाए ।

तिनै ताका एउटाले "कालपुरुष जगाई दान गरे आराम हुन्छ" भनी विन्ति गऱ्यो । राजपुरोहितलाई "जगाउन सक्नु हुन्छ कि ?" भन्ने हुकुम भयो । उनले सक्दछु भनी विन्ति चढाउन सकेनन् । पाटन गाबहालका श्रीकण्ठानन्दोपाध्या-यलाई बोलाएर "अघि परम्परादेखि चलेको रीत जान्ने तिमीबाहेक अरू छैनन्, तसर्थ यो कालपुरुष तिमीले जगा-उनुपर्छ" भन्ने हुकुम भयो । उनले जगाउने कबूल गरी आफ्ना माहिला छोरा अमृतानन्द उपाध्यायलाइ विधि सिकाएर प्रतिष्ठा गर्न पठाए । मन्त्रका जोरले चार दिन प्रयोग गर्दैमा कालपुरुष जगाइदिए । स्वामीज्यूबाट कालपु-रुष जागेको नजर भयो र प्रतिष्ठा भयो भनी प्रयोग थमाई सरदार इन्द्रवीर बस्नेत पठाएर कुनै दक्षिणी भट्ट डाकी त्यो कालपुरुष दान दिए । ती प्रतिग्रह लिने भट्ट तुरुन्त अंगार घसे जस्ता काला भए । उनले कालपुरुषलाई लोटाउन सकेनन् । अनि ती भट्टका गुरु आई येपा वैष्णवीपीठमा लगेर आफ्ना मन्त्रका जोरले बल्लतल्ल आठ दिनमा त्यस कालपुरुषलाई लोटाई आफ्ना शिष्यलाई बचाए । स्वामी-ज्यूले कालपुरुष जगाएको खुशियालीमा अघि श्री ५ पृथ्वी-नारायण शाहबाट नेपाल प्रवेश गर्दा हरिदिएको कीर्तिपुर-को खेत ३ फोइदिए । पाटनका तलेज्यूको प्रतिष्ठा यिनैका पुर्खाबाट भएको भए तापनि पूजाहारी खोसिएको थियो । त्यो पनि ५५ साल भाद्र वदि ८ रोजमा फोइदिए ।

यस्ना प्रकारले हरेक किसिमबाट उपाय गर्दा पनि निको नभई व्यथा बढ्दै गयो र नेपाली संवत् ९२० साल कार्तिक शुदि ४ रोज ६ का दिन श्री स्वामिनी श्री पशुपति-नाथ आर्याघाटमा मुक्त भइन् । स्वामीज्यूले स्वामिनीज्यूको चोलो गलामा झुण्ड्याई तोपले हनाई मर्छु भन्दै भूमिमा पल्टी पल्टी बहुतै विलाप गरे । आफ्ना राज्यभरका प्रजा-हरूलाई मुण्डन गर्न लगाए ।

त्यसपछि स्वामिनीका विरहले चित्त स्थिर नहुँदा बरा-बर भ्रमण गरी ठाउं ठाउँमा नानातरहका कुकर्म गरे । पहिले कान्तिपुरका तुलजा भवानीका स्थानमा कसैलाई जान दिएनन् । पछि ती तुलजा भवानीलाई उखेली फाल्नू भन्ने हुकुम हुँदा खडानन्द बाहुन उखेल्न भनी स्थानका भित्र गए । त्यहाँ अन्धकार भई आँखाले तुलजादेवीलाई ठहरा-उन नसक्दा देवताहरूमध्ये एउटा मूर्ति उठाई ल्याए र त्यस मूर्तिलाई संस्कार गरी पर्याकिदिए । भादगाउंका वेतललाई

पनि बन्चराले चिरी नरककुण्डमा हालिदिए । करवीरमसानको पनि विध्वंस गरे । सिंभूकी बुढियालाई पनि गुहुको धूप दिई उखेली बिगारेर फ्याक्न लगाए । यस्ता प्रकारले धेरै ठाउँमा उपद्रव गरे ।

यसै साल आश्विन शुदि ३ रोज ४ का दिन पाटनका कैगुक्वाठमा बनाएका देवताका मूर्तिहरूलाई यात्रा गरी स्थापना गरे । यसै सालमा कुम्भेश्वरका लिंगमा खटिरा निस्कंदा यी स्वामीज्यूले नरक लेपन गरी पूजा बन्द गरिदिए । श्री ५ महारानीबाट थाहा पाउँदा पूजा चलाइदिइन् । त्यो खटिरा पाकी पीप निस्किरहेको देख्दा श्रीकण्ठानन्द उपाध्यायले विचार गरी खटिरामा बराबर इलाज लगाइदिए र महीनादिनमा निको गराए । यस्ता तरहले ठाउं ठाउंमा नष्टभ्रष्ट गर्नाको कारण के हो भने अघि स्वामिनीको रोग निवारण गर्नाका लागि देवदेवताको नानाप्रकारले पूजा गर्दा पनि निको नभई स्वर्ग्य भएकी हुनाले यी देवदेवताका पूजाले के हुने रहेछ र ? भन्ने संझी आफ्नी अति नै प्यारी स्त्रीरत्न हरण भएका विरहले मनमा रिस लिई विध्वंस गरेका हुन् । संसारी भएपछि छोटा बडा सबै प्राणीले ईश्वरले जस्तो अवस्था पारे पनि त्यस अवस्थामा रहनैपर्ने रहेछ । चीन र फिलंगीलाई धक्का दिई अरू चारै दिशाका राजाहरूलाई जिती राज्य गर्ने यस्ता पराक्रमी यी राजाले पनि आफ्नी प्राणभन्दा प्यारी स्त्रीरत्न जांदा केही नलागेर त्यसै रहनुपऱ्यो । त्यसपछि यी स्वामी महाराजले स्वामिनीका नामले सबै प्रजाहरूलाई भोज खुवाए । अघि बनाएको जगन्नाथको देवल अग्लो भएन भनी भत्काएर फेरि बनाउन लगाए । पाटनका कुम्भेश्वरको धारा बन्द भइरहेको हुँदा खोलिदिए ।

यसै साल वैशाखमा मत्स्येन्द्रनाथको रथ डल्यो । यिनै ताका श्री ५ महाराज गीर्वायुद्धविक्रम शाहलाई भारदारहरूले मतोजतो गरी नवकोटमा पुऱ्याए । स्वामीज्यू पनि भेट्न बराबर जान्थे । यसै बीचमा चैत्र वदि ७ का दिन "श्री स्वामीज्यूलाई पक्की बन्धनमा राख्ने भन्ने महारानी-प्रभृति भारदारहरू जम्मा भएर सल्लाह गरी धर्मपत्र गरेको मैले देखें" भनी नवकोटबाट रातारात गरी आएका बलभद्र शाहले स्वामीज्यू बसेको ठाउं पाटनमा पुगी सबै विस्तार गरे । अनि त्यस्तो खबर सुन्दा स्वामीज्यूले बहुतै क्रोध गरी पाटन शहरका सबै प्रजाहरू विष्णुदेवालयमा जम्मा गरे । "प्रजा हो ! भारदारहरूले मलाई समाती नेल ठोक्ने आंट गरे भन्ने खबर आयो । मेरो पुत्र बालक छ । रानी स्त्रीको जात । यस्ता बखतमा मलाई यस्तो गर्न इच्छा गर्ने यी सबै साइंधुवा हुन् । अब मैले उनीहरूसित युद्ध गर्नुपऱ्यो वा काशी जानुपऱ्यो । अब यस्ता बखतमा तिमीहरू मलाई गुहार दिन्छौ कि काशी जान बिदा दिन्छौ ?" भन्ने हुकुम भयो । प्रजाहरू सबैले एक बोल गरी "हजुरको गर्धन तल, हाम्रो गर्धन माथि पारी मद्दत दिन्छौं" भनी विन्ति गरे । स्वामीज्यूले लडाई गर्ने इच्छा गरी 'आफू फेरि म राजा भएं" भनी पाटनमा बसी पजनी गरे । अघिको सब पजनी उल्टियो । अनि कान्तिपुरमा रहेका खरखजानाहरू सबै ढिकाई पुलचोकमा एक गढ र पकनाजोलमा एक गढ बनाए । आफू पुलचोकमा बसेर कम्पनी जमाई प्रजाहरूलाई खातिरजामा दिए । जो भएका भारदार र काजीहरूलाई धर्मपत्र पनि लेखाए । वैशाखका पूर्णिमाका दिन श्री स्वामीज्यू र श्री जेठामहारानी भई आफ्ना नामले मोहरमा टक मारी चलाए पनि । त्यस बखतमा प्रजाहरूलाई पोता साहपाल आदि गरेका बाईस रकम माफ दिए । फेरि स्वामीज्यूबाट थूम थूमका अमाली द्वारेका नाउँमा यस्तो मोहर पनि गयो ।

आगे तिमीहरूका अम्बल अम्बलका जागीरे, ढाक्के सिपाहीले ढाल, तरवार, घन, बर्छा, बन्दूक, पंचहतियार लिई र सिपाहीबाहेक ब्राह्मण, प्रजा, योगी, संन्यासी, चार वर्ण, छत्तीसै जातले कोदाला, बन्चरा लिई वैशाखका १९ दिन जाँदा शहर पाटनमा आइपुग्नू, नआए अपसरिया हौला, सर्वथा सर्वथा भन्ने बेहोराको ५७ साल वैशाख शुदि १ रोज ५ का दिन ठाउं ठाउंमा उर्दीको लालमोहर पठाए । अनि चौतरिया बलभद्र शाह, चौतरिया विदुर शाह, काजी प्रतिमन राना, काजी जहरसिंह, काजी रणकेशर पांडे, सरदार कालु पांडे, सरदार अम्बरसिंह थापा र सरदार भैरवसिंह यति ९ जनालाई दस्तखत गरी ठाउं ठाउंमा पठाए ।

फेरि ५७ साल वैशाख वदि १३ रोज २ का दिन "शार्दूलजंग कंपनीका जमादार, हवलदार, अमलदार, कोते, मेजर, अजिटन, सिपाही गैह्रके आशीष उप्रान्त श्री स्वामीज्यूलाई मानेको छ । श्री नानी गीर्वाणयुद्धविक्रम शाहको र हाम्रो भलो चिताउंछौ त हाम्रो रुक्का देखत सामेल हुन

आऊ, श्री स्वामिज्यूपछि खेली कुल्याहा भारदारहरूलाई र तिम्रा कम्पनीका सुवेदारलाई राजा मान्यौं भन्छौ त हांक पारी पठाऊ" भन्ने शार्दूलजंगलाई र अरू ठाउं ठाउंमा समेत श्री जेठामहारानीबाट रुक्का गयो। यसै दिन पुरानाश्रीनाअका नाउंमा पनि 'श्री मेहर, शार्दूलजंग र सिंहनाथ जहाँ छिकाएको छ, तिमीहरू त्यहाँ रहनू। नानीको संभार गर। वैशाखका दिन २० मा आउला। त्यहाँ रहने मानिसहरू घटिया छन्, नानीको संभार बहुत तरहसित गर्नू। रातदिन हरबखतको खबर विनति गरी पठाउने काम गर। खातिरजामासंग रहनू सर्वथा" भन्ने बेहोराको यिनै महारानीबाट रुक्का गयो। यस्तै तरहसित खबरदारी र होशियारी गरी लड्नाको तयारीमा थिए। नवकोटका प्रजाहरूलाई पनि खातिरजामाको बेहोरा लेखी पठाए। भारदारहरूले नवकोटबाट आई जितपुरमा ठाना बनाएर चौकी राखे। श्री ५ माहिलामहारानी मात्र नवकोटबाट पाटनमा आइन्।

यता स्वामीज्यूले भने पटनाबाट ल्याएकी रानीलाई विवाह नगरी त्यसै दरवारमा भित्र्याए। अनि पाटन चौकोटमा बसेका प्रजाहरूलाई जम्मा गरी पुलचोकमा गढ बनाएर ठाउं ठाउंमा तोप छानी लड्ने तयारी गरे। त्यसै दिन सबुज कम्पनी पनि खटिई कान्तिपुरमा गयो।

अकस्मात् स्वामीज्यूको मनमा अर्कै विचार आयो। "बाबु र छोरा लड्नु धिक्कार हो। हामी भारदारहरूका खेलमा पऱ्यौं। अब यहाँ बस्नु ठीक छैन" भनी संवत् १८५७ साल वैशाख शुदि १० रोज ५ का दिन ७ घडी रात जांदा पुलचोकका महलबाट उठी दरवारमा रहेका रानीहरूलाई समेत खबरै नदिई आफ्ना साथमा हरदम रहने भीमसेन थापाहरूलाई साथमा लिएर टेकरको बाटो गरी श्री स्वामीमहाराज काशीतर्फ लागे। महारानी १ र भित्रिनी ३ जम्मा ४ स्त्रीहरू रातारात गरी उनका पछि पछि गए। ज्येष्ठ शुदि ५ का दिन काशीमा पुगे। त्यहाँ रहँदा बस्दा सब कामकुरा र बातबेहोरामा भीमसेन थापाले रिझाएका हुनाले उनलाई ५९ सालमा मुखत्यारी काजी मान दिए।

यता वैशाख शुदि ११ का दिन भारदारहरूले नवकोटबाट श्री ५ महाराज गीर्वाणयुद्धविक्रम शाहलाई कान्तिपुरमा ल्याई राखे। तीन शहरका प्रजाहरूलाई जम्मा गरी नाचगान गर्दै श्री ५ माहिलामहारानीलाई पनि सिन्दूरयात्रा गरी दरवारमा भित्र्याए। यिनै श्री ५ माहिलामहारानीले हुकुम चलाएर परपजनी गरिन्। सुकीमा आफ्ना नामको टक चलाई सबै भारदारहरूको तैनाथ पनि लिइन्। तिनै ताका ब्राह्मणहरूद्वारा नन्दिकेश्वरलाई जगाई देवालय बनाएर सदावर्त गूठी पनि राखिन्। गोरखनाथ आदि सबै देवताका स्थान स्थानमा घण्ट चढाई पूजामान्यता पनि भयो। सुबुद्धि नाम भएकालाई पहिले डिट्ठा दिइयो। पछि रिझाउंदा काजी मानसंम पनि दिइयो।

यसै सालमा काजी कीर्तिमानसिंह बस्नेतले काजी चौतरियादेखि चिरुवादारसंमका सब रकमकलम पजनी गर्दा दुःखले सहन नसकी भारदारहरूले चौतरिया शेरबहादुर शाहसंग मतो बाँधे। रात्रीमा एकान्तको मुलाकात गरी फर्कंदा हात्तीसारका चोटानेर काजी कीर्तिमानसिंह बस्नेतलाई मारे। त्यस कुरालाई लिएर विनाहुकुमले भारदारहरूले जालमा पारी कीर्तिमानसिंहलाई मारे भनी माहिलामहारानी अत्यन्त रिसानी भयो। भारदार सबैलाई पत्री नेल ठोकेर न्हुछेका चोकमा बन्द गरी ढोका ढोकामा तोप छानेर भारी कचहरी भयो। निरूपण गर्दा जालमा रहने पस्ने ठहरिएकालाई कसैलाई झुण्ड्याई, कसैलाई शूली हाली र कसैलाई काटी मराए। जालखेलमा नपसेका भारदारहरूलाई अदप गरी छाडिदिइयो। त्यसपछि मजबूती मुखत्यारी काजी दामोदर पांडेले पाए।

उता स्वामीज्यू चार वर्षसंम काशीमा राज गर्दा साथमा चौतरिया प्राण शाह, काजी भीमसेन थापा, काजी दलभंजन पांडे, काजी बालनरसिंह कुवर, खजांची उदय गिरी र एकदेव पाध्याहरू थिए। काजी भीमसेन थापामाथि श्री स्वामीज्यू बहुतै रिसिनुहुँदा "आज अघि जानी नजानी गरेको काम सब तक्सीर मारीमेटी माफ गरिबक्स्यौं। पछि तक्सीर नगरी अघिको खत देखाई तिम्रो ज्यू धन हर्नामा नपस्नू। मेरो घर गर्दामा तिम्रो मिहिनतमाफिक मानमरातव रीझ बक्सौंला। यो लेखेको धर्मपत्र मैले नथामे श्री पांचायनदेवता, श्री विश्वेश्वर, श्री अन्नपूर्णा, श्री विन्ध्यवासिनी, श्री शंकटा, श्री सिद्धेश्वर र श्री कालभैरवको कुदृष्टि। मेरा बिसासय पुरुखा विष्टाका कीरा होऊन्। धर्म थामे बिसासय पुरुखा स्वर्गवास होऊन्। ६० साल फागुन वदि ७ रोज ५ मुकाम बनारस शुभम्।" यस्तो

मोहर गरिदिए ।

यता नेपालमा चौतरिया शेरबहादुर शाह र काजी दामोदर पांडेप्रभृति सबै भारदार एकट्ठा भई 'श्री स्वामीज्यूलाई बनारसमै राखेर जिल्ला जिल्लाबाट खर्च पठाइदिनू, नेपालमा ल्याउन हुँदैन" भन्ने मतो गरे । "नक साहेब अंग्रेजलाई सालबसाल पचास हजार रुपियाँ ढुकुटीबाट दिनू, कीर्तिपुरमा कोठी राख्न पनि दिनू" भन्ने यारदास्त आउंदा सो कुरा गर्नैपर्ला भनी नक साहेबसंग गठ बाँधिसकेका थिए । अनि भैभारदारहरूले सल्लाह गरी श्री गुह्येश्वरीमा गएर कुण्डमा हात हाली धरोधर्म गरे । काजी त्रिभुवन पांडेले "यो कुरा गर्नु बढिया छैन" भनी राय पेश गरे । अनि सबैले "खबरदार, तिमी एकला भयौ" भनी हप्काए । "मेरा गर्धनमा तरवार नपरेसम्म धर्म भयो" भनी उनले कबूल गरे ।

नेपालमा यस्तो जालसाज भएको खबर श्री स्वामीज्यूलाई केही पनि थिएन । श्री स्वामीज्यूले नेपाली संवत् ९२१ सालमा जेठामहारानी र चौतरिया बलभद्र शाहलाई "तिमीहरू नेपालमा गई के के अवस्था रहेछ, बुझ र लेख । तहकित हाल बुझ्न नगई भएन" भनी बिदा गरी पठाए । उनीहरूले मकवानपुरसंम आई वास गरे ।

यो खबर नेपालमा पुग्यो । "महारानी र चौतरियालाई नेपाल आउन नदिई उतैबाट फिराइदिनू" भन्ने उर्दी दिई कम्पनी खटाई पठाए । कम्पनी पुग्दा उनीहरूलाई त्यस ठाउंबाट उठाउन सकेनन् र आखिर यिनै कम्पनी खटाई कटहरवनसम पुऱ्याउन पठाए । केही महीना बस्दा चौतरिया बलभद्र शाह त्यहीं परलोक भए । अनि महारानीले "अघसंम नेपालमा गएनम् भनी रिसानी भएको होला, अब जानुपऱ्यो" भन्ने विचार गरी जान खोज्दा कम्पनीले "हुकुम छैन" भनी बन्दूक खुताइदिए । "मेरो राज्य, मेरा छोरासंग जान किन पाउंदिन ?" भनी रिसानी भई बन्दूकैमा कुल्ची महारानीको सवारी भयो । अनि तिलंगाहरूले विचार गरे:– "यी जगन्माता हुन् । भारदारका जालसाजमा लागी हामी पनि निमकहरामी हुनु छैन" भन्ने सल्लाह गरी कहारहरूलाई मियाना बोकाएर महारानीको सवारी नेपाल पुऱ्याए । नेपालमा सबै दुनिया र भारदारहरू जम्मा भई सिन्दूरयात्रा गर्दै महारानीलाई प्रवेश गराए ।

यसै दिन श्री ५ महाराजलाई लिई माहिलामहारानी देवपत्तनमा गई बसेकी थिइन् । नेपालको जालसाजको कुरो स्वामीतर्फ लागेका भारदारहरूले महारानीलाई सबै विस्तार गरे । यिनै भारदारका सल्लाहले आफैं महारानी देवपत्तनमा गई महाराजलाई ल्याएर दरवार प्रवेश गराइन् । माहिलामहारानीलाई चांदीका नेल ठोकी राखियो । यहाँ भएको तहकित समाचार काशीमा अर्जी चढाई पठाइयो । पत्र पुगेपछि श्री स्वामीज्यूबाट नजर भयो । अंग्रेजका बडासाहेबसंग मुलाकात गर्दा नेपालतर्फबाट अघिनै नक साहेबसंग बन्दोबस्त बांधिसकेको हुनाले कुरा नमिल्दा झन् नराम्रो भयो । फिरेपछि आफ्ना साथमा रहेका भारदारहरूलाई समाचार सुनाए । "अब म फर्कन्छु, मेरा साथमा लाग्ने भारदार को को छौ ?" भन्ने हुकुम भयो । स्वामीज्यू दिकदार हुँदा भीममेन थापाले अघि सरी "हजुरलाई ईश्वरका मेहरले नेपाल हुन्यैछ । किन सुर्ता लिनुहुन्छ ?" भनी विन्ति गरे । स्वामीज्यूको चित्त बुझ्ने कहारहरूलाई धेरै मजदूरी र इनाम दिई स्वामीज्यूको सवारी चलाए । अंग्रेजका गफमा परेका स्वामीज्यूलाई कसैले होश नपाउने गरी रातारात गरेर पांच दिनमा कटहरवनसंम ल्याइपुऱ्याए । त्यहाँबाट पनि स्वामीज्यूको सवारी नेपालतर्फ चल्यो ।

यो खबर नेपालमा रहेका भारदारहरूले थाहा पाए । अब स्वामीज्यूले हामीलाई राख्दैनन् भन्ने विचार गरी थानकोट आइपुग्ने दिन पुरानाश्रीनाथ र कालीबक्स दुइ पल्टन साथमा लिई सवारी लिन गएको बहानाले अवसर परे पक्री कैद गर्ने मनसाय लिएर काजी दामोदर पांडे हात्तीमा चढी थानकोट पुगेका थिए । अरू भारदारहरू पनि सवारी लिन गएका थिए । चन्दागिरिका धुंकामा राज भएर श्री स्वामीज्यूबाट नजर भयो । काजी दामोदर पांडे दुइ पल्टन साथमा लिई बसेको देख्दा "तिमी पापीहरूले गर्दा म यस महिषासुरका हातमा परें" भनी आफ्ना साथमा रहेका भीमसेन थापाहरूलाई गाली गर्दै रिसानी भयो । तलतिर किन नजर हुन्छ ? श्री पशुपति र गुह्येश्वरीतिर नजर होओस् । तरवारका जोरले जाउंला भनी विन्ति गरी भीमसेन थापाप्रभृति सबैले हातमा नंगा तरवार लिई मियानामा चढाएर श्री स्वामीज्यूको सवारी चलाए । चन्दागिरिको आधाबाटामा आइपुग्दा चौतरिया शेरबहादुर शाहले भेटी दर्शन गरे । कुशलवार्ता गर्दै सबारी थानकोटमा आइपुग्यो । थानकोटमा रहेका पल्टनहरूलाई डाकी "तिमीहरू निमकको सोझो गर्ने हौ कि होइनौ ?" भन्ने

हुकुम भयो । "हामीहरू निमकको सोझो गर्ने हौं, जो हुकुम" भनी पल्टनले विन्ति गरे । "श्याबास, त्यसो भन्छौ भने लौ त्यो दामोदरलाई बांधी ल्याऊ" भन्ने हुकुम भयो । हुकुम हुनेबित्तिकै काजी दामोदरलाई ल्याई हाजिर गराए । त्यहाँबाट सरासर आई ६० साल फागुन महीनाको २१ गते नेपाल (काठमाडौं) उत्रौ लुमडीका नजीक टुंडिखेलमा पाल टांगी राज भयो । आफ्ना साथमा आएका काजी भीमसेन थापाप्रभृति भारदारहरू सबै साथैमा रहे । अनि निमकहरामी छुट्याई सजाय दिइयो । काजी दामोदर पांडे-प्रभृति धेरै काटिए । यिनका छोरा करवीर पांडे, रणजंग पांडे, रणदल पांडेहरू भागे । भारदारहरूका जालमा पसेकी माहिलामहारानी विद्यालक्ष्मीलाई हेलमुगाउंमा पठाए । चौतरिया शेरबहादुर शाह, काजी त्रिभुवनप्रभृति भने आ-आफूले गरेको मतलब जाहेर होला भन्ने दहशतैमा थिए ।

तिनै ताका नेपालमा शीतलारोग आउंदा श्री स्वामी-ज्यूले आफ्ना पुत्र गीर्वाणयुद्धविक्रम शाहलाई शीतला होला भन्ने डरले नेपालमा कुनै पनि बालक राख्न दिएनन् र धेरै प्रजाहरू पूर्व र पश्चिमतर्फ लागे । फेरि ब्राह्मणको कुश कस्तो हो भनी मूढे थापा, विश्राम खत्री र सांढे दाहा-लहरूलाई अख्तियार गरी पठाएर थूम थूममा जांची यसै उसै कुशही विशही गरी ६२।६३ सालमा ब्राह्मणको बिर्ता र देवदेवताका जगा जफत गरी पल्टनका जागीरमा भर्ना गरे । पश्चिम दिशा कांगडाकोटका राजा संसारचन्द्रलाई धक्का दिई मुलुक जितेर हुकुम चलाइरहेका अवस्थामा भैंमाले आदि सबै दुःखी ब्राह्मणहरू आई हात जोरी पुकारा गर्न लागे:– महाराज,

न विषं विषमित्याहुर्ब्रह्मस्वं विषमुच्यते
विषमेकाकिनं हन्ति ब्रह्मस्वं पुत्रपौत्रकम्

यो श्लोक पढी धेरै कुरा देखाएर विन्ति गरे । केही नलाग्दा त्यसै फर्की गए । यी राजाले पहिल्यै सुनका मुद्रा बनाई भरमुलुकमा चलाएका थिए ।

यिनै ताका काजी त्रिभुवन थापालाई भारदारहरूका एकोहोरो कुराले कटाउन पठाएका थिए । "महाराजसंग एउटा कुरा विन्ति नगरी नहुनेछ" भनी विन्ति गर्न उनले पठाए । श्री स्वामीज्यूबाट झिकाई "के कुरा हो भन्" भन्ने हुकुम भयो । उनले "एकान्त पाऊं" भनी विन्ति गरेपछि "तँलाइ के एकान्त चाहिन्छ ? भन्" भन्ने हुकुम भयो । "अघि भारदारहरूले नकसाहेब अंग्रेजलाई ढुकुटीको पचास हजार रुपियाँ र कीर्तिपुरमा कोठी राख्न दिने कुरा उठान गरेको" यति कुरा उठान गर्नेबित्तिकै श्री स्वामीज्यूले 'यस त्रिभुवनलाई नमार" भनी छाडिदिए । भोलिपल्ट यस विषयमा त्रिभुवनकै घरमा कचहरी गर्ने उर्दी दिई श्री स्वामीज्यू सुकला भयो ।

भोलिपल्ट बिहान अकस्मात् शहरका बीचको बाटो गरी एक जंबूक दक्षिणढोकाबाट आई बेंगले मूलबाटाबाट कुदै उत्तर दिशाका ढोकाबाट निस्की बाहिर गयो । यो एउटा कुलक्षणको सूचक थियो । त्यसै रात्रीमा त्रिभुवनका घरमा कचहरी गर्ने उर्दी हुनाले सबै भारदार पुगेका थिए, चौतरिया शेरबहादुर शाह मात्र पुगेका थिएनन् । त्यसै बखतमा काजी भीमसेन थापालाई "रणउद्योत शाहका भान्सामा भात खान जाऊ" भन्ने हुकुम भयो । "यस्ता कुल्याहासंग कौसीमा कचहरी गर्न हुँदैन । चोकमा तिनी-हरूलाई राखी हजुर ऊयालमा राज भएर कचहरी होओस् । अहिले म भात खान जान्न, कचहरी भइसकेपछि जाउँला" भनी काजी भीमनेन थापाले विन्ति गरे । अनि स्वामीज्यू रिसानी भई "त्यस पाजीले के गर्ला ? तँ भात खाई चाँडै आइज" भन्ने हुकुम भयो र जिद्दी गरी पठाइयो । काजी भीमसेन थापा भात खान गएका मौकामा चौतरिया शेर-बहादुर शाह कचहरीमा आई सामेल भए । श्री स्वामीज्यू-बाट नजर हुंदा "तँ भैयाद होइनस्, निमकहराम चण्डाल पो रहिछस्, पाजी ! त्रिभुवनले के भन्छ, सुन् । तँलाई अहिले पोडेका हातमा सौंपिदिन्छु" भनी बहुतै रिसानी भयो । चौतरिया शेरबहादुर शाहले "पोडेलाई सौंपिदिन्छौ त ?" भनी तीनफेरा भने । चौतरियाले जामाभित्र कटी-तरवार लुकाई ल्याएका रहेछन् र आफ्नो सालालाई पनि तरवार दिई छिडीमा राखेका रहेछन्, सो कुरा कसैलाई थाहा थिएन । उत्तिखेरि चटाकसंग श्री स्वामीज्यूका गाथ-मा तरवारले हानी मैनबत्तीमा लात मारेर कौसीका पर-खालमा चढी भाग्न तयार भएका थिए । श्री स्वामीज्यूका गाथमा तरवार पर्नेबित्तिकै "के हेर्छस् बाले, शेरले मार्यो" भन्ने हुकुम भयो । काजी बालनरसिंह कुवरले तुरुन्त शेर-बहादुरलाई फेला पारी छप्काएर मासु गिंड गिंड पारी नर-कमा हालिदिए । उनको तरवार पनि टुका टुका गरी लोप गराइदिए । शेरबहादुरको सालो पनि मारियो । श्री

स्वामीज्यूलाई घा लागी हाहाकार हुँदा बम शाह चौतरिया-लगायत सबै भैभारदार जम्मा भई जल्दाजल्दीसंग श्री पशुपतिमा पुऱ्याए । संवत् १८६३ साल वैशाख वदि ७ रोज ७ का दिन श्री स्वामीज्यू प्रभु रणबहादुर शाह स्वर्ग भए । हेल्मु पठाएकी रानी विद्यालक्ष्मी नौ दिनका दिन आई सती गइन् । यी रानीका साथमा चौद्ध केटीहरूले समेत अनुगमन गरे ।

यता काजी भीमसेन थापाले श्री स्वामीज्यूको खबर पाउनेबित्तिकै भात खाएको हातसमेत नचुठी भान्सैबाट काजी त्रिभुवन, रणजित् पांडे र अरू भारदारसंग सल्लाह गरी 'यो खबर ठाउं ठाउँमा लेखी पठाउनुपर्छ । मसौदा गर्न तिमी काजी त्रिभुवन पांडे सिपालु छौ, यहीं बस । राजाको संभार गर्न म दरवारमा जान्छु" भनी भीमसेन थापाले अह्राए । अनि रणजित् पांडे देवानलाई साथमा लिई काजी भीमसेन थापा दरवारमा पुगे । बिकुल लगाउन लगाई श्रीनाथ र कालीबक्स दुइ कम्पू सामेल गराए । एक पल्टन दरवारमा घेरा पहराको निति राखी एक पल्टन नासलचोकमा राखे । श्री ५ महाराज गोर्वाणयुद्धविक्रम शाहलाई काखमा राखी श्री स्वामीज्यूका बडामहारानी त्रिपुरसुन्दरीको हुकुम लिएर रणजित् पांडे देवानको सहायता लिई जुन जुन कुल्याहा हुन् उनीहरूलाई कम्पूको सिपाही खटाएर पक्रन पठाए । ४०।५० जनालाई ल्याएर भंडारखालमा मारिदिए । सर्वस्व लिनेको सर्वस्व लिई र र धपाउनुपर्नेलाई धपाई कुल्याहाहरू साफ गरे ।

गोर्खाधिपः पर्वतचक्रवर्ती सामात्यसेनापरिधीसमेतः ।
प्रियानुजेनाभिहतः सभायां बलीयसी केवलमीश्वरेच्छा ।
शाके वारणबाहुवाजिविधुभिर्हीनेसिते माधवे
मासे भानुतिथौ गुरौ दशघटीकल्ये।त्रियामाक्षणे ।
दुर्मन्त्रोत्थकुतर्ककर्कशगिरं निष्पाद्य गोष्ठीमुखे
हा कष्टं ! सचिवैर्निजैरणबहादूरः क्षितीशो हतः ।
हेल्मुग्रामनिवासितापि सचिवैः श्री राजराजेश्वरी
साध्वी सा नवमेह्नि गोद्विजवरान्संपूज्य पुण्यक्षितौ ।
भर्तुर्दुर्गतितः समुद्धृतिमना वह्नौ स्वदेहाहुतिं
कृत्वा स्वर्गमियाय तामनुगताः शश्वोन्मिताश्चेटिकाः ।

कहीं यस्तो पनि लेखिएको देखिन्छ ।

यसपछि काजी भीमसेन थापालाई श्री ५ महाराज गौर्वाणयुद्धविक्रम शाहबाट बुबाज्यूबाट बक्सेको सबै कुरा थामी भरमुलुक जंगी निजामती गैह्रको मुखत्यारी दिए । यी महाराजका राज्यकालमा अघि बुबाज्यूका पालामा धपाएका बालकहरूलाई फेरि बोलाई आफना घरमा बस्न दिए । यी राजा अतिशान्तमति, दयासंयुक्त, वैष्णवधर्ममा प्रवृत्त, गोब्राह्मणपूजक र शास्त्रपुराणमा भक्ति भएका हुनाले सदा हिमवत्खण्डको अर्थ सुन्थे । शिवरात्रीका दिन व्रत गरी दक्षिणदरवाजामा सवारी भएर देवपत्तनका सब रकम संकल्प गरी श्री पशुपतिनाथलाई चढाए ।

यिनैका पालामा पश्चिम गढ हान्नाको हुकुम हुंदा मुख्तियार काजी भीमसेन थापाका तजबीजबाट भैभारदारहरू खटिई गए । लडाईका दलमुखी काजी अम्बरसिंह थापा, कौशलिया सुब्बा हस्तदल शाही, काजी रणधीर बस्नेत, सरदार रणजित् कुवर, सरदार भक्ति थापा, सरदार अंगद घले र नयां पुराना गोरख २, बरख १, रामदल १, रणबमदल १, जम्मा चांच कम्पनी सल्यानको कम्पनी १, डोटीको कम्पनी ५, रणशाहदल १, ज्वालादल १, कुमाऊको कम्पनी ७, गढमा जमेको कम्पनी १५ र नयां जमेको कम्पनी १० जम्मा कम्पनी ४५ तथा अरू उमराउले ल्याएका र ढाक्रे जागीरे गरी भारी लश्कर कुमाऊमा सामेल भए । भारदारहरूले जगा जगामा कम्पनी कुहुवा राखे । कुमाऊमा उहांका काजी रणजोर थापा र कप्तान रणवीर खत्रीसमेत पांच कम्पनी कुहुवा राखे । अरू भारदार, कम्पनी, ढाक्रे र जागीरेको भारी लश्कर पिउननदी तरी बोधनका बाटाबाट गढ हान्न गए । मन्दाकिनीका तीरमा गढको काजी सिसराम र दलवीर राणा भारी फौज लिई बसेका थिए । त्यहां भारी लडाई हुंदा गोरखातर्फबाट जिती मन्दाकिनी तरे । सिसराम केही फौज लिई खाईको बाटो र दलवीर श्रीनगरको बाटो भागे । त्यस वेला गोरखाका फौज पनि दुइमुख भए । पांच कम्पनी फौज लिई सरदार भक्ति थापा सिसरामका पछाडि दपेटदै गए । चिल्ला भैरीका लेकमा सिसरामसंग भेट भई लडाई हुंदा काजी सिसरामसमेत ५०।६० जवान मारिए । गोरखाका २०।२५ परे । यसरी खाई जिती भक्ति थापा फिरे । गोरखाका अरू लश्करले श्रीनगर सर गरी काजी रणवीरसिंह र सुब्बा हस्तदल शाही केही लश्कर लिई श्रीनगरमा बसे । अरू सब लश्कर अलकनन्दा तरेर राणीहाटको बाटाबाट गई चन्द्रवदनीमा खलंगा हाल्न पुगे । त्यहांबाट देवप्रयागमा पुगी भागीरथी

गगा तरेर कोइतिमालकोटको बाटाबाट गई गुरुद्वारमा खलंगा हाले । गढका राजा प्रतिमन शाही, चौंतरिया पराक्रम शाह, चौतरिया प्रीतम शाह, वसवन शाह, उनका सुब्बा हरिहरसिंह र मोहनसिंहसमेतका भारी फौज लिई खेडाको बाटाबाट भागेर सारंगपुरमा पुगे । साहेब सुदर्शन शाह हरिद्वारमा पुगे । खेडाघाटमा ठूलो आड पारी केही लश्कर लिएर दलवीर राना बसेका थिए । तिनलाई हान्न भनी सगुता सल्यानी सरदार धनवीर शाही आफ्नो १ कम्पनी र अरू तीन कम्पनी जम्मा चार कम्पनी लिई जाइलागे । खेडाघाटमा ठूलो लडाई हुंदा कटक बिग्न्यो र गोरखाली लश्कर गुरुद्वारमा फर्के । फेरि सरदार चन्द्रवीर कुवर र ३ कम्पनी फौज धामागढीमा राखी अरू सबै लश्कर साथमा लिए काजी अम्बरसिंह थापा र अंगद घले खेडा-घाट हान्न पुगे । त्यहां ठूलो लडाई हुंदा वैरीका १०।२० र गोरखातर्फका पनि १०।२० परे । जित गोरखाको हुंदा वैरी मागे । अनि गोरखाका लश्कर नालापानीमा खलंगा हाली ठाना बारेर बसे ।

तिनै ताका गुंजरले ११ हजार नालसमेत मद्दत दिंदा सो फौज लिई गढका राजा गोरखालीताई हान्न आउंछन् भन्ने खबर आयो । अनि सबै ठाउंका गोरखाली लश्कर एकै जगामा सामेल भएका थिए । गुजरका एघार हजार फौज र आफ्ना फौजसमेत लिई गढका राजा प्रतिमन शाह, उनका चौतरिया पराक्रम शाह, चौतरिया प्रीतम शाह, काजी मोहनसिंह र हरिहरसिंहहरूले ऊंटमा सवार भएर आई धामागढीमा कुह्रुवा रहेका गोरखातर्फका सरदार चन्द्रवीर कुवरसमेतका तीन कम्पनी फौजलाई घेरा दिए । त्यसका ५।७ दिनैमा गोरखाली सब फौज धुंरगमा ऊरी सरदार भक्ति थापा पुरानागोरखका सुबेदार शमशेर राणा समेतको फौज लिई पश्चिमतर्फबाट चढे । काजी अम्बरसिंह थापा, सरदार रणजित् कुवर र सरदार अंगद नयांगोरख, रामदल र अरू कम्पनी, ढाक्रे, जागीरे, उमराउसमेत लिई सामान्य दक्षिण हेरी चढे । धामागढीका ३ कम्पनी गुरुद्वारको बाटो गरी बढे । त्यहां भारी लडाई हुंदा वैरीका राजा प्रतिमन शाहसमेत हजार बाह्र सय मरे, गोरखाली ५०।६० परे । आखिर जित गोरखालीको भयो । गढका कान्छा साहेब प्रीतम शाह र दलवीर राना पक्रिए, अरू भागे । त्यहां जेठी तरवार अजितन तिलकसिंहको ठहऱ्यो । गढका राजाको लास हरिद्वारमा सुदर्शनकहां पुऱ्याइदिए । दलवीर रानालाई मारे । कान्छा साहेबलाई २ पट्टि सिपाही साथ लगाई नेपालमा श्री ५ का हजुरमा दाखिल गर्न भनी पठाइदिए । त्यसपछि यमुनामा खांडो पखाली श्रीमोहडाका राजा कर्मप्रकाशसंग घाको बन्दोबस्त गरेर गोरखाको लश्कर हरिद्वारमा स्नान गरी श्रीनगरमा आई बसेका थिए ।

त्यसै बीचमा राजा र मुखत्यारको कागडा हान्ने सल्लाह ठहर हुँदा "नेपालबाट काजी नयनसिंह थापा, काजी जसपाउ थापा र सरदार सुरदत्त शाहीलाई नयांश्रीनाथ, बज्रवानी र रणभीम यी तीन कम्पनीका साथमा र सुब्बा रघुनाथ गुरुङ, प्रह्लाद गुरुङलाई नयां कम्पनी चार साथ गरी पन्ध्र सय लश्कर तथा अरू ढाक्रे, जागीरे गरी पांच सात सय लश्करसमेत पठाएको छ । त्यहां गढका लश्कर र भारदारसमेत जगा जगामा कुह्रुवा राखी कांगडा हान्न जाऊ" भन्ने लालमोहर गयो । कुमाऊंका काजी रणजोर थापा र वीरभद्र कुवर तीन चार कम्पनी र अरू ढाक्रे र जागीरे गरी हजार बाह्र सयको लश्करहरू सुब्बा सुर-वीर खत्री, सरदार चन्द्रवीर कुवर र ठाडामा जमेका १० कम्पनीसमेत गढमा आड राखी अरू भारदार र जो भएको नयां कम्पनीसमेतको लश्कर लिई तथा श्रीमोहडाका राजा कर्मप्रकाशसमेत गोरखाका सरदार सुरदत्त शाहीप्रभृति भारदारहरूले किमरोड, वगलक, कलहुरतर्फ मोहडा दिई लश्कर अगाडि बढाए । त्यसै बखतमा काजी नयनसिंह थापाले किमरोडका फौजमा सामेल भई हण्डुरमा जाइलागे । हण्डुर सर गरी सरदार इन्दुसिंह थापासमेतका चार पांच कम्पनी हण्डुरमा राखी अरू सबै लश्कर कांगडा हान्नाका निति शतरुद्रानदी तरे ।

त्यसपछि त्यहां वरपरका राजाहरू गोरखासंग मिल्न आए । गोरखाका सबै लश्कर पनि सामेल भई बाह्रटियामा खलंगा हाली बसे । त्यसै अवस्थामा कांगडाका चौतरिया निगाहीचन्द्र बाह्र हजार फौज लिई हान्न आए । गोरखाका लश्करले पनि गई वैह्राउँदा भारी लडाई भयो । गोरखाका २१।२५ जना परे, ।३०।३५ जना घायल भए । कांगडाका चौतरिया निगाहीचन्द्रसमेत चार पाँच सय मरे । घायलको ठेगाना भएन । आखिर जित गोरखाको भयो ।

त्यसपछि गोरखाका लश्करले ज्वालाजीमा डेरा गरी त्यहाँबाट सुमेरुपुरमा खलंगा हान्न पुगे । सिंहनाद कम्पनी

र गढ कुमाडमा बसेका १२ कम्पनीसमेत लिई सरदार भक्ति थापा लिहिरामा घेरा दिन पुगे। राजा रामशरणले दश आठ हजार लश्कर लिई हण्डूरमा चढेर रस्ता बन्द गरे। कांगडाबाट सुब्बा हस्तदल शाही, काजी जसपाउ थापा र सरदार अंगदले ९।१० कम्पनी लिई हण्डूरमा आएर रामशरणसित लडे। हण्डूर साफ गरी वैरी काटेर रस्ता खोली कम्पनी फौज लिएर काजी जस पाउ थापा कांगडैमा फर्के। सुब्बा हस्तदल शाही र सरदार अंगद नेपालतर्फ फर्के। सुब्बा हस्तदल शाही सल्यानमा आइपुगेका वेलामा "तिमी फर्की फेरि डोटीमा गई बस" भन्ने लालमोहर जांदा फर्केर डोटीमा गई बसेका थिए।

तिनै ताका भारी लश्कर लिई काजी अम्बरसिंह थापा र काजी जसपाउ थापा सुमेरुपुरको गढ हान्न जालन्धरको बाटो गरी गए। काजी नयनसिंह थापा अगाडि बढी छोकिएर भगवानपुरको बाटो गरी मालकांगडा हान्न चढे। त्यहाँ ठूलो लडाई भयो। गोरखाका तीन चार सय खती भए। काजी नयनसिंह थापालाई गोली लाग्दा लडाई बिग्रेको र लश्कर हटी खलंगामा आई बसे। उसका १७ दिनपछि शाके १७२८ मा नयनसिंह थापा पनि मुक्त भए।

"किल्लामा छोकिई मात्र सप्रनेछैन, बरु रसद बन्द गरे किल्ला सर होला" भन्ने सल्लाह ठहरियो। किल्लाका दक्षिणपट्टि गणेशघांटीमा सरदार गन्धर्वसिंह, रणभीम, रामदल, रणशार्दूल र डोटीका तीन कम्पनी लिई बसे। पश्चिम सुमेरुपुरमा काजी अम्बरसिंह थापा, काजी जसपाउ थापा र सरदार रणजित कुवर नयाँगोरख, नयाँश्रीनाथ आदि बीस बाईस कम्पनीका सरदार, सुबेदार, जमादार, हुद्दा र सिपाही तथा ढाक्रेहरूको चार पाँच हजार फौज लिई बसेका थिए। सरदार भक्ति थापा किल्लादेखि पूर्वपट्टि ठिहिरा सुफलमा बसेका थिए। कांगडाबाट वन वजीरले २।४ हजार लश्कर लिई डांक हान्न आउंदा सरदार भक्ति थापाले वहिरोई सोहरा लगाउंदा भारी लडाई भई जित गोरखाको भयो। कांगडाको वन वजीरसमेत असी सय खती भए, घायलको ठेगाना भएन। गोरखाका पनि पन्ध्र बीस खती भए, तीस पैंतीस घायल भए। सरदार चन्द्रवीर, वीरभद्र कुवर र सुबेदार हंसवीर खवास पोखरा रिसिङमा जमेका जम्मै कम्पनी लिई तारागढीमा बसेका थिए। किल्लाको वारिपारि घेरी पुरानागोरख, बज्रवानियां, नयांसबुज र १५।१६ कंपनी लिई सुबेदारहरू बसेका थिए। यसै बीचमा शत्रुमर्दन कम्पनी र गढकुमाडमा जमेका ७ कम्पनी लिई काजी दलभंजन पांडे र सुब्बा रुद्रवीर शाही पुगे।

तिनै ताका कांगडाका राजा संसारचन्दले "गोरखा बडाराजा हुन्। तसर्थ डोला दिन्छु। साहेबज्यूलाई पनि नेपाल पठाउंछु। हाल नौ लाख रुपियां सलामी चढाउँछु। पछि वर्षपीछे पांच पांच लाख चढाउंछु। बाह्र हजार फौज पनि दिन्छु। गोरखाका लश्कर गढमा गई बसून्" भनी घा मागे। सोही बेहोराको अर्जी श्री ५ का हजुरमा चढाई पठाए। मन्त्री भीममेन थापाले विनति गरी "बढिया भएछ, घा गर्नू" भन्ने हुकुम बक्साई पठाए। त्यसै वेला गुलदिलको वजीर ध्यानसिंहलाई पत्री नेल हालेका हुनाले काजी अम्बरसिंह थापासमेत अघि जाने भारदारहरूले "महीना डेढ महीनामा किल्ला सर गर्छौं, तसर्थ उनीसंग केको घा चाहिन्छ?" भन्ने श्री ५ मा अर्को अर्जी पठाए। "किल्ला सर गर्ने भए सर गर, घा चाहिंदैन" भन्ने अम्बरसिंह थापालाई र "घा गर्नुपर्दैन, तिमीहरू आऊ" भन्ने रुद्रवीर शाही, दलभजन पांडेलाई समेत लालमोहर गयो। उनीहरू नेपाल आए, घाको बन्दोबस्त भएन।

त्यसपछि राजा संसारचन्द्रलाई रसद बन्द भई सकस हुंदा "अहिले मालकांगडा शहरकांगडा छाडिदिन्छु। किल्लाका अर्थलाई २२ दिनको खा दिए रानीरनेवा र आलमाल लैजान्छु। उहाँपछि किल्ला छाडिदिउंला" भनी संसारचन्द्रले भने। "२२ दिनमा के गर्ला र? रस्ता खोलिदिऊँ" भन्ने सल्लाह गरी रस्ता खोलिदिए। राजा संसारचन्द्रले दिनमा रानीरनेवा लैजाने र रातमा रसद ओसार्ने गरी बाह्र दिनमा किल्लामा रसद भरे। साथै लश्कर पनि थपी आफू लाहुर पुगे। २२ दिन पुगेपछि किल्ला छाडिदेऊ भनी गोरखालीले भन्दा "राजा संसारचन्द्रको के लाग्छ? हामीत किल्ला छोड्दैनौं" भन्ने जवाफ दिई किल्लाबाट गोली चलाउन थाले। यसरी किल्ला सर नहुंदा अघि जहाँ जहाँ बसेका थिए त्यहाँ त्यहाँ गई घेरा दिएरै बसे।

६६ साल भदौका १२ दिन जांदा दश बाह्र हजार सवार भएका लाख डेढलाख फौज लिई लाहुरबाट महाराज रणजितसिंह र राजा संसारचन्द्र किल्ला कांगडाका मद्दतलाई आई दौलतपुरमा खलंगा हालेर बसे। यस्तो

अवस्था पर्दा "गणेशगढी पातलो छ, हामी जान्छौं" भनी काजी जसपाउ थापाले भने "बढिया भन्यौ, जाऊ" भनी काजी अम्बरसिंह थापाले बिदा दिए। अनि नयांश्रीनाथ र गढमा जमेका दुइ कम्पनी साथमा लिई काजी जसपाउ थापा र सरदार इन्द्रसिंह थापा गणेशघांटीका मद्दतलाई उत्तिखेरै गई सरदार गन्धर्वसिंहसंग सामेल भए।

त्यसपछि महाराज रणजित सिंहले "गोरखाली भनेका हिजोदेखिका दोस्त हुन्। हामीलाई संसारचन्द्रले किल्ला सौंपने भए हिजै आउने थिए। आज उनीहरूले सिकिस्त गर्दा पो सौंपन आएका हुन्। तसर्थ हामीलाई किल्ला दिलाएको गोरखालीले हो, संसारचन्द्रले खुशीले दिएको होइन। अब गोरखासितको बन्दोबस्त बाँध्नुपर्‍यो" भन्ने विचार गरे। अनि "हिजोदेखिको तम्रो हाम्रो धर्म छ। तिमीहरूले किल्लाको दावा छाडी डिहिरा सुफलमा गई बस। तम्रा हाम्रा सल्लाहले अंग्रेजलाई हटाउनुपर्छ" भनी गोरखाली काजीसंग वकील पठाए। गोरखालीलाई त्यस्तो कुरामा चित्त नबुझदा किल्लाको दावा नछाडी झन् वकीललाई पक्रे। त्यो हाल महाराज रणजितसिंहकहाँ पुग्यो। उनले "बढिया" भनी शिखरको फौज दुइमुख गरेर गणेशघांटीमा हान्न पठाए। गोरखाको लश्कर पनि दुईमुख गरी गयो। त्यहाँ भारी लडाई भयो। दुवै मुखबाट तरवार चल्दा गोरखाका सरदार गन्धर्वसिंहसमेत साठी सत्तरी जना खती भए। रणजितसिंहतर्फका पाँच सात सय परे। जित भने गोरखाको भयो। त्यसै दिन गणेशघांटीमा सोहटियामा गोरखाका दुइ कम्पनी बसेका टाउँमा गई चौथा प्रहरमा तिनलाई मिच्दै गणेशघांटीसंम आए। त्यस घांटीका लश्करसंग पनि भारी लडाई जोरियो। गोहार लगाउन सुफलबाट भक्ति थापा पनि पुगे। लडाईको सुरसार केही नसुन्दा रात पनि पर्‍यो यहीं बसौं भनी आड बलियो गर्न लागे।

त्यसै बखतमा काजी जसपाउ थापाले बन्दूकको एक सलक लगाई तरवार पार्दा शिखरका बजीरसमेत चार पाँच सय मरे। रातमा हुनाले घायल यति भए भन्ने ठेगाना भएन। सरदार भक्ति थापाका लश्करले पनि बीस बाईस जना तरवारले छप्काए। जित घोरखाको भयो। काजी अम्बरसिंह थापाले "वैरीको फौज ठूलो छ। तसर्थ एकै जगामा बाटुलो भई बस्नुपर्छ" भनी जगा जगामा लेखी पठाउँदा सबै लश्कर मालकांगडामा सामेल भएका थिए। वैरीका शिखरको लश्कर मालकांगडामा चढी लडाईं जोरिंदा उनीहरूले गोरखाली फौजलाई २०।२२ दिनसंम घेरा दिई राखे।

त्यसपछि फेरि महाराज रणजितसिंहले "अघि हामीले भनी पठाएको मानोनौ तापनि तिमी गोरखासंग हिजोदेखिको दोस्ती हुनाले फेरि भन्छु– अब शतरुद्रपार तिम्रो भयो, शतरुद्रवार हाम्रो भयो। तिमीहरूलाई जान रस्ता पनि खोलिदिन्छौं। पछि हामीमाथि बलियो वैरी आइलाग्यो भने तिमीहरूले मद्दत दिनू। तिमीमाथि बलियो वैरी आयो भने हामीले मद्दत दिनू। यो बन्दोबस्त भयो" भनी भन्न पठाए। गोरखालीले "बढिया" भनी महाराज रणजितसिंहसंग धर्मपत्र गरी गोरखाको लश्कर शतरुद्रा तरी सुधाथोरमा आएर बसे। सरदार भक्ति थापाले नेपाल आई सो घा भएको बेहोरा विन्ति गरे। "आफूले लिएको मुलुक छाड्नुपरेपछि गोरखाको तरवारै गयो, यो कुरा हुन सक्तैन" भनी मंजूर नहुंदा धर्मपत्र फर्काइ दिए।

त्यसपछि फेरि मालकांगडाका मद्दतलाई काजी दलभंजन पांडे, काजी अमृतसिंह थापा, सरदार शमशेर राना, सरदार अंगद, सरदार धोकल खत्री र सुबेदार बीरु बोहराहरू शेर र त्रिपुरादल साथमा लिई हान्न पुगेका थिए। "घाको वन्दोबस्त भएछ, तिमीहरू फिर" भन्ने हुंदा काजी दलभजन पांडे, काजी अमृतसिंह थापा र सुबेदार वीरु बोहरा कम्पुको फयर र तारादल कम्पनी लिई नेपालतर्फ फर्के। सरदार शमशेर राना, सरदार अंगद र सरदार धोकलसिंह त्रिपुरादल र गढमा जमेका कम्पनी साथमा लिई सुधाथोरका लश्करमा सामेल भए। पन्थडांडा नगरीमा सुब्बा वसन्त बोगटी र मुसीकोटे वीरबाहुसिंह दुइ तीन कम्पनी लिई बसेका थिए। त्यहाँ बाह्र ठकुराईले कुल गर्दा सरदार शमशेर राना त्रिपुरादल कम्पनी र अरू पांच सात कम्पनी लिई गोहार गए। त्यहाँ भारी लडाईं हुंदा वैरीका हजार बाह्र सय फौज क्षति भए। गोरखाका २०।२५ जना परे। जित गोरखाको भयो। पन्थडांडा हात लगाएपछि त्यहाँ कुरुवा राखेर सरदार शमशेर राना सुधाथोरमा काजी अम्बरसिंह थापाकहाँ सामेल भए।

त्यसपछि श्रीमोहडाका राजा मोरणीकिल्लामा फौज लिई चढदा सरदार शमशेर रानाले पांच सात कम्पनीका साथमा गई भारी लडाईं गरे। सदारलाई घा लाग्यो।

चंचल घर्तीलाई पनि गोलीको घा लाग्यो । गोरखातर्फका १०।२० खती भए, वैरीतर्फका असी सय मरे । जित गोरखाको भयो । अनि केही लश्कर सुगाथोरमा गई बसे । शमशेर राना त्यसमध्येका केही लश्कर लिई नाहानमा काजी रणजोर थापा भएका ठाउँमा पुगे । सरदार अंगद दश आठ कम्पनी सुगाथोरमा राखी अरू भारी लश्कर लिएर ठुगलकेशरी हान्न गए । काजी अम्बरसिंह थापा पनि सुगाथोरबाट संवत् १८६७ साल असारका १३ दिन जांदा ठुगलकेशर पुगे । दुइमुख जोरिंदा त्यहाँ भारी लडाई भयो । गोरखातर्फका ५०।६० क्षति भए, असी सय घायल भए । वैरीतर्फका असी सय क्षति भए, असी सय घायल भए । जित गोरखाको भयो । त्यहाँ केही फौज कुरुवा राखी काजी अम्बरसिंह थापा सुगाकोटमा बस्न गए । उहाँका लश्कर अर्को शहरमा बस्न गए । सरदार शमशेर राना नेपाल आए ।

संवत् १८६८ सालमा सरदार भक्ति थापा सिंहनाद कम्पनी र गढका एकखण्ड सिपाही लिई अर्को शहरमा सामेल हुन पुगे । यी राजाका पालामा कांगडातर्फ यस्ता प्रकारले लडाई चलिरहेको थियो ।

संवत् १८६९ सालमा महाराजबाट काजी भीमसेन थापालाई जनरलको खिताव दिए । कम्पनीलाई पनि अब नप्रान्त पल्टन, कम्पू भन्नू भन्ने उर्दी भयो । यी जनरलले पल्टनलाई अघि नभएको चांदतोडा तसवीज नरी तयार गरेर पहिराइदिंदा फौजहरूमा बहुतै शोभा देखियो । नेपाली संवत् ९३० मा भीमसेन थापाले विष्णुमतीमा पुल, घाट, सत्तल र धारासमेत बनाए । श्री स्वामीज्यूका मरारानी त्रिपुरन्दरीदेवीबाट पनि सब लोकको उपकारका निमित्त कालमोचन तीर्थका समीपमा श्री स्वामीज्यूका नामले त्रिपुरेश्वर महादेवको स्थापना भयो । सवत् १८६७ साल मार्ग शुक्ल ११ रोज ५ मा वागमतीको पुल बनाउन उठान गरी १८६८ साल चैत्र शुक्ल सप्तमीमा मूर्ति गरी पुलको उत्सर्ग भयो । त्यसका वारिपारि सुन्दर धर्मशाला र पारिपट्टि ग्रांमसमेत बनाई घरघरप्रति खेत बिर्ता दिंदा बहुत गुल्जार भयो र त्यस ठाउँको नाम पुलगाउँ भन्ने रह्यो । पुलपारि सिंहध्वज भूपालसमेत बनाई श्री स्वामीज्यूका नामले उत्सर्ग भयो । सो बनाउंदा हनूमन्तसिंह महाजनले धेरै मिहिनेत गरी सरकार रिझाएका हुनाले धेरै खेत बिर्ता र ठूलो घरसमेत पाए । सो पुल भत्कंदा र बिग्रंदा संभार गर्नुपर्ने तैनाथ पनि पाए । त्यसपछि जनरल भीमसेन थापाले मजादेवल बनाई त्यस देवालयसंगै कोतखाना र फौजहरूको बन्दूक राख्ने भण्डार बनाएर क्रमपूर्वक बसाए । त्यहां शीशामहल भन्ने हवेली बैठक पनि बनाई शोभा गराए ।

यी राजाका पालामा ब्राह्मणको रूप भएको एक कलंकीरूप जस्तै मानिस आई कुसलेधारामा ब्राह्मणका स्त्रीहरू धेरैलाई मारी श्री गुह्येश्वरीमा खड्ग चढाएर गए । उनलाई कसैले पक्रन सकेनन् । यी राजाले श्री पशुपतिनाथमा चांदीको नन्दीमूर्ति र चंदुवाभित्रको पश्चिमदरवाजाको जमीन चांदीका पाताले छापी चांदीमय गरी अर्पण गरे ।

नेपाली संवत् ९३० साल ज्येष्ठ शुदि १० रोज १ का दिन तेस्रो प्रहरमा ठूलो उत्पातको भूकम्प भयो । त्यो भूकम्प २१ पलासंग ठहर्दा कान्तिपुरमा घर, परखान, देवालयमा झुन्डाइराखेका घण्ट पनि हल्लिएनन् । ठूलठूला देवालय पनि केही भएनन् । बुग्मती, खोकना र भादगाउँ यी तीन शहरमा भने ठूलो उत्पात भई मनुष्य र जीवाजन्तु धेरै मरे । घर पनि धेरै भत्के । ठवहिलसमीपमा एउटा ठूलो बारुदखाना बनाए र ढ्याक पैसा बनाई छाप मारे । दुइ पैसाको एक ढ्याकको चलन गरी आपना भरमुलुकमा चलाए ।

संवत् १८६७ सालमा बारा पर्साका सुब्बा लक्ष्मण गिरी थिए । बेतियासंग सिमानामा तक्रार हुंदा बेतियाका दुइ चार जना मानिसलाई गोरखालीले मारिदिंदा रातमा त्यहाँका लश्कर आई डांक हानी सुब्बा लक्ष्मण गिरीलाई मारिदिए । यो खबर श्री ५ का हजुरमा जाहेर हुंदा कंपूका दुइ तीन फयर खटिई बारा पर्साबाट बेतियाको मुलुकमा गएर विध्वंस गरे । बेतियाका राजाले यो कुरा कलकत्तामा अंग्रेजसित फिराद गरे । त्यहाँ गोरखाका वकील माहिला गुरुज्यू श्री कृष्ण पण्डित बसेका थिए । उनीसंग फिरंगीले "सिमानामा तक्रार गर्नु निको छैन, सिमाना सच्याइराख्नु पर्छ । हाम्रातर्फबाट अमीन मेजर पारसबाट जान्छ । तिमीहरू पनि पठाइदेऊ, सच्याइराखौं" भने । सो बिस्तार नेपालमा लेखी पठाए । गोरखा सरकारबाट पनि सिमानाका कामलाई अमीन भई श्री गुरुज्यू रंगनाथ पण्डितज्यू

र काजी दलभंजन पांडे खटिंदा मध्येसको बाटो गरी पाल्पा-संम सिमाना सच्चाएर काम सिध्याए । सरदार प्रभुराम थापालाई बारा पर्साका कुरुवा राखी सब कम्पनी फयरर साथमा लिई श्री गुरुज्यू र पांडे काजी चैत्र महीनामा नेपाल फिरे । काजी अम्बर्सिह थापा सबुज पल्टन लिई पाल्पामा बसेका थिए ।

सवत् १८७० साल वैशाख महीनामा सय छबीस ठाने-दार, सिपाही, पुलीस र दारोगासमेत लिएर आई फिलंगौले बारा जिल्लाको आम्दानी तहसील गर्न लाग्यो । "अघि विनायकपुर पाल्पाले अंमल गर्दा लोटनमा सिमाना थियो । पछि नवाफले पाली अंमल गर्दा नकामको सिमाना थियो । सो नवाफले पनि अम्बल गर्न नसकेको जगा आज तिमीले के अर्थले अम्बल गऱ्यौ" भनी काजी अम्बर्सिह थापाले भने । "हाम्रो सिमाना बुटवलका दरबारमनि छतिवनको रूख हो, तसर्थ हामी छोड्दैनौं" भनी अंग्रेजले भन्यो । "त्यसो किन होला, पाल्पाले खाएको जति हामी छोड्दैनौं" भनी काजी अम्बर्सिह थापाले भने । यस्ता प्रकारको तक्रार हुंदा सरदार जगदेव भंदारी, सुबेदार दले थापा, जयन्त शाही र मणिराज फौजदारको तीन कम्पनी फौज गई रातमा डांक हानेर त्यहाँका पुलीस दारोगाहरूलाई मारि-दिंदा अंग्रेजसंग चमक पऱ्यो । अनि मेचीदेखि पश्चिम सुघाथोरदेखि पूर्व जगा जगामा अंग्रेजको ४२ पल्टन चढ्यो । बारा पर्सामा दुइ कम्पनी लिई सरदार प्रभुराम थापा बसेका थिए । टकसारी चन्द्रशेखर उपाध्याय पनि सिमा-नाका कुरामा त्यहीं बसेका थिए ।

उता अंग्रेजतर्फबाट बालु साहेब बेतियाका राजा अघि सरी घोरसानमा बसेका थिए । त्यसतर्फ मुख्तियार भई सरहद सच्याउने काममा मेजर बराट साहेब पनि आएका थिए । कुराकहानी दोहोरो हुन्थ्यो । त्यसै बीचमा अंग्रेजका लश्करले गोरखाका फौजमा डांक हान्दा कटहरवनमा भारी लडाई भयो । गोरखाका लश्कर थोरै हुमाले लडाईमा परे । टकसारी चन्द्रशेखर उपाध्यायलाई पक्रेर लगे ।

यो हाल श्री ५ महाराज गीर्वाणयुद्धविक्रम शाहका हजुरमा जाहेर भयो । कौशल हुंदा जनरल भीमसेन थापाका तजवीजले कम्पू, पल्टन, कम्पनी, भैंभारादारहरू ठाउं ठाउं गौंडा गौंडामा खटाई पठाए । सप्तरीमा कम्पनी साथमा लिई सरदार दलभंजन पांडे बसे । पाल्पामा सबुज कम्पनी र भैंभारादार पगरीसमेत लिई कर्णेल उजीर्सिह थापा जमे । पूर्व बिजयपर धनकुटामा श्री जंगमेहर पल्टन लिई काजी भक्तबीर थापा, काजी बालनर्सिह कुवर, बहादुर भंडारी र अरू भारदार गैह्र डटे । यसै समयमा ७१ सालका भदौ महीनामा कलकत्ताबाट एक गोरा आई काजी अम्बर्सिह थापासंग "तिम्रो नोकरी गर्न आएं" भनी भन्यो । "हुन्छ, यसले के गर्ला र ?" भन्ने विचार गरी "बस" भनी रोजको दुइ रुपियाँ तलब दिएर राखे । त्यो अंग्रेज सात दिन बसेपछि त्यहाँका सब लश्करको गन्ती गरी बही खडा गरेर रातमा भाग्यो ।

त्यसपछि यताबाट पनि भारदारहरू बसी कौशल गरेर टीकाको साइत गरी कूंच भए । काजी अम्बर्सिह थापा, काजी अजम्मर पन्त र भक्ति थापा भारी लश्कर लिई हण्डूरमा पुगेर जगा जगामा खलंगा हाली बसे । त्यसै बीचमा नालागढबाट नुनिया अत्तर खां भन्नेले फौजका साथ अजम्मर पन्त बसेका ठाउँमा आई धमकी दिएर घेरा दियो । महतका निम्ति काजी अम्बर्सिह थापा एकमुख र सरदार भक्ति थापा एकमुख गरी भिंडिदा ठूलो लडाई भयो । नुनिया अत्तर हटेर जांदा गोरखाको जित भयो । त्यसपछि काजी अम्बर्सिह थापासमेत गोरखाका फौज राजागढीमा बसे । सरदार भक्ति थापा सुपागढीमा बस्न पुगे । काजी अम्बर्सिह पन्त र सरदार बालसुन्दर थापा-लाई क्यांटागढीमा जाऊ भनी पठाउँदा उनीहरू चण्डागढीमा पुगेपछि श्रीमोहडाका कृष्णसिंह तीन हजार लश्कर लिई आए । त्यहाँ लडाई हुंदा जेठीतरवार सुबेदार खड्गसिंह थापाको ठहऱ्यो । श्री मोहडाका दुई सय बाह्र बीस मरे, तीन चार सय घायल भए । काजी अम्बर्सिह थापाले लश्करका सात आठ बीस बन्दूक लुटे । गोरखातर्फका सुबे-दार रणजंगसमेत दस आठ जवान परे, पन्ध्र बीस घायल भए । जित गोरखाको भयो ।

उता नुनिया अत्तर हटेर गएपछि जनरल अख्तरलोनी साहेबले गोराको पल्टन लिई भिक्षाखोरीमा आक्रमण गरे । अघि पक्री राखेका टकसारी चन्द्रशेखर पाध्यालाई छाडि-दिंदा दरबारमा पुगी उनले सबै हाल विस्तार गरे । त्यस-पछि कर्णेल रणवीर्सिहप्रभृति सब भारदारहरूलाई त्यस-तर्फका महतका निति खटाई पठाए ।

१८७१ साल मार्ग शुदि ४ रोज मा मोहडातर्फ जाने

पगरी यी थिए ? – कपतान वीरकेशर पांडे, कपतान प्रसादसिंह बस्नेत, कपतान सर्वजित थापा, कपतान शमशेर राना, लेफटेन पृथ्वी हमाल, लेफटेन कर्णसिंह बोकटी, लेफटेन कालु, लेफटेन दरियावसिंह बस्नेत, लेफटेन देवीभक्त, लेफटेन सिंहवीर पांडे, दारोगा अतिबल बिष्ट, खरिदार इन्दीवर जोसी, मेजर गुणवन्त, डिट्टा सरूप बिष्ट र अरू फौजसमेत पुगी ठूलो लडाईं गरेर वैरीलाई हटाए । यसरी चण्डालगढीको लडाईं जितेपछि काजी अजम्मर पन्त जनजालखोलामा आई बसे । काजी जसपाउ थापा र काजी रणदीपसिंह बस्नेत पनि टीकाको साइत गरी बलभद्र कुवरलाई मद्दत दिन गुरुद्वारमा जान लाग्दा नालापानीसंम मात्र पुगेका थिए ।

यस्तैमा सरदार बलभद्र कुवर, सुब्बा चन्द्रवीर थापा, सरदार रिपुमर्दन थापा र ढाक्रे सुब्बा नाथु माझी दुइ सय नाल कालीदल कम्पनी र अरू ८ कम्पनी, ढाक्रे, जागीरे गरी बाह्र तेह्र सय लश्कर बसेका ठाउँमा अंग्रेजको जनरल गुलाफवेनले ६ पल्टन गोरा र १० पल्टन काला लिई ७१ सालका टीकाका दिनमा नालापानी हान्न चढ्यो । दिनमा बन्दूकको लडाईं हुँदा फिलंगी हटी गुरुद्वारमा गई बस्यो ।

त्यसपछि नाहान शहरबाट, गोरख, शार्दूलजंग र कृष्णदलसमेत नालापानी पुगेका चार दिनमा सारंगपुरबाट पांच पल्टन गोरा लिई लालविथिर आई जनरल गुलाफवेनसंग सामेल भयो । पांच घडी दिन चढ्दा नालापानीमा चढ्यो । त्यहां ११ दिनसंम भारी लडाईं भइरह्यो । गोरखाका सुब्बा चन्द्रवीर थापा र नाथु माझीसमेत ८।९ सय मरे । फिलंगीका जनरल गुलाफवेनसमेत दस साहेब र गोरा काला गरी पन्ध्र बीस सय फौज मरे । गोरखाको मद्दत कहींबाट नआउंदा खानबेगार अनाजपानीले पनि सकस पऱ्यो । "अब हामीले गढी थाम्न सक्दैनौ । फिलंगीले चारैतर्फबाट घेरा दिइराखेको छ । अब गढीबाट वैराई एक सलक हानी तरवारको जोरले निस्कौं र जो जो मरौंला, मरौंला । बांचेका जति लश्करमा गई मिलौंला" भन्ने सल्लाह गरी बाह्र दिनका रातमा सरदार बलभद्र कुवरसमेत जो रहेका लश्कर वैराई एक सलक हानेर संगी तरवार लिई निस्कंदा गोरखाका १५।२० मरे । अंग्रेजका कति खती भए रातमा हुनाले केही ठेगाना भएन । जो बांचेका फिलंगीका फौज रातारात गरी हरिद्वारमा बस्न गए । फेरि रातमा अंग्रेजले डांक हान्न आउंदा पनि भारी लडाईं भयो । अंग्रेजका १५।२० मरे । गोरखाका २०।२५ परे । त्यहां पनि ठहर्न नसक्दा रातारात गरी भागीरथीगंगाका तीरमा चतुरवारगढीमा आइपुगे । अलमोडाबाट नालापानीका मद्दतलाई दुइ अढाइ सय मानिस ढाक्रे लिई आएका काजी रेवन्त कुवर भागीरथीका तीरका भेट भए । काजी सरदारका सल्लाहले यमुनाका तीरमा जमात भई खलंगा हाली बसेका थिए ।

त्यसपछि क्वांटागढीमा कम्पनी जम्मा गरी दुइ हजार लश्कर लिएर काजी जसपाउ थापा र सरदार भैरवसिंह बसेका थिए । जयन्त टिप्पामा काजी रणजोर थापा बसेका थिए । उही गुरुद्वारमा आउने फिलंगीको लश्कर त्यहीं आइपुग्यो । त्यसले गोरखालीलाई हान्न जानाका निति सबै फौंजलाइ उर्दी दियो । अनि गोरखाका लश्कर सबै वैराई क्वांटागढीका देवीथानमा लडाईं जोरियो । दोहोरो बन्दूकको सलक लाग्दा गोरखाका पन्ध्र बीस मरे, पन्ध्र बीस घाइते भए । त्यसै वेलामा "तिमीहरूले जस पाउनेछैनौ, जयन्त टिप्पा नछोड" भन्ने काजी अम्बरसिंह थापालाई उर्दी आउंदा उनीहरू जयन्त टिप्पैमा बसे । नाहानमा फिलंगीको फौज बसेको थियो ।

७१ साल पौष १५ दिन जांदा पूर्णिमा, मंगल वार बिहाउंदो फिलंगीको फौजले एक मुख पूर्व, एक मुख उत्तर दुइमुख गरी काजी जसपाउ थापा र सरदार भैरवसिंह बस्नेत बसेका ठाउंमा चढाईं गर्दा क्वांटाका देवीथानमा काजी सरदारसंगका मानिस वैराई लडाईं जोरियो । दोहोरो बन्दूकको सलक चल्दा १०।१२ जना मरे, २०।२५ जना घायल भए । लश्कर हटाई सरदार सुबेदारले "लडाईं बिग्र्यो, अब आडमा जाऊँ" भनी काजीलाई भने । "बिग्रेको लडाईं भारदारको र सप्रेको लडाईं सिपाहीको हुन्छ । लडाईं पक्का पनि सपारौंला, सपार्न नसके ज्यान दिउंला" भनी काजी जसपाउ थापाले हठ गरे । अनि सरदार सुबेदारले बलैसंग काजीलाई आडमा लगे ।

त्यसै वेला हटेको लश्कर पनि काजीले फिराए । काजी रणजोर थापा पनि त्यस ठाउंका गोहारलाई गोरख कम्पनी १, बरख १, कृष्णदल १ र शार्दूलजंग १ लिई आइपुगे । सरदार भैरवसिंह बस्नेत र सुबेदार अनरूप घर्ती पनि आफ्ना साथका सबै मानिस साथमा लिइ सामेल हुन आए ।

त्यस बखत काजी जसपाउ थापाले "लौ जवान हो, वेला यही हो" भनी सुन्याए । अनि एकैबेर सबै जनाले तरवार झिकी "जय गोरखकाली" भन्ने ठूलो शब्द गर्दै छत्तीस बाजा बजाई बहादुर राना, अभिमान अधिकारी, जादव आले, जमानसिंह कार्की, बन्दु नगरकोटीलगायत साठी असी जवानले कुडाबाट कुदी मारपीट गर्दै अंग्रेजको मोहडा भांचे । अंग्रेजहरू तीनमुख गरी भागे । गोरखालीले पाउ-भरसंम लगारी काट्दै लपेटा लिदै जांदा अंग्रेजका लश्कर केही भीरमा परी मरे, केही भाग्दै थिए । यसै बखतमा काजी जसपाउ थापाले अब बढ्नु हुँदैन, लश्कर फिर भनी उर्दी दिदा सरदार भैरवसिंह बस्नेतले सबै लश्कर थामे । गोरखाली फौजले लुटेका फिलंगीका फौजले हातमा लिएका बन्दूक काजीलाई बुझाएको जम्मा चार सय भए । यस लडाईंमा अंग्रेजका ३०।३२ गोरा र चार पांच सय काला फौज खती भए, घाइते यति भए भन्ने ठेगाना भएन । गोरखातर्फका २०।२५ खती भए, ५०।६० घायल भए, जित गोरखाको भयो ।

त्यसै दिनका चौथा प्रहरमा पूर्वपट्टिका मुखमा दुइतर्फका फौज जोरिई लडाई हुंदा फिलंगीका सुबेदारसमेत ४४ जना पक्रिए । रातमा २२।२३ घडी जांदासंम लडाईं भयो । गोरखाली जबान गोडे गोडे ३०।४० जनाले डेउडा हान्दा अंग्रेजका २०।२५ जवान गोरा र १००।१२० काला फौज खती भए । गोरखाका जमादार जमानसिंह कार्कीसमेत ८।१० जवान खती भए । त्यसपछि जमोठबाट काजी रेवन्त कुवर र कप्तान बलभद्र कुवर पनि छांटाका लश्कर-मा सामेल भए । जलालखोलाबाट काजी अम्बर पन्तले "नौनीटियाका वैरीको फौज हान्ने हो" भनी मानिस पठाउंदा काजी रणजोर थापाले "तिमी यहां जाऊ सल्ला-हले जे ठहर्ला सो गरौंला" भनी पठाए । अनि अजम्मर पन्त पनि छांटैमा सामेल भई काजी सरदारसंग मुलाकात गरिरहेका थिए ।

त्यसै बीचमा १४ कम्पनी कुरुवा रहेको नौनिटियामा ठूलो हल्ला उठ्यो । उनीहरूले सोहरा लगाई एक जनाले तीन तीन जनालाई ठोक्दा अंग्रेजका ७०० खती भए । घायलको ठेगाना रहेन । गोरखालीले गोरालाई किन हर्टिस् ? भनी हान्दा जित गोरखाको भयो । यस लडाईंमा गोरखातर्फका भारदारहरू काजी रणजोर थापा, काजी जसपाउ थापा, काजी अजम्मर पन्त, काजी रेवन्त कुवर, कप्तान वीरभद्र कुवर र सरदार भैरवसिंह बस्नेतहरू गएका थिए ।

त्यसै दिन नाहानको पाल फिलंगीले उठाउन लगायो । अनि फिलंगीको मेजरले तीन चार जगेरा फौज साथमा लिई पूर्व दिशातिर गयो । धरित्रीधकेल भनेको तोप पनि नाहानबाट नौनीटियामा ल्याई गोली चलाउन लाग्यो । त्यो पूर्वतिर लागेको फौज पनि छांटामा चढ्यो । अनि त्यहाँ हान्नालाई काजी अजम्मर पन्त, कप्तान बलभद्र कुवर र सरदार बालसुन्दर थापा गए । नौनीटियामा काजी रणजोर थापा, काजी जसपाउ थापा, काजी रेवन्त कुवर र सरदार भैरवसिंह बसेका थिए । काजी अजम्मर पन्त गए-पछि लडाईं बिग्रंदा ती काजी पक्रिए । नौनीटियापट्टि अंग्रेजले चढाईं गर्न दुःख मानी ठाउं ठाउंमा चौकी राखेर रसद बन्द गरिदियो । जिमीदारहरू पनि उसैतर्फ मिलेका हुनाले रसद रुपियांको एक माना पनि नपाइंदा रूखको बोका खाईकन पनि सिपाहीहरू ९ महीनासंम रहेका थिए ।

त्यसपछि कालीकुमाडमा चैत्रका दिनमा हाँसीले चढाउ गर्दा डोटीबाट सुब्बा हस्तदल शाही गई त्यससित ठूलो लडाईं गरे । त्यहाँ जित गोरखाको भयो । हाँसीलाई पक्री साथमा लिएर सुब्बा हस्तदल शाही कुमाडमा चौतरिया बम शाहसंग सामेल हुन आए । त्यस बखतमा फिलंगीको गारत कटारको बाटो चढ्दा गणनाथका टिप्पामा उछिन्न भनी सुब्बा हस्तदल शाही, सरदार जय रोकाया र सरदार रणशूर कार्कीहरूले तीन चार सय लश्कर लिई गए । बीचबाटैमा भारी लडाईं हुंदा बिग्रन गयो र सुब्बा हस्त-दल शाही र सरदारले पांच सात सय वैरीका फौज सखाप पारी आफूसमेत त्यसै लडाईंमा परे । सरदार भक्ति थापा र सुब्बा प्रह्लाद गुरुङ आफू सूर्यगण्डीमा बसी लोहारभन्ज्या-ङमा एक एक कम्पनी फौज विकट राखेका थिए ।

यस्तै अवस्थामा रातमा डांक हान्न ७ मुख गरी अंग्रेज आयो । गोरख, रामदलसमेत १०।१५ कम्पनी फौज साथ-मा लिई काजी अंबरसिंह थापा पूर्व मोहडा गरी चढे । सिंहनादसमेत ८।१० कम्पनी साथमा लिई सरदार भक्ति थापा पश्चिम मुख गरी चढे । लडाईं जोरिंदा दिनभर बन्दूकको लडाईं भयो । गोरखाको जमादार तुलबीर

खड्का, रामदलको कोतेसमेत ५०।६० जना खती भए। सरदार भक्ति थापा, जमादार भीमराज थापा, जमादार गंगाराम कार्की, जगद्दल थापासमेत हुद्दा सिपाही गरी ५०।६० घायल भए। अंग्रेजका सय छबीस खती भए। दुइ तीन सय घायल भए।

त्यसपछि त्यसै रातमा भारदारहरू सामेल भई दोहोरो पारी हान्ने सल्लाह गर्दा गोरख, रणभीमसमेत ८।१० कम्पनी साथमा लिई रात बिहाउने बखतमा काजी अम्बरसिंह थापा एक मुखबाट र सरदार भक्ति थापा, सुबेदार हृदयसिंह थापाहरू रामदल, सिंहनादसनेत ८।१० कम्पनी साथमा लिई लोहारभन्ज्याङको बाटो गरेर अर्को मुखमा चढ्दा भारी लडाई भयो। सरदार भक्ति थागालाई गोली को घाउ लागेको थियो तापनि कत्ति वेदना नमानी "लौ जवान हो!" भनी मुखले खूब भरोसा दिई सिपाहीहरूलाई सुन्याउंदै र बढाउंदै लगेका तथा आफू पनि बढ्दै गएका थिए। त्यस लडाईमा आखिर रामदलको सुबेदार हृदयसिंह थापा र २०।२५ जमादार तथा तीन चार सय सिपाही खती हुंदा गोरखातर्फका लश्कर पछि हटे। अंग्रेजको साहेब जनरल गारनले "सरदार भक्ति थापा गोरखाका जमामर्दी मानिस हुन्। तिनलाई नमार्नू, पक्रेर ल्याउनू। पक्रन सकेनौ भने मात्र शिर काटेर ल्याउनू" भन्ने उर्दी दिई पक्रन पठाए। उनले पक्रन नदिई दुइ चार जवानलाई तरवार चलाएर क्षति गरे। यसले पक्रन दिएन, अब यसलाई नमारी भएन भनी तरवारले हानी सरदार भक्ति थापालाई मारे। अब शिर काटी लान्छौं भनी शिर काट्न खोज्दा सरदारका दुइ मुखिनीले सरदारलाई अंगालो हाली शिर काट्न दिएनन् र 'राम राम' पढी सती भए। अनि त्यस लासलाई दोसल्ला ओढाइदिए। त्यस लडाईमा अंग्रेजका फौज पनि पाँच सात सय खती भए। दुइ तीन सय घायल भए।

त्यसपछि चौतरिया बम शाहले झुलघाटको सांध गरी जनरल गारनसंग घा गरे। सोही बेहोराबारको काजी अम्बरसिंह थापालाई पनि तिमीले पनि घा गर भन्ने चिठी पठाए। उनले पनि नुनिया अत्तरसंग घा गरे। अनि उनले 'गणनाथका टिप्पामा सुब्बा हस्तदल शाही पर्दा बम शाहले गानरसित घा गरेछन्। यहाँ मतर्फ सरदार भक्ति थापा पर्दा र काजी अजम्मर पन्त वैरीतर्फबाट पक्रिदा तथा रैयत पनि अंग्रेजसंग मिल्न जाँदा यी तीन कुराले गर्दा मैले पनि नुनिया अत्तरसित घा गरें। तिमीहरूले पनि जनरल माडिल साहेबसंग घा गर" भन्ने चिठी लेखी काजी रणजोर थापा, काजी जसपाउ थापा, काजी रेवन्त कुवर, कप्तान वीरभद्र कुवर, सरदार भैरवसिंह बस्नेत र बूढाकाजीलाई पठाए। गंगाराम कार्कीले चिठी लिई आउंदा उनीहरूले पनि जनरल माडिल साहेबसंग घा गरे। त्यति भएपछि ७२ साल ज्येष्ठका १० दिन जाँदा फौजले किल्ला छोडी मध्येसको बाटो गरेर डोटी डडेलधुरामा चौतरिया बम शाहकहाँ सामेल भए। अरू सबै भैंभारदार नेपाल आए, चौतरिया बम शाह भने डोटीमै बसे।

७१ सालमा कर्णेल उजीरसिंह थापा भारदार र लश्करहरू लिई पाल्पाका नवकोटगढीमा बसेका थिए। कम्पूका लेफटेन अम्बर अधिकारी कम्पूका ५ पट्टि लिई, कुम्भेदान कृपासुर थापा र दलखम्ब थापा सबुजको ५ पट्टि र गुरलबक्स कम्पनीको दुइ सय जवान लिई तथा काजी वीरभंजन पांडे गोरखाका थरघर, ढाक्रे, जागीरेसमेत लिई यी तीन अफिसर बुटवलका जितपुरगढीमा बसेका थिए। त्यसै बखतमा अंग्रेजको उदै जनरलले नौ हजार गोरा नालबन्दी र फिलंगीका कर्णेल तथा कनकनिधि तेवारीका बाबुछोराका साथमा रहेका पाल्पाली फौजसमेत साथमा लिई सिंहविहारमा खलंगा हाली बसेका थिए।

त्यसका दुइ दिनपछि ज्योतिषी भगीरथ जैसीले हेरेको साइत पौष वदि १ रोज ३ का दिन उदै जर्नेल र उसका भाइ कर्णेलले पाल्पाली काजी कनकनिधि तेवारीका बाबुछोरा अगुवा पारी पाल्पाका जितपुरगढीमा चढाउ गर्दा त्यहाँ भारी लडाई भयो। नवकोटगढीबाट सबुजको ५ पट्टि र अरू जागीरे ढाक्रे गरी सात आठ सय लश्कर साथमा लिएर कर्णेल उजीरसिंह थापा गुहार आए। कुम्भेदान कृपासुर थापा, जमादार भीमसेन देउजा, जमादार सुरवीर बोहरा, जमादार जसिवन्त शाही, जमादार बुद्धिबल राना र अरू हुद्दा सिपाहीसमेत पचास साठी जवानले नंगी तरवार लिएर गढीदेखि वैराई दोहरातर्फबाट तरवार पार्दा गोरखाका कुम्भेदान कृपासुर, जमादार भीमसेन देउजा, जमादार सुरवीर बोहरा, सबुजको हवलदाररण शूर बानिया, सिपाही हंसबीर अधिकारी, थरघर नकुल बानियां, जुठे बस्नेतहरूले दुइ तीन सय वैरीको फौज नोक्सान गरी

आफूहरू पनि लडाईंमा परे। खती हुने जंमा ५०।६० जवान भए। जमादार जसिवन्त शाही, जमादार बुद्धिबल राना आदि हुद्दा सिपाहीहरूले वैरीका धेरै जवान मारी फिरे। अंग्रेजतर्फका कर्णेल साहेब र पाल्पाली काजी कनकनिधि तेवारीका बाबुछोरा, गोरा पल्टनका सय छबीस जवान र काला पाँच सात सय जवान फौज खती भए। घाइते यति भए भन्ने ठेगाना भएन। परिणाममा जित गोरखाको भयो। त्यसपछि अंग्रेज भागी उसै रात आफ्ना खलंगा सिमराहामा गई बस्यो र भोलिपल्ट बिहानीपख रातैमा भागी गयो।

यता कृपासुर थापाको खानगी खाली भएको हुनाले उनका दाजु जयसुर थापा बुटवलमा हाजिर हुँदा उनैलाई दिए। यसै साल चैत्र शुदि ८ रोज ३ का दिन अंग्रेजले २२ फणी भएको तोप ल्याई कुसुमघाटमा बसेर बुटवलको दरवारमा हान्दा लाग्यो र दरवार छिन्नभिन्न पारिदिई लश्कर बुटवलमा चढायो। त्यस बखतमा गोरखाका दश बाह्र जवान सिपाही मात्र बुटवलगढीमा बसेका थिए। अरू पाँच सात सय लश्कर साथमा लिई कुम्भेदान जयसुर थापा नमकका झाडीमा बसेका थिए। अंग्रेजको अघिल्लो मोहडा बुटवलका आडमा जोरियो र गोरखालीहरूले एक सलुक लगाउदा अंग्रेजका सब फौज भागे। त्यसकारण लडाईंमा जित भयो।

शाके १७३७ मार्ग महीनामा नेपालतर्फबाट कर्णेल रणवीरसिंह थापा मुखत्यार भई क्षणपुरमा बस्न जाँदा त्यहाँबाट प्रसादसिंह बस्नेत र सरदार बखतसिंह बस्नेतले बज्रवाणी, भैरव र वीरदल पल्टन लिई बारागढी हान्न गएका थिए। मौसर नपर्दा त्यसै रह्यो। श्रीनाथ कंपू ५ पट्टि र देवीदत्त पल्टन एक फयर लिई कपतान सर्वजित थापा र लेफटेन पृथ्वी हमालले अरू धेरै फौज लिई समनपुरमा गएर रातमा डांक हान्दा दुवै ठाउंका अंग्रेजहरू साफसंग काटिए। पर्सा समनपुरमा वैरीको फौज आउंदा कपतान शमशेर राना र कपतान वीरकेशर पांडेलाई श्रीनाथ, कालीबक्स, लेवीदत्त, वीरभद्रजंग यति फौंज साथमा दिएर खटाई पठाए। ७१ साल पौष वदि ६ रोज ७ मा उनीहरूले तरवार मिसी भारी लडाईं गरे। गोरखातर्फका ढाक्रेसमेत गरी सत्तरी जना खती भए। दुइ सय उनसट्टि घायल भए। वैरीतर्फका गोरा तिलंगा अठार, बनियां बगाल गरी पन्ध्र सय बाह्र जम्मा पन्ध्र सय तीस खती भए। घायलको ठेगाना भएन। यस लडाईंमा हात लागेका वैरीका खरखजाहरू मेजर गुणवन्तले हिसाब लेख्दा तोप ३, बन्दूकमा अंग्रेजी १६९, फैसली ८४, दुइनाले ५, पेस्तवल ८, करावित १, टोटावाल लस्करी ३, कुथी अवरट लागेको समेत जम्मा ३५०, संगिन २२६, तोश थान २९, टोप १०५, किरीच ३३, भाला ९, चप्रास ३२, दुर्विन २, घडी ३, पानीघडी १, पत्थर २१२७ गोली ७०४, गट्ठा १८९२, पुलटवाल २, बाँसुरी ४, कलाट १ तमोर ४, हात्ती ४, ऊंट २, पालकीला ८, चादनी ३, बनाटको चुस्ता सुरुवाल १४, मार्तवल १३, किताप ९, यति मालसामान नेपाल श्री ५ सरकारमा चढाई पठाए। जित गोरखाको भयो।

१८७१ सालमा बर्दवाणी कम्पनी लिई कपतान प्रसादसिंह बस्नेत पाल्पा गए। चौतरिया प्राण शाह, कर्णेल रणवीरसिंह थापा र काजी दलभंजन पांडेसमेत गोरख, कालीबक्स र श्रीनाथ कम्पूको तीन फयरसमेत भारी फौज लिई हिटौडामा बसेका थिए। चुरियाघांटी वैरीले लियो भन्ने खबर आउँदा ७१ साल फागुण वदि ३ रोज ६ मा कर्णेल रणवीरसिंह थापा, कपतान वीरकेशर पांडे र कपतान बखतसिंह बस्नेतलाई फौज साथ लिई लडाईं गर्न खटाई पठाए। भिक्षाखोरीको चुरियामा भारी लडाईं भयो। त्यहाँ अफिसरका बेतजवीजले लडाईं बिग्रन गयो। अनि चुरिया छोडी अलि वर घांटीमा अघि आउने कपतान वीरकेशर पांडे, कपतान बखतसिंह बस्नेत र अरू जमादार, हुद्दा, सिपाही गरी ८९ जवान र ती कर्णेल, भारदार, पल्टन, फौजहरूसमेत भई भारी लडाईं हुंदा जित गोरखाको भयो।

फेरि ७१ साल फागुण शुदि १ रोज ४ का दिन शिखरकटेरी हरिहरपुरमा अंग्रेजले चढाउ गर्दा त्यहां भारी लडाईं भयो। त्यस लडाईंमा गोरखाली फौजले अंग्रेजको फौज मारेको गन्ती गर्दा खुकुरी तरवारले मात्र मारेको गोरा ३६, काला १८, जम्मा ५४, तोप बन्दूकले मारेका र घाय लगरेका काला गोरा गरी १७०००, अरू फौज घायल २५०० ठहरिए। गोरखातर्फ खती भएका र घाइते भएका नयां गोरख कम्पनी, गोरख कालीबक्स कम्पनी, जेठा फयर, दोस्रा फयरका गोलन्दारसमेत २१७ ठहरिए। ढाक्रे भई हानमार गर्ने खती भएका र घाइते भएकाहरूलाई श्री ५ सरकारबाट बक्सेको वस्तु ७२ साल

फागुण शुदि २ रोज ५ मा मेजर गुणवन्तलाई लेखाई कप्तान शमशेर रानाले बाँडिदिए ।

त्यसै अवस्थामा जनरल अख्तरलोनी साहेबले केही लश्कर लिई मकवानपुर माडीमा आएर हाम्रातर्फका वकील चन्द्रशेखर पाध्यासंग बातचित गर्दा घा सलूकको बन्दोबस्त भयो र लडाई माकुम गरी काजी बरतवारसिंह थापा र टकसारी चन्द्रशेखर पाध्याले अंग्रेजलाई लेखिदिएको करारनामाको बेहोरा यस्तो थियो:—

लिखितं काजी बख्तवारसिंह थापा, टकसारी चन्द्रशेखर पाध्या आगे मकवानपुरगढीमा चन्द्रशेखर पाध्याले अहद नाघेको क्षमा जनरल अख्तरलोनी साहेब बहादुरले हाजिर गर्दा जनरल साहेब बहादुरले फर्मायो कि यस बखतमा यो अहद मंजूर गर्नाको लाट साहेब बहादुरको हुकुम छैन यकिन वराट साहेब बहादुर लेयठ साहेब बहादुर पनि बक्सिस गर्ने छैनन् म पनि छैन । उस कुराको बिनति लाठ साहेब बहादुरले फर्माउँदा सोही बातबाट कबोल गरी काजी बख्तवारसिंह थापाले र टकसारी चन्द्रशेखर पाध्याले कबोल गरी राजीनामा लेखी जर्नेल अख्तरलोनी साहेबछेउ दाखिल गर्‍यौं इति सवत् १८७२ फागुण शुदि ५ रोज २ मुकाम मकवानपुर शुभम् ... ...

यति भएपछि चुरियादक्षिण कौशिकीदरियावपश्चिम उदियापूर्वको तिमीले खानू भनी उहाँको सवाल जनरल अख्तरलोनी साहेबलाई सौंपी बडा साहेबको अहदनामा पनि श्री ५ महाराजका हजुरमा चढाई पठाए । त्यसपछि तिम्रो वकिल हाम्रो दरवारमा र हाम्रो वकिल तिम्रो दरवारमा रहून् भन्ने बन्दोबस्त बांधी जनरल अख्तरलोनी साहेब लश्कर लिई आफ्ना मुलुकतिर फिरे । त्यहाँका जगा जगामा रहेका भारदार र लश्करहरू सबै लिई सेनापतिहरूले चैत्र महीनामा दरवारमा आएर श्री ५ महाराज गीर्वाणयुद्धविक्रम शाह बहादुरका हजुरमा हाजिर भई दर्शन गरे । ७३ साल वैशाख महीनामा अंग्रेज बहादुरको वकिल भई बालु साहेब नेपालमा आए । यहाँबाट टकसारी चन्द्रशेखर पाध्या वकिल भई कलकत्तामा गए । त्यसपछि अंग्रेजसित सिमाना सच्याउनालाई जनरल भीमसेन थापाले मानिस खटाई पठाए । बादशाही फौजसंग श्री ५ सरकारका प्रतापले यस्ता तरहसंग जगा जगामा लडाई फत्ते गरी आफ्ना सिलसिलाउ (खुशीराजी) संग धाकी बन्दोबस्त गरेका हुन् । अब अंग्रेजसंग सलूक भएपछि भएको करारपत्रको बेहोरा यस्तो थियो:—

बादशाह (सरकार कम्पनी) को लश्करको ठूलो सरदार औ सरकार कम्पनी अंग्रेज बहादुरका हिन्दुस्थानका मुलुकका तालुकमा भएका मुलुकको बन्दोबस्त गर्ने हिन्दुस्थानको शनैश्चरसमान दरवार भएका बादशाह कृपापूर्ण हजुरका खास वजीर ठूला नाउंका उमराउमध्ये छानिएका नवाफ मुस्तनावमु अल्ला अटिकाव असरफुल मराउलाई दमाएरा गवर्नर जनरल बहादुरले अख्तियार दिएबमोजिम कम्पनी अंग्रेज बहादुरका तर्फबाट ढाकर ठूला दर्जा भएका बढिया बडो मान पाएका मुस्तहफेज दौलामुद्र वेरुलमुलको लेफटेन कर्णेल बडासाहेब बहादुर शमशेर जंगमार्फत औ नेपालका श्री महाराज गीर्वाणयुद्धविक्रम शाह बहादुर शमशेर जंगबाट अख्तियार दिएबमोजिम तिनका तर्फबाट ठूलो र बढिया मान पाएका श्री गुरु गजराज मिश्र र टकसारी चन्द्रशेखर उपाध्यायमार्फत गरी कम्पनी अंग्रेज बहादुरको र नेपालका श्री ५ सरकारको बीचमा सलूक र मिलापको करारपत्र यो लेखिएको भई दुरुस्त भयो सरकार कम्पनी अंग्रेज बहादुरको र नेपाल सरकारका बीचमा लडाई झगडा परी गएको यो लडाई नभई अघि जस्ता तरहसंग दुवैतर्फको दोस्ती सदा सर्वदा चलिआएको थियो त्यस्तै तरहसंग सलूक मिलापको स्रेस्ता र दोस्ती प्रीतिको बहाल बढकरार रहोस् भनी दुवैपट्टिलाई आजभोलि मंजूर छ तसर्थ तपसीलको दफा हरफबमोजिम सलूक र मिलाप गर्नाको कबोल ठह-यो ।

१, सरकार कम्पनी अंग्रेज बहादुरको र नेपाल सरकारका बीचमा सलूकको दोस्तीको स्रेस्ता र प्रीतिको दस्तूर अब उप्रान्त सदा सर्वदा बहाल बढकरार रहनेछ ।

२, लडाई नभई अघि दुवैपट्टिको सवालजवाफ परेको दुवैको तकारी जमीनबापत नेपालको सरकारले दैया गर्न छाडीकन त्यो जमीनमा सदा सर्वदा अख्तियारी चलाउनालाई सरकार कम्पनी अंग्रेज बहादुरको हक रहेछ भनी कबोल गर्दछन् ।

३, नेपालका सरकारले यो दफाबमोजिम तपसीलमा लेख-

एको सबै जमीन कम्पनी सरकार अंग्रेज बहादुरको अहल्कारहरूलाई सदा सर्वदा अख्तियार चलाउनालाई सपुर्द गर्दछन् ।

१, कालीनदीको र रापतीनदीका बीचमा भएको तराईको सबै जमीन ।

२, रापतीनदी र गण्डकीनदीका बीचमा भएको तराईको सबै जमीन ।

३, सरकार कम्पनी अंग्रेज बहादुरको अम्बल बन्दोबस्त चलेको अथवा चल्न लागेको गंडकीनदी र कोशीनदीका बीचमा भएको तराईको सबै जमीन ।

४, मेचीनदीका बीचमा भएका नदीका तराईको सबै जमीन ।

५, खदी औ नगरीको जमीन औ मोरङदेखि पर्वतमा माटो भएको नगरकोटको घाट औ त्यो घाट र त्यो नगरीको बीचमा भएको सबै जमीन पार गरी यति जमीनसमेत मेचीनदीका पूर्वपट्टिका पर्वतहरूका भित्रको सबै जमीन ।

४, यी सबै जमीनबाट यस करारपत्रका तारीखदेखि ४० दिनका बीचमा सरकार नेपालको फौज उठी जानेछन् । माथिका दफाबमोजिम सरकार अंग्रेज बहादुरको अहल्कारहरूलाई सपुर्द भएको जमीन छुट्टिई गएको हुनाले नेपाल सरकारका कोही कोही सरदारहरूले भादारहरूलाई नोक्सान (घटी) पर्छ भन्ने अर्थले त्यसका सट्टाको निमित्त नेपाल सरकारबाट जुन जुन सरदारहरू भारदारहरूको नाउं लेखी भागको ठेगान लगाई आउंदा उन उन सरदार भारदारहरूका निमित्त वर्षको दुइ लाख रुपियाँ नगदको डबलसित आपना सरकारबाट मुकरर गरी तिमीहरूको नाउं लेखिई आउनेबित्तिकै नवाफ असराफले उमराउ लाउन्डभाई गभर्नर जनरल बहादुरका मोहर दस्कतले तिनीहरूका भागको सनद दिएजाला भनी अंग्रेज बहादुरका अहल्कारहरू कबोल गर्दछन् ।

५, नेपाल सरकारका कालीनदीको पश्चिमपट्टि भएका सबै मुलुक आफ्ना तर्फबाट पनि आफ्ना सन्तान अंसियार नायकहरूका तर्फबाट पनि सन्तान दरसन्तान छाडी सबै तवरका दाबाबाट हात उठाई त्यस मुलुकसंग र त्यहाँ बस्नेहरूसंग कुनै तरहको इलाकार र सरोकार राख्नेछैन भनी कबोल गर्दछन् ।

६, सुखिमका राजाका हकमा त्यसको मुलुकबापत कुनै तरहको रोकटोक गर्नेछैनौ भन्ने नेपाल सरकारबाट कबोल गर्नुहुन्छ । कदाचित् सरकार नेपाल र सुखिम राजाको दुवैपट्टिका कारिन्दाहरू र रैयतहरूका बीचमा झगडा तक्रार पऱ्यो भने सरकार कम्पनी अंग्रेज बहादुरको अहल्कारहरूले तेसर विजस्त फेस गरिदिनन् म त्यो कबोल मंजूर गरूंला भनी नेपालका सरकारबाट कबोल गर्दछन् ।

७, सरकार कम्पनी अंग्रेज बहादुरका अहल्कारसंग नसोधी इङलिशस्तानको मानिस भए पनि अंग्रेजको मानिस भए पनि चाकर नोकर राख्नेछैम भनी नेपालका सरकारबाट कबोल गर्नुहुन्छ ।

८, आजभोलि दुइ सरकारका बीचमा चलेको सलुक मिलापको स्नेस्ता दोस्ती प्रीतिको दस्तूर बल्यिो रही दिनदिन बढ्दै जानालाइ दुवै सरकारका तर्फबाट दुवै दरबारमा वकिलहरू तैनाथ रहून् भन्ने कबोल ठहऱ्यो ।

९, यो नौ दफामा भएको करारपत्रमा यस तारीखदेखि १५ दिनका बीचमा नेपालका सरकारको मोहर दस्कत भई लेफटेन्ट कर्णेल वराट साहेब बहादुरलाई दिएजाला । औ यस करारपत्रमा लाउन्ड भाइरा गवर्नर जनरल बहादुरको दस्कत मोहर गराई २० दिनका बीचमा जति सक्यो चांडो गरी नेपाल सरकारछेउ पुऱ्याउंला भनी लेफटेन्ट कर्णेल वराट साहेबले कबोल गर्दछन् । यो करारपत्रको बेहोरा अंग्रेजी संवत् १८१५ डिसेम्बर महीनाको २ तारीख शनैश्चर वारका दिन हिजरी सन् १२३० जिहज महीनाको २९ तारीख विक्रम संवत् १८७२ सालमा लेखिएको हो ।

श्री ५ महाराजलाई तराई फिर्ता गरिदिई मुकदमामा हिनर्वल इधार्ड गाडनर साहेब बहादुरले आफ्ना सहिछाप गरी श्री ५ सरकारमा पठाईदिंदा त्यसैबमोजिम सरकारमा मंजूर भई सिमानाबन्दी भएका करारपत्रको बेहोरा यस्तो थियो:—

नेपाल सरकारसंग मिलाप र खातिर गर्नुपर्ने हुनाले अगाडिका करारपत्रमा लेखेका जुन जुन कबोलबापत नेपाल सरकारलाई तकलीफ हुन्छ त्यो माकुम हुन पनि सक्छ भनी सरकार कम्पनी अंग्रेज बहादुरका अहल्कारहरूलाई सौंपनु भई त्यो जगा बढिया रहेछ भनी बुझ्नुभएका तराईको मुलुक नेपाल सरकारको मन राख्नाका निमित्त फिर्ता गरिदिएको हो तर यो कुरा संझनुहोला के भने तेह्रौतको र सारंगको जिल्लामा भएका तक्राजी जमीनबाहेक औं सरकार कम्पनीका अहल्कारहरूलाई सपुर्द भएपछि जजसको हक ठहरी सरकार कम्पनीबाट बक्सिस भएको होला सो जमीनबाहेक कोशीनदी र गंडकीनदीका बीचमा भएको तराई जस्ता तरहसंग लडाईं नहुँदै अगाडि नेपालको अम्बल कबुजा तालुक रहेको हो त्यस्तै तरहसंग सबको सब फिर्ता गरिएला सरकार कम्पनीबाट मानिसहरूले पाएका जमीनलाई आफ्ना सरकारमा राख्नानिमित्त नेपाल सरकारमा मंजूर गर्नुभयो भने अर्को जमीनसंग त्यसको सट्टा गरिएला औ यो कुरा पनि संझनुहोला के भने तेह्रौत जिल्लामा धेरै दिनदेखि तक्राज परेको र तक्राजी जमीन धेरै छंदै पनि सरकार कम्पनीका अहल्कारहरूले तिह्रौत जिल्लाको तक्राजी जमीनहरूबापत अंग्रेजी १८१२ विक्रम १८६९ सालमा भएका फैसला मजूर राखी त्यसबाहेकको छोडिलियां कस्तो भने जस्ता तरहसंग उस सालमा फैसला र सवालजवाफ ठहरेको हो त्यही फैसला र सवालजवाफ आज पनि बाहाल बढकरार रहनेछ औ तक्राजी जगा र नयां सिमाना बनाउनाका निमित्त दुवैपट्टिका तजवीजले लागेको जमीनबाहेक गंडकनदीको र रापतीका बीचमा भएकौ तराईको जमीन कुन भने गंडकनदीदेखि गोरखपुर जिल्लाको पश्चिम सरदसंम स्यूराज र बुटवलको तराईको जमीनसमेत पनि जस्ता तरहसंम लडाईं नहुदै अघि नेपालतालुक थियो त्यस्तै तरहसंग दरोवस्त फिर्ता गरिदिएला औ नपायुंजेल दुवै सरकारका बीचको सरहदको बडिया डबलसंग ठेगाना लगाई दक्षिणपट्टिका जमीन सरकार कम्पनीका तालुकको औ उत्तरपट्टिका जमीन नेपाल सरकारका तालुकको छ भन्ने थाह नभई अलग दिई खानुपर्ने गरी सिमानाको पर्खाल सांध गरी बनाएदेखि बढिया हुनेछ औ कदाचित् जमीन कोही बांगो हुनाले सिमानाको पर्खाल बनाउन भएन भने मुनासिबबमोजिम कठिन नपर्ने माफिक कोही खण्ड जमीनसंग जमीनहरूले सट्टा नगर्नू औ यस सरकारका तालुकको भए पनि नेपाल सरकारका तालुकको भए पनि सिमानाका नजीकमा भएका कोही जिमीदारका जिमीदारीको केही जमीन सरहद बनाउने बेलामा दुइ सरकारका अंबलभित्र आयो भने सदा सर्वदा झगडा र दुवै अमालको टन्टा भेटाउनानिमित्त अमीनहरूले आफूसको सल्लाह बमोजिम त्यो जमीन सट्टा गरी एकै अम्बल र एकै इलाकामा राख्न औ तराई फिर्ता भएपछि नेपाल सरकारका कोही एक भारदारलाई खर्चनिमित्त तराईका सट्टामा वर्षदिनको दुइ लाख रुपियां सरकार कम्पनीबाट दिनू भनेको पनि माकुम होला भन्ने कुरा नेपाल सरकारबाट कबोल मंजूर गर्नुहोला औ तराई फिर्ता भएपछि त्यहाँ बस्ने मानिसहरू लडाईंका बखतमा सरकार कम्पनीसंग सामेल थिए भन्नेबापत तिनीहरूलाई शास्ती हुनेछैन औ कदाचित् खेती गर्ने रैयतबाहेक त्यहांका कोही मानिसले आफ्ना जिमीदारीको जमीन छाडी सरकार कम्पनीका अम्बलदारीमा जान खोजे भने त्यसलाई मनाही हुनेछैन भन्ने कुरा पनि नेपाल सरकारबाट कबोल गर्नुहोला यो सबै बेहोरा नेपाल सरकारबाट मंजूर भए यसै कागजले नाप र सिमाना खडा गर्नाको काम होला औ सिमानाको बन्दोबस्त दुरुस्त भएपछि यसै कागजमा लेखिएको बेहोराबापत दुवै सरकारका दस्कदले सनद लेखी त्यसमा दुवै सरकारको मोहर गरिदिनु गरिएला अंग्रेजी सन् १८१६ डिसेम्बर महीना विक्रम संवत् १८७३ साल पौष महीना चार तारीख आदित्य वार शुभम्----

यस्ता तरहको बन्दोबस्त भएपछि अंग्रेजको र गोरखा सरकारको दिन दिन दोस्ती प्रीति बढेको हो। ७३ साल वैशाख महीनामा नेपालमा आएको अंग्रेजको वकिल बालु साहेबलाई शहरका उत्तरभागमा ठवहेलका समीपमा राखे। यी राजा बडा शान्त स्वभावका हुनाले वैष्णव धर्म व्रतमा रही देवतालाई बलिदान दिन आवश्यक परेको कार्यबाहेक भंगेरापर्यन्त पनि त्यसै जीवघात गर्दैनथे। खसी आदि मार हानी खान दरबारभित्र माकुम गरी भंगेरा परेवा नमार्नू, गुलेली नहान्नू, मार पनि नहान्नू भन्ने उर्दी दिंदा पनि मार हान्ने, गुलेली हान्नेहरूलाई पक्री सजाय गर्दथे। तसर्थ त्यस्तो काम गर्न पनि माकुम भयो। यी राजाले टुंडिखेलमा फलामको ढोका र लामो पाटी बनाई शोभा गराए। नेपाली संवत् ९३० सालमा हनूमानढोका सुनको ढोका गरी बनाए। नासलचोकको भित्र बाहिर सबै ठाउंमा मच्छेगाउंका ढुंगा ल्याएर छापी सुग्धर गराए। क्रमशः

ऐतिहासिक पत्रस्तम्भ

नं. २१

उप्रान्त ग्रहणमा ···२··· नुहावन जांदा कहलुन्या राजाले मछेउ भन्याको स्माचार रणजीतसिं जाई काश्मेरको भरमगढ किल्ला हान्न जांदा दुई हज्जार पचिस्सै जवान रणजीत्सिको षर्च पनी भयेछ, सिकस्त षाई लश्कर वर सरिरहेछ, आजकाल रनजीत्सि आपना गोल्दार सिपाहिका डेराडेरा जाई कसैलाई वित्ती दिउंला, कसैलाई ५।७ हज्जार रुपैयाँ दिउंला, कसैलाई दर्माह बढाई दिउंला, काश्मेर लिई देउ भनि भन्न लागीरहेछ, यो सावन भदौमा केही भयो त भयो, भयेन भन्या लिनु गाह्रै छ भन्या स्माचार छ भन्या रणजीतसिं काश्मेरमा चढदा कावेलको पनि घर सचियो, फत्ते षांको लश्कर पनि काश्मेर आयो भन्या षवर छ, अब उप्रान्त जो षवर आउंला सो विन्ति लेषुला, वाकि आषाढ वदि १४ रोज ५ मा पठाउनुभयाको कृपापत्र श्रावण शुदि ५ रोज ५ मा आइपुग्यो, हरप हरप हेरि शिर चह्रायां, वटौल सिउंराजमा फिरंगी चढचाको अघि बुढाकाजीलाई आयाको समाचार सुनावनुभयो र पनि ताहांको सदेह मान्याको थियेन, अवर मलाई आयाको कृपापत्र देषदा ताहांको संदेह फिक्क कत्ति रहेन षातिरदारी भआं ···३··· को मेहेरले र षामिदको प्रतापले सर्वत्रै फत्ते हुन्याछ, अजि जानि नजानि लेष्याको माफ भयाजाला, ईति सम्वत् १८७१ साल मिति श्रावण सुदि ६ रोज ६ मोकाम अंकि शुभम्--

ईत सेवक वन्दा जसपाउं थापाको वंदगी कुर्णस सलाम सलाम सलाम शुभम्- --

नं. २३

श्री ५ सर्कार — १

श्री देवदेवता — २

ज्मादार सुरविर थापा हल्कारा हरिदत्त पांडेले लाहु--र्वाट ल्यायाको षवर फर्द- - - - - - - - - - - उप्रान्त वैशाषका २ दिन जादा षलीता ली लाहुर पुग्याथ्यूं. रणजीत्सिं ढोडेवागमा वस्याका रह्याछं. पुग्याका भोलीवेर राजा ध्यानसींसंग भेट मुलाकाट भयो. राजा गुलाफसींका नाउको षत् राजा गुलाफसीं पेसवर गयाको रहेछ र उनका भाइ राजा ध्यानसींका हात सौपन्या काम गरियो, षत् षोली हेरी पेसवर दाज्यूसंग पठाया, अनेत्र देसदेसावरबाट षत पत्र आउदा गुलाफसीं ध्यानसों सुचेतसीं हिरासीं इ ४ का नाउमा आउदा कलाप्बहादुरसि राजा भनी लेषी आउदो रहेछ जाहां गोर्षा ···१··· बाट गयाको षतमा सर्दार गुलाफसीं भनी लेष्याको रहेछ र वहुत कोमली भै दिक्दारी भया, अलीछिन् जवापसाल केही भयेन नहुदा सर्दार भनी षतमा लेषियाको दोस् ···१··· लाई चौतरी-यालाई ज्मादारलाई कसैलाई छैन, यो वेकुव् मेरो छ, मैले अघीपछि जनाउ दियाको थियेन सो वेहोरा ···१··· मा र चौतरिया ज्मादारलाई पनि थियेन यो चुक् मेरो छ. माफ हवस् भनी वहुत त्रहसंग अर्जुन थापाले हात जोरी विति गर्दा ढेरै वेरपछि वढिया हो. पाहाड पाहाड तिमी हामी यकै हौ येस्मा केहि संदेह मांनुपर्दैन, तिम्रो हाम्रो दोस्ती छ तिमीहरूलाई सर्कारमा भोली भेट मुलाकात गराउला भनी राजा ध्यानसिंले भन्या र डेराडेरा गर्‍यूं, भोलीवेर रणजीत--सिंका नाउंको ···१··· बाट गयाको षलीता र चौतरिया-बाट गयाको षत ली अर्जुन थापासमेत भै गै डेउढिमा वस्या का थिर्‍यूं, रणजीत्सिबाट आउ भनि भैयालाई पठाउदा

उसै वषतमा हरीप्रसाद अधी सन्यो र जमादार तसग आया को पनी होइन तलाई क्या चाहियो भनी अर्जुन थापाले भन्दा उसै कुरामा २ जनाको दागाबाजी हुँदा दुवैलाई आउनु-हुदैन भनी वाहिरै रोकीया, हामी मात्रै भित्र गै मेट मुलाकाट् भै ···१··· बाट गयाको षलीता चौतरियाबाट गयाको षतस्मेत सवै हाजर गर्‍यूं. षलीता र षत सवै मुनसिले पढि सुनाया. चौतरियाबाट गयाको षत पढ्दा बहुत षुस भया, बेरैवेर षत हेर्दै सलाम् गर्दै गर्दथ्यो चौतरिया कौन है भनी भन्या र ···१··· का भाई बिरादर हुँ भनी भन्या र ये बडे बडाआदमी हुँ षुर है भनी रणजीत्सिले चौतरियाबाट गयाको षत हेर्दै सलाम मात्रै गर्न्या डोटि चौतरियाबाट गयाको षत देषी बहुत षुस भया. तिमीहरू नेपालबाट आयौ की डोटी चौतरियाबाट आयौ भनी सोध्या र डोटि चौतरियाबाट आयाको हौं भनी विस्तार गर्दा चौतरियाबाट कति कुरा आयाको छ वस्तु भनी राजा ध्यानसिंलाई सर्कार रणजीत्सिले इसरा दियो र राजा ध्यानसिले जमादारहरूसंग बसी चौतरियाबाट कति कुरा आयाको छ सोध्नुछ गर्नु भनी मुनसीलाई अह्राया र उसै वषत् ७।८ हातको फरक् भै वहीनेरा बसी डोटि चौतरियाबाट कति कुरा आयाको छ विस्तार गर भनी मुनसीले भन्दा चौतरियाको यो मर्जि छ की. तिमी हामी हिन्दुस्तानी हौं, हिन्दुको धर्म यो हो की हिन्दु हिन्दुको येक बाक्ये एक मतलब् रह्या बढिया हुन्छ, सो अर्थ गोर्षा ···१··· को र आहा सर्कारको दोस्ती येक रहि येक मत रह्या बढिया होला भनी चौतरियाबाट मर्जि हुंछ. भनी हामीले विस्तार गर्दा वेस् येस् कुराको सर्कारमा अर्जि गरौंला भनी मुनसी उठ्यो र वही वषत सो विस्तार सर्कार रणजीतसिंग मुनसीले गर्‍या र वेस् बढिया गोर्षा ···१··· का र हमारा येकी मत होगा दोस्ती षुब् रहेगा कोही बात्का संदेह मत् मानिये भनी छातीमा हात राषी रणजितसिले इसारा गर्‍यो फेरि चाल नपाया जस्तो गरी माथवरसि काहा छ भनी सोध्या र हामी तं सरासरी सर्कारमा आर्‍यूं, हामीलाई षवर छैन भन्दा उस्मा षुसी भै माथवरसीं जस्ता नेपालमा अरू पनि छन् की भन्या र तेतीका आदमी तव हुन्छ भंदा जङ्मा यो माथवरसि कस्तो छ भनी सोध्या र जं उठ्याको वषत्मा कच्चा उमेर थियो जं भन्या गर्‍याको छैन देषनामा र जं गर्ला भन्या जस्तो छ भंदा कवायेत्को कस्तो छ भनी सोध्या र कवायेत्को काममा भन्या तयार छ भन्या विस्तार गरियो, मैनाको हजार रुपैंया दि माथवरसीलाई दिनानगरमा रष्याको छ भेट भन्या दियाको छैन माथवरसीले लग्याका सौगाती माल् र षर्चीका सवै वेला सराईको कोठिमा राषीछोडेछ. सर्कार रणजीतसीं वेराम हुदा जमान् वंद छ. आजकाल सवार घोडामा हुदैन षासुमा फिर्दछ. जवान वंद भयाको साचो हो की नकल हो केही कुरा गर्दा पनी इसारै मात्र गर्दछ. जबाफ साल कसैसित पनी ध्यानसीं गर्छ. संचेप् बुझ्नामा र अंरेजसग मिलाप् गर्दा फगत् रणजितसीं एक मात्रै मिलाप् गरी राषेछ. अरू सवै वाहिकै छ. उसै उसले अंरेजलाई छलना निमित्त जवान् वंद गर्‍याको हो की जस्तो लाग्यो. आफ्नु काम र कौनै कुरो रह्याको छैन वरोवर चल्दैछ. रोकसोद हामीलाई चाडो भया बढिया हुदो हो भनी सवाल गर्दा अछा तुमारा रोकसोद जल्दी होगा भनी सर्कार रणजितसींले भन्यो र उस दिन्को विदावारी भै डेरा गई यो २० दिनमा बोलाइ गोर्खा ...१...मा हाम्रो फत्ये बोलाईदिया भनी सर्कार रणजितसींवाट रोकसोद गरीदिया. उसका पांचौ दिनमा राजा ध्यानसींले भन्यो की गोर्षा ···१··· वाट दोस्ती गर्छौं भन्या लदाक् हाम्रो सुलुक छ पाहाडै पाहाड लदाक्को रस्ता गरी आउनु र लदाक्मा वस्न्या मुषत्यारसंग पगरी वदला गरी उनैले हामीसित ल्याउन्या काम गर्नन् तव दोस्ती वेस रहला. आहा जो आउछ येकै आया येकै कुरा हुंछ र दोस्ती सपुर्त भै येक सल्लाह मत् रहि काम् वढिजा हुंछ. वषतैपीछे मानीस् वदलीदै आउदै गर्‍या पछि ता कुरा वदलीन जांछ र दोस्ती दुरुस्त होइसक्तैन गोर्षा ...१... वाट आहा जो आउछ सदा येक आदमी आया वेस होला. हरीप्रसादले र भरसक् गोर्षाको पातलै कुरा पारी विगार्न लागीरहेछ. येस्तालाई त वकील् पठाउछं भनी राजा ध्यानसींले हामीसित भंथ्या. राजा ध्यानसींका भलाआदमीहरू क्या भंथ्या की तिमीहरू जो आउछौ केही वेवस्था वाधी जादैनौ केही कुराको कौसल् धर्म भयापछि फेरि फेरीको दुष पाइदैनहो भनी भंथ्या पोरका साल अर्जुन थापासग राजा गुलाप्सींले भनेछ की गोर्षा ···१··· मा कुन कुन चीज सौगात् पठाजा वढिया हाला भंदा करावि्न् दोसाला घोडा तर्कस कमान् लाहुरी वंदुकहेरु पठाया कसो होला भंदा वेस् वढिया छ भनी भंदा सव ताफा माल तयार गर्‍याका रह्याछं र यो चीज माल् गोर्षा ···१··· मा पुगी दानुतर्फको येक सल्लाह भयो भन्या गढ नाहान्का राजावाहिक् उपर राजा राजाहरूसंग घा सलुक वंदोबस्त सवैसित हाम्रो भया. को छ. अंरेजको सुगाठोरको र गुरुद्वारको २ छाउनी म उठाइदिउला भनी राजा गुलार्फसिले भन्या र वेस् वढिया

भनी अर्जुन थापाले भन्दा तिम्रो मानिस् १ मेरो मानिस् १ सौगात्संग गोर्षा पठाउनु भनि सल्लाह भै गौगात् माल् लिन जम्बु गै विस् २० दिन वस्दा गुलाप्सीं जंबु गैरह्याका वषत्मा वेंठ साहेव सर्कार रणजित्सींसग आयो र क्या भम्यो भन्या गोर्षाको गद्दीको मालिक हुन्या ता अर्कै अंधा छ इनले उसै वलै मिची गद्दीका मालिक भैरह्याछं. हाल् कावेल्को मोहिम् चढ्नाको तयार छ. कावेलवाट फर्क्यापछि गोर्षाका गद्दीमा अंधालाई वसाउनाको वंदोवस्त गर्नुपर्न्याछ भनी वेंठ् साहेवले रणजित्सींसग कुरा गर्दा सो कुरा जंबु गयाको राजा गुलाफसींले सुन्या र हाल् सौगात्सग जान्या मानिस् विराम् भयो पछि पठाउला भनी उठी पेसवर गयो. फिर्याको छैन भनी अर्जुन थापाले हामीसित विस्तार गर्‍या. गुलाफसीं ध्यानसीं सुचेत्सीं हीरासींलाई फेरि षत् पत्र आउदा सर्दार भनी लेखी आयो भन्या जवाफ केहि मिलन्याछैन कुरा पनि केहि हुन्याछैन अव प्रान्त इनहरू-लाई षत् पत्र आउदा राजा भनी लेषी आया वेस् होला सर्वत्रैवाट राजा भनी लेषी आउछ. औ राजा ध्यानसीले भंथ्या की गोर्षा···१ ···वाट चिन जान्या वेलामा हामी-लाई पनि षवर दिया सरसौगातस्मेत गरी हामीस्मेत येकै भै चीन जाउंला त्यो बषत्को षवर हामीलाई दिनु भंथ्या. अंरेजका अर्थ पिरोजपुरमा जंगी मुलुकी लाठले रणजित्सीं-लाई पक्नु भन्या वंदोवस्त अघी गर्‍याको रहेछ. सिषको पनी सर्दार लोक पल्टं सवले हामी लडनाको तयारी छौं हुकुम देउ भंदा रणजित्सींले भन्यो की तिमीहरू क्या गरौला गुरुका हुकुम जव होला तव म लडौंला भनी भंदा सर्दार लोग पल्टं सव तयार भै आयाका थिया सर्दार लोग पल्टन् कसैले थाहा नाई रणजित्सीं येकलै वारी पिरोजापुरमा आई लाठसीत मीलाप् गरी मुलाकाद गरी लाठस्मेत ली पारी फौज भयाका ठाउमा गया र सर्दार लोग पल्टं गैह्र षर्ष-जाना दौलतको तयारी देषता रणजित्सींलाई चलामौ भन्मा हामीलाई कलकत्ता पुऱ्यायाको षवरी पाइन्याछैन. रणजि-त्सींलाई अैले चलाउनुछैन भनी मुलुकी लाठले भंदा जंगी लाठले वेस् भनी सल्लामा आयो र रणजित्सींले दुवै लाठ-लाई लाहुरमा लगी आफ्ना गढि किल्ला षर्षजाना दौलत सव असवाफको तमासा देषाया र अंरेजले वुष मान्याछं. उसी वषत् कावेल्लाइ मोहिम्को वषत् छ रस्ता देउ सीका-रपुरको चौअन्नी तिमीलाई दोअन्नी हामीलाई जलालावाद-को आम्दानी तिमीलाई भावलपुरको आम्दानी हामीलाई भयौ रस्ता देउ भन्दा वेस् भनी तेही रस्ता सीपले अंरेज-लाई दियो र अंरेज पिरोगपुरबाट उठी गया. जादाजादै सीकारपुर जलालावाद भावल्पुर सवै मिलाप्मा आया. जलालावाद ७ लाष भावल्पुर १५ लाषको रहेछ. जला-लावादको कौडी र सौगात् सीषसग दाषील् भयो. अंरेज षधारदेषी ३२ कोस् वढो पुगीरहेछ अना पानीको वहुत दुष छ हिंदुलाई ४ सेर मुसलवानलाई ३ सेर रुपैआको पानी मिल्छ आधा वालु भयाको अनाज ९ सेर लिछ १२ सेर दिछ. वालु रेतीका पीडाले गल्ला फौज मरी गयेप् भयो. षान नपाउदा १० हजार हानी र उपर उठ सव फिऱ्यो. अंरेज वीचमा अट्कीरहेछ. अंरेज हामी मान्दैनौ. तिमी हामी मित्रै छौ सदेह मांनुपर्दैन भनी तिमी भंछौं भन्या तिमी मानी वसौंला भनी सीकारपुऱ्या लाहुरैमा आइ-रहेछ. अंरेज कावेल पुग्न सक्याको छैन. वेसवऱ्या दुरा ीले डाक हानी २ पल्टन् २ साहेव मारी २ तोप लुटी लग्या. इरानीहरू पनि उठी १० हजार सवारी फौज् ली षधार-को घाटामा आई वसीरहेछ. काभेल्को वकील् पनी रण-जित्सींसग वसीरहेछ. रणजित्सींले अघी तिमीलाई २५ हजार फौज दिउला भनी अंरेजलाई भन्याको रहेछ र वेंठ साहेव आफ्नो पल्टं ली पेसवरको वाटो गयाको टांकवंद पुग्याको थियो. उस्तै वीचमा केहि कुरामा तलमाथि पर्दा १५ हजार दिउला भन्यो. १५ हजारमा १० हजार. १० हजारमा ५ हजार दिउला भनेछ सो पनि नदिदा टांकवंद पुग्याको वेठ् साहेब फीरी आई अटक्का कीनारामा छाउनी हाली वसीरहेछ. केहि गरी अंरेज कावेल्बाट घर्क्यो भन्या उसै वषत् येस्को काम् देषौला भनी मैनाको हजार रुपैआ दि मातवरसींलाई दिनानगरमा लुकाईराषेछ भनी अर्जुन थापाले र भलाआदमीहरूले भंथ्या. रणजित्सींको सर्दार लोग पल्टं सव पेसवरमा ज्मा छ. लाहुर रणजित्सींका साथमा रह्याको र आफ्नु कंपु १ राजा ध्यानसीं १ भैया-राम १ मुनसी अजुदिन १ संतराम १ तहवील् वेलीराम १ रामकृष्ण येति रह्याका छं. षड्गसीं काश्मेरमा राजा सुचेत्सीं जम्बुमा छ. नौनीहालसीं सव फौज ज्मा गरी पेस-वर वस्याको छ. रणजित्सींका अम्वल्भर जगा जगामा अंरेजले डाक राष्याको छ. सीषका साथ लाहुर्मा अंरेजको वकील् पनि वस्याको रहेछ र हामीलाई देषता गोर्षाका लाहुर सर्कारमा आइनाको क्या काम् छ तिनहरूलाई वाटा-मा पक्राइदिउला भनी अंरेजका वकील्ले अर्जुन थापासंग भनेछ. अर्जुन थापाले भनेछ की केही माल षरीद र हिड वेपार षरीद गर्न पाहाडी आयाका हुन् यूत गोर्षाका होइनन्

भनी जवाफ गन्यां भनी सो कुरा हामीलाई सुनाया तिमीहरू देसको वाटो नजानु पाहाडको वाटो जाउ भन्यो र दिनानगरको रस्ता आउदा दिनानगरमा मातवरसिसग भेट भयो र मेरा कुरा पनी केही गर्थ्या की भनी सोध्या र येती येती कुरा भयाथ्या भनी रणजित्सींले सोध्याका कुरा र मैले भन्याका कुरा सोही विस्तार गरीदियां र वढिजै भन्या छौ भनी भन्या. डवल क्या छ भदा येक वषत् पेसवरतर्फ गै तब भेट् मुलाकात् गर्नेला भनी माथवरसि भंथ्या. दिनानगरै वस्याको छ. दिनानगरको रस्ता कागडा पुगी उताबाट फेरी ज्वाला झुरी ज्वालाबाट उत्तर गै रावलेश्वरको रस्ता गरी चोरघाट पैल्याइ मसकका तारमा तरी बेलासपुर झुरी सुगाठोर निस्कि अंरेजको इङ्लिस्या हौ भनी जमुनाको घाट तरी गुरुद्वार निस्की गढकुमाउ आइपुग्यूं. अलमोडा लालकिल्लामा १५ सै भारी षजाना जंगी कामको ल्याई हुल्यो. देस देसवाट रसद झिकाई अल्मोडामा जगेरा वरोवर वांदैछ. अंरेजले येस्तर्फको तागीती गर्न लागीरहेछ. पल्टं र साविकै छ. येस्ता त्रहसित पाहाडै पाहाडको रस्ता गरी डोटी उत्रन आऱ्यूं रणजित्सीं फगत् दानपुन्येका धर्मले र··· २···का समरणाले रणजित्सीं कहलायाको छ अर्को केही छैन ··· २···का थान अनुष्ठान पुरश्चरण र दानदछिना विरामको सवव् भयापछि मात्रै ८ लाष गरीसक्यो अरु गर्दैछ. यसैका पुन्ये प्रतापले यसको आयु पनि बढिरहेछ. आटचाको काज पनि सव फत्य हुंछ भनी लाहुरका सव भलाआदमीहरू भंथ्या भनी कह्या इति सम्वत् १८७१ साल मिति माघ ११ रोज ४ - - - - -

—०—

नं. २७०

अर्जि - - - - - - - - - - - - - - - - - - -

उप्रान्त वरेलिमा दंगा भयो भन्या षवर आयाको विजिनिस अधि चह्राई पठायाको हो कति अर्थले यो कुरा वढचाको रहेछ भनि निस्तुक बुझ्न हलकारा पठायाथ्यु उसले ल्यायाको षवर वरेलिमा टिकस नजा रकम लाउदा साहु महाजनको र तहसिलदार सिपाहिको दंगा भयेछ चप्रासिले हात चलाउंदा दंगा बढन जादा तरवार चलेछ, वेपारि सहरका रयति पठान जमा भयाछं रामपुरको पनि कोहि रोहिल्ला गयाछन् पहेलिभित जाहनावादको पनि पठान जमा भयेछ [illegible] मेरट मोरदावादवाट पलटं झिकायेछ, सहरवाहिर पुर्वतरफ पठान पनि जमा भयाका रह्याछन् फेरंगिले तोप वंदुक चलायेछ पठानले तरवार गऱ्याछन् ढाई तिन सय पठान पऱ्याछन् तिलंगा पऱ्याको षुलि कुरा गर्न कोहि सक्तो रहेनछ अभिन्तर सोह्रा सये छविस तिलंगा पनि पऱ्या भन्थ्या, जो जो मुष्य पठान थीया कोहि भरतपुर कोहि लषनौ कोहि रामपुर भागि गया उनको धनमाल जफत भयो. उस हुलमा पस्याका थिऱ्यो भनि २।३ सय पठानलाई पक्री झेलखाना हाल्यो. सोहरा षवर भन्या यो षेलमा रामपुऱ्या पनि सामेल छ भनि कोहि रोजमा रामपुरको उपर चढाई हुंछ भन्या वोलि थियो. मथुरामा पनि येहि टिककसवाफत दंगा भयो हालै भन्या टिककस जारि भयेन भन्या षवर ल्यायो सुरत गुरु सुबेदारलाई चैतमा जा भनि छोडीदियेछ उसले पनि टिकस लषनौपश्चिमको सबै सहरमा ल्यायो मथुरा दर्सन गर्न हाम्रासगको ब्राह्मण १ जना र १ संन्यासिनि गयाथ्या हामि दिल्लिदेषि वरेलि आईपुग्दा भेटाउन आया मथुरामा पनि टिकसवाफत सहरवासिसित दंगा भयेछ तस्तै मा मिरषाको सवार आईपुग्दा रयतिको मद्दत उनले गर्दा हात चलाकि भयेछ २ पल्टंको छाउनि वाहा थियो केहि तिलंगा काटिया केहि भागि वरेलितरफ आयो वाहाको छाउनी सव फुकियो भन्या षवर ल्यायाथ्या भनि कह्यो दिल्लिमा वातसाहिको र फेरंगिको रुपैआ पैसाको २ चलन चल्याको रहेछ कहिले वादसाहिको कहिले फेरंगिको चलनमा वहा लागन्या षडवडै देषियो. जैनगर गैरहका राजा लषनौवाला नवाप मीरषाको रणजित्सींको वकिल दिल्लि वादसाहछेउ आई सवैले १ मतो राषनु भनि धर्म करार भयो भन्या षवर ल्यायो उपर षवर पछि जो मिलला विति गरि पठाउला संवत् १८७३ साल जेष्ट सुदि रोज मुकाम डडेलधुरा शुभम् - - - - - - - - - - - - -

इति वंसाहको सलाम् सलाम् सलाम् - - - - - -

—०—

नं. ३८४

अर्जि - - - - - - - - - - - - - - - - - - -

उप्रान्त वरेलि रामपुर षवर बुझ्नु करमषां ईमाम वकस २ मुसलमानलाई पठायाथ्यां असारका दिन २ जादा आईपुग्यो ईनले पायाको षवर वरेलिमा रोहिल्ला पठानसग तकरार पऱ्याको अधि विन्ति गरि पठाथ्यां निश्चय रहेछ

अघिवाटो फिलंगिको छोरा रोहिल्लाले काटिदिदा तोपको सलक लायछ ४।५ सय रोहिल्ला पठान परेछ फिलंगिको पनि सय असि परेछ भलामानिस यो हंगमा गर्न्या एक पठान एक वानिज्या भागि लषनौ गयछ । पठानको छोरा पक्रि ऊलखाना हालेछ. अरु वरेलि रामपुर पहेलिभितका १।२ भलामानिस भागि लषनौ जादैछ वजार भन्या वंद छ. वजार छिक भनि फिलंगि भन्छ वजार छिक्याको छैन फिलंगिको वजार मात्रै छ. पहेलिभितमा २ साहेप सय छविस मानिस लि आयाको छ एक दुई साहाजन भलामानिसको घरको आलमालले षुस गरे. रामपुरको नवाफलाई मदत र षजाना माग्दा दियनछ. तिमीहरू यो काम नगर क्या षजानाले गर्छौऊ भनि नवाफले भन्दा पनि नमानि आपै आपै मत गरि गर्न्याछन्. यो सवै भयाको अर्ध्यालो रकम लाउदा यो हंगमा भयाको रहैछ विज भन्या त्यो बुढि स्वानिलाई थिचि रगत काढदा ऊ कराऊन आउंदा भयाको रहेछ त्यो बुढि स्वास्नी मर्न्याको रहेनछ मथुराको फिलंगिको छाऊनि मिरषाको लस्कर ५।७ हज्जार पठान रोहिल्ला भै पोलिदियछ. रोहिल्ला पठान जिमिदार भन्या साह्रो जरजराईरहेछ मालिक पायाको छैन· मेरठ्मा गोराको पल्टन् २ कालाको पल्टन् १ रजवन १ हज्जार छ मथुरामा काला २ पल्टन् रजवान १ हज्जार छ डिल्लिमा १ पल्टन् १ हज्जार रजवन छ. वरेलिमा त्यो हंगमा हुंदा २ पल्टन् थियो आजकाल ६ पल्टन् २ हज्जार रजबन छ साहेव सव वाटुलो भैरहेछ इनहरूले भन्छन् फेरि हंगमा होला भन्छन्. दषिनि मिरषां रणजितसिं भरतपुर जयेपुर जोनपुर तिलकपुर ईनि सवको धरमपत्र वन्दवस्त भयो डिल्लिमा कागतपत्र आयो वाछाईछेउ भनि एक भलामानिसले भन्यो भन्छन्. भरतपुरका राजाले रणजितसिंलाई सतरुद्रा तन्यापछिको ज्या षर्च षजाना लागला म पुन्याउला त लस्कर लि आइजा मात्रै भनिपठायो भनि १।२ भलामानिस वोल्छन् भनि ई भन्छन् अषतरनुनिले लुदियानादेखि कलकत्ता गौरनलछेउ लेखिपठायछ लडाई मैले मान्यां घा अर्कादेषि गर्नु गोर्षासग घा लडाई ज्या होला मेरा हातदेषि होन्या हो भनि दुष मानि षठाउदा ताहाँको काजलाई छिक्याको हो ताहांको वोल्या जस्तो उसले गर्नु नसक्दा ठुलो गारन्लाई छिकि ताहांको काजमा लायाको हो चौमासाभर लडाईमा कुप छ चौमासा गयापछि लडाई होला, गोर्षासग पनि भनि १।२ मानिस् वोल्थ्या भनि ईनिहरू भन्छन्. हिऊदोमा पश्चिमको जस्कर ताहांलाई आयाको एता अरु फिन्याको छैन. गारण भन्या वैशाषमा वरेलिदेषि हिडचाको हो यता पुढो कहि अट्क्याको छैन हामि त ताहां आईपुग्यो हो भंथिऊ अव आईपुग्योहो नआई पुग्याको भया तेतै लषनौदेषि पूर्व कता छ यो जगा भन्या देस् देस्को षवर सुन्न्या जगा रहेनछ. आफुले पठायाको मानिसले ल्याया मात्रै अन्तदेषि आऊला आऊन्याजान्याले ल्याऊला भन्या जगा रहेनछ सव जगामा काजविसेको मसान्त षर्च रह्याको छ. जाहां भारादार अघि रह्याको पनि थियन अव भारादार रहनुपर्न्यो त थोरावहुत मसान्त षर्च राषिवक्स्या भारादार रह्या जस्तो होला. जाहां म आयादेषि नेगि जोगि तिर्थवासि फागु देस देसमा मानिस पठाऊदा षवर ल्याउन्यालाई ··· ···का पुजा गर्दा ६।७ सय षर्च भयो मसान्त थोरावहुत रह्या. जो जाहाँ वस्ला षामिदको वन्या काममा लाई काज गरियला वांकि षामिदका काजदेषि थोरावहुत ढाक्चा थाम्याथ्यां ईनलाई पेटिया र लत्ताकपरा दिदा १७।१८ सय रुपिया दियां यो षामिदवाट वक्सनुभयाको हो अरू ढाक्चा रह्याकै छन्. ताहां काजको सुर क्या छ वढिया छ भन्या ईनलाइ थोरावहुत दि विदा दिनुपाया वढिया हुदोहो. पुगिआउछ भन्या वालि षर्चको तनुषा कही आमदानी भया होइआऊस्. वालि षर्च पुगि आयन भनि मर्जि आया सल्यानको हातिषेदाको पक्चाको हातिमा १।२ हातिको तनुषा भै आया लोलोपोतो गरि घर इनिलाई पठाउन्या काम गरिदो हो मर्जि इतिसंवत् १८७३ साल मिति आषाड वदि ४ रोज ६ मुकाम डुल्लु शुभम् ——

इत सेवक वन्दा जसपाउ थापाको वंदगी सलाम् सलाम सलाम — — —— — — — — — — —

ओं मणिपद्मे हुं

– हरिराम जोशी

स्मृतिमा ल्याउन सुगम होओस् भन्नाका खातिर कुनै पनि धर्म, दर्शन आदिको गूढ सारहरू खिची गरिएको संक्षिप्ततम रचनानै मन्त्र नामले विख्यात छ। यसै कारणले सृष्टिको पहिलो बिहानीतिर ऋचाको रूपमा विश्वका प्राचीनतममध्येको बृहत् ग्रन्थ वेदको सृजना गरिएको छ। ऋग्वेदका सूक्तहरूमा सर्वप्रसिद्ध सूर्यसम्बन्धी गायत्री सूक्त रहेको छ। त्यस्तै प्रस्तुत षडक्षरी मन्त्र महायान बौद्धजगत्को एक सुप्रसिद्ध मन्त्र मानिन्छ। वाल्मीकिले "राम" मन्त्रको निरन्तर जपद्वारा आफ्नो व्याधाजीवनमा गरेका पाप मोचन गरे जस्तै महायानजगत्का बौद्धमार्गीहरू यसको जति जति स्मरण गर्दै जान्छन् उति उति मनुष्यमा निहित पाप मोचन हुँदै गएर अन्तमा निर्वाण प्राप्त हुने विश्वास लिई उक्त मन्त्रअंकित मणि अविराम गतिले चक्रवत् घुमाइरहनु आफ्नो पावन कर्तव्य संझन्छन्। प्रणीमात्रको कल्याणको उद्देश्यले प्रेरित भई षडक्षरी मन्त्रलाई अत्यधिक मात्रामा प्रचार गर्ने हेतुले त्यसलाई प्रस्तरमा अंकित गराई ठाउं ठाउंमा प्रतिष्ठापन गर्दछन्। यसरी महायानजगत्मा षडक्षरी मन्त्रले ज्यादै महत्वपूर्ण प्रभाव स्थापित गर्न सकेको कुरा निश्चित छ।

महायान बौद्धधर्मको पूर्वरूप चारौं, पांचौं शताब्दी ई. पू. मै देखिएको थियो। त्यस समयदेखिनै अलौकिक बुद्धको कल्पना हुन लागेबाट उक्त तथ्यको पत्तो हुन्छ। दीर्घ निकाय ३२ सूत्तमा यक्ष र देवताहरूको संवाद बुद्धसित भएको वर्णन गरिएको छ। कथावस्तुका अनुसार वैपुल्यवादीहरू लौकिक बुद्धको अस्तित्वतकलाई इन्कार गर्दथे। (१) संघ न दान ग्रहण गर्दछ न त्यसलाई परिशुद्ध गर्दछ, न उपभोग गर्दछ न त्यसलाई दिनामा महाफल नै छ। (२) बुद्धलाई दान दिनामा महाफल छैन। न बुद्ध लोकमा आए न बुद्धले धर्मोपदेश गरे। (३) खास मतलबले मैथुनको सेवन गर्न सकिन्छ।" वैपुल्यवादको प्रसार प्रथम शताब्दी ई. पू. मै सिंहलद्विपमा पुगिसकेको थियो। अनि अन्धक औ वैपुल्यबादको सम्मिलित रूपको नाम महायान हुँदा महायान धर्मको प्रचार कममा कम प्रथम शताब्दी ई. पू. देखि राम्रो भएको तथा बौद्ध मन्त्रशास्त्रको विकासक्रममा १०० ई. पू. देखि ४०० ई. सम्मको धारणी मन्त्रकालमा अलौकिक बुद्धका सहायक आर्यावलोकितेश्वर आदि अलौकिक बोधिसत्वहरूको सृष्टि हुन लागेको थियो। ई. सन् ७९ को तक्षशिलाको रजताभिलेखमा बोधिसत्वको उल्लेख आएको छ। राहुलयात्रावलि २ भाग अनुसार लुम्बिनी उत्खननमा अनुमानित प्रथम शताब्दी ई. को बोधिसत्व अवलोकितेश्वरको एक सुन्दर मूर्ति प्राप्त भएको थियो। उत्तर प्राचीनकाल नेपालमा महायान बौद्ध धर्मको व्यापक प्रचार रहेको तथ्य तत्ममयका बुद्ध एवं बोधिसत्वसम्बन्धी अनेकौं अभिलेख एवं मूर्तिहरूको प्राप्तिले थाहा हुन्छ। बोधिसत्वसम्बन्धी अभिलेख एवं मूर्तिहरूमा आर्यावलोकितेश्वरका मूर्ति एवं अभिलेखहरूको बहुतायत देखिएबाट आर्यावलोकितेश्वर त्यस समय ज्यादै लोकप्रिय बौद्धदेवता रहेको कुरा जानिन्छ। कुनै एक विहारको नामनै आर्यावलोकितेश्वरको नाममा राखिएको कुरा गुप्त संवत् १८८ (५०७ ई.) को गुणैधर ताम्रलेखबाट विदित हुन्छ। आर्यावलोकितेश्वरका सुन्दर मूर्ति एवं चित्रहरू भारत एवं बोरोबुदुरमा पनि पाइएका छन्। अजन्तामा चित्रित पद्मपाणि अवलोकितेश्वर गुप्तकालीन भारतको एक सुन्दर चित्रकला मानिन्छ। त्यसमा चित्रकार बोधिसत्व अवलोकितेश्वरको वास्तवमा आदर्श–संसार प्राणीको दुःख एवं कैफगडामा उदासीन भइरहन सक्तैन– को चित्रण चित्रमा अभिव्यक्त गर्न सफल भएको छ। बोधिसत्व

बुद्धत्वप्राप्तिको अधिकारी भइसकेर पनि उपनिषदको सार सन्निहित रहेको गीताको शिक्षास्वरूप प्राणीमात्रको उद्धार नगरी उक्त आसनलाई ग्रहण नगर्ने प्रणशील महात्मा थिए। भगवद्गीताको "न त्वहं कामये राज्यं न स्वर्गं नापुनर्भवम् । कामये दुःखतप्तानां प्राणिनामार्तनाशनम् ।" यस पंक्तिमा उपरोक्त शिक्षाको स्पष्ट चित्रण भेटिन्छ । भागवतमा वर्णित राजा रन्तिदेवको उद्धारमा पनि यहीनै भाव अभिव्यक्त भएको छ ।

नकामयेहं गतिमीश्वरात्परामष्टर्द्धियुक्तामपुनर्भवं वा ।
आर्तिं प्रपद्येखिलदेहभाजामन्तःस्थितो येन भवत्यदुःखाः ॥
(भागवत) ।

महायान धर्मको प्रारूपसंगै षडक्षरी मन्त्रका प्रणेता आर्यावलोकितेश्वरको कल्पना पनि हुन लागेको थियो । "ओं मणिपद्मे हुं" को रूपमा षडक्षरी मन्त्रले एक नयां अध्यायको सूत्रपात गरेर भगवान् नवद्वारयुत मनुष्यको शरीररूपी कमलमा अवस्थित हुने वैदिक सिद्धान्तको अनुमोदन गरेको छ । "पुण्डरीकं नवद्वारं त्रिभिर्गुणिमिरावृतम् । तस्मिन्यद्यक्षमात्मन्वत्तद्वै ब्रह्मविदो विदुः (अ. १०।८।४३)।

कमल हिलामै फुल्छ । त्यस्तै शरीरमा भगवान् रहने सत्यको उपरोक्त षडक्षरी मन्त्रले खुलासा गरेको छ । षडक्षरी मन्त्रको शाब्दिक एवं शास्वत अर्थ पद्ममै मणि अर्थात् ईश्वर रहने भन्ने हो । पद्मलाई यहाँ हृदयको रूपमा लिएर भगवान् मनुष्यहृदयमै रहने सत्यलाई दर्शाएको छ । अनि भगवान्को खोजी बाहिर बाहिर मात्र नगरेर मनुष्यले वास्तविक निर्वाणप्राप्तिको हेतु आफ्नै हृदयको अन्तस्तलभित्र गर्नु जरूरी छ । यहीनै उक्त षडक्षरी मन्त्रको वास्तविक आशय छ, सत्य पनि त्यहीनै छ । उपनिषद् ग्रन्थहरूले पनि यस सत्यको मुक्तकण्ठले वकालत गरेका छन् ।
"अतः समुद्राः गिरयश्च सर्वेस्मात्स्पन्दन्ते सिन्धवः सर्वरूपाः ।

अतश्च सर्वा ओषधयो रसाश्च येनैषभूतैस्तिष्ठते ह्यन्तरात्मा । ९ ।
पुरुष एवेदं विश्वं कर्म तपो ब्रह्म परामृतम् ।
एतद्यो वेद निहितं गुहायां सोविद्याग्रन्थि विकिरतीह सौम्य । १० ।
(मण्डुकोपनिषद्) ।
एष देवो विश्वकर्मा महात्मा सदा जनानां हृदये सन्निविष्टः ।
हृदा मनीषी मनसाभिक्लृप्तो य एतद्विदुरमृतास्ते भवन्ति ।"
(श्वेताश्वतरोपनिषद्) ॥

वेद एवं उपनिषद्का उपरोक्त पंक्तिहरूबाट षडक्षरी मन्त्रले दर्शाउन खोजेको जुन महान् आदर्श छ त्यसको प्राचीनतालाई स्पष्टचाएको छ । सम्पूर्ण प्राणीको कल्याणका लागि प्राणीमात्रकन हृदयासनमा अवस्थित ईस्वरीय, धम्म, यस, सिरी, काम, पयतन आदि षड्गुणयुत भगवान्को दर्शनमात्रले प्राणीको अमरत्व प्राप्त हुने हुँदा आर्यावलोकितेश्वर बोधिसत्व षडक्षरी मन्त्रको माध्यम प्राणीमात्रलाई स्वयंलाई चिन्ने प्रेरणा गर्दछन् । भगवान् बुद्धको आत्मविजय गर्ने व्यक्ति कसैबाट पनि अपराजेय हुने शिक्षामा पनि उक्त तथ्यकै कुरुल्को भेटिन्छ ।

"नेव देवो न गन्धब्बो न भारो सह ब्रह्मना ।
जितं अपजितं कयिरा तथारुपस्स जन्तुनो ।
(धम्मपद)

यसरी उपरोक्त सबै आधारहरूबाट षडक्षरी मन्त्रको महत्ता स्पष्टरूपले प्रदर्शित हुन्छ । प्रस्तुत मन्त्रका प्रणेता आर्यावलोकितेश्वर बोधिसत्व नेपालका हिन्दू, बौद्ध दुवै संप्रदायमा समानरूपले पूजनीय रहेर नेपालीमात्रको एकताका प्रतीक रहेका छन् । उही एक भगवान्लाई विभिन्न स्त्रीपुरुष नामले पुजिने हुंदा उनी साक्षात् ब्रह्मस्वरूप मानी ने. सं. ७९२ मा राजा श्रीनिवास मल्लले बुंगमतीमा प्रतिष्ठापन गरिएको अभिलेख ठीकै जंचछ ।

श्री लोकेश्वराय नमः
मस्येन्द्रं योगिनां मुख्याः शाक्ताः शक्ति वदन्ति यम् ।
बौद्धा लोकेश्वरं तस्मै नमो ब्रह्मस्वरूपिणे ।
नेपालाब्दे लोचनच्छिद्ररसप्ते
श्रीपंचम्यां श्रीनिवासेन राज्ञा ।
स्वर्णद्वारं स्थापितं तोरणेन
साद्धं श्रीमल्लोकनाथस्य गेहे ।
(बुंगमतीको अभिलेख ने. सं. ७९२)।

स्त्री–पुरुष सबै देवताहरू एउटै देवतासित तादात्म्य राख्ने भएर सत्नै अद्वैत ब्रह्म मानिन्छन् । वैदिक दर्शन एवं

ओं मणिपद्मे हुँ

धर्मको निचोर यहीनै छ ।

त्वमग्ने अदितिर्देवदाशुषे त्वं होत्रा भारती वर्धसे गिरा ।
त्वमिला शतहिमासि दक्षसे त्वं वृत्रहा वसुपते सरस्वती ।

(ऋ. २।१।११।)

इन्द्रं मित्रं वरुणमग्निमाहुं ... ...
एकं सद्विप्रा बहुधा भवन्ति ।

(ऋ. १।१६४।४६)

आर्यावलोकितेश्वर मत्स्येन्द्रनाथ, करुणामय, बुङ्गद्यो आदि नामले नेपालमा विख्यात रहेका साथै तिनको केटी-हरूको जस्तै इहि (वेलविवाह) गर्ने तथा वासुदेव कृष्णको जस्तै तरुणीहरूसित रसिक जीवनमा भुल्ने परम्परा तथा अनुश्रुतिमा उनी अद्वैत ब्रह्मरूप मानिनु उपयुक्तनै लाग्दछ । त्यो ब्रह्मस्वरूप भगवान् प्राणीमात्रको वन्दनीय रहेर नेपाल राष्ट्रको द्योतकस्वरूप औ नेपालीमात्रको एकताको प्रतिमूर्ति छ ।

卐

हाम्रो वर्णमालाको महत्त्व

– शंकरमान राजवंशी

हाम्रो वर्णमालाको के कति महत्व छ भन्ने कुरामा यस विषयको इसिहास जान्नु आवश्यक छ । 'इति ह आस' शब्दबाट इतिहास बनेको छ । त्यसको मतलब 'यस्तो भएको थियो' भन्ने हो । यस्ता कतिपय अतीतका कुराको तात्कालिक प्रमाण भेटिन्छन् । तिनलाई ऐतिहासिक भन्दछन् । तात्कालिक प्रमाण नपाइएकालाई कथा, पुराण भन्दछन् । त्यसकारण ती कथा, पुराण पनि इतिहासकै अङ्ग हुन् । अब हामी सत्ययुगको एउटा कथाको एक अंश विचार गरौं ।

उहिले सत्ययुगमा श्रीमहादेव र पार्वतीको विवाहको महोत्सवमा यावत् देवताहरू निमन्त्रित थिए । श्रीमहादेवलाई पार्वती कन्यादान दिने वेलामा श्री हिमालयले श्री महादेवसंग यस्तो प्रश्न गरे– 'विना गोत्रले कुनै काम नगर्नू भनेको छ, त्यसकारण तपाईंको गोत्र के हो ?' यस्तो विकट प्रश्न आइपर्दा श्री महादेवले जवाफ दिन सक्नुभएन र उंधो मुख लगाउनुभयो । यावत् निमन्त्रित देवताहरू उसले उसको, उसले उसको मुख हेर्न लागे । कसैले पनि यसै हो भनी निर्णय दिन सकेनन् । यस्तो अवस्थामा झटपट नारदमुनि उठेर श्री हिमालयलाई यस्तो जवाफ दिए–

"हे गिरिराज 'जसका मायाले यो ब्रह्माण्ड संसार सृष्टि, स्थिति, संहार भएको छ । कैले सृष्टि गर्छन्, कैले नाश गर्छन् । फेरि एकबाट ब्रह्मा विष्णु महादेव तीन भएका छन्, तीनबाट एक पनि हुन्छन् । यी यस्ता आदिपुरुष हुन् । यिनका बाबु पनि छैनन्, महतारी पनि छैनन् । जात पनि छैन, गोत्र पनि छैन, सर्वव्यापी यिनै तेतीस्कोटि देवताका पितामह पनि यिनै, फेरि चौध भुवनमा यावत् जीवात्मा जति छन् तिनका हृदयमा बसी पाप पुण्यका साक्षी भैरहेका पनि यिनै, निरञ्जन निराकार पनि यिनै, यस्ता ईश्वरको महिमा गर्न हज्जार जिभ्रा भएका शेषनाग भए, चतुर्मुखी ब्रह्मा भए यिनले पनि नसकेको म कसो गरी सकुंला । पार्वती जगदीश्वर महादेवलाई कन्यादान देऊ, सन्देह नगर ।'

यति नारदले भनेपछि सबै देवताले समर्थन गरे, अनि हिमालयले महादेवलाई कन्यादान दिए भन्ने कथा छ । कस कथनबाट महादेव श्री ईश्वर हुन् भन्ने स्पष्ट छ । ईश्वरलाई हरिहरको रूपले स्तुति एवं वर्णन गरेको पाइन्छ । सो यस प्रकार छ–

यौ तौ शङ्खकपालभूषितकरौ मालास्थिमालाधरौ ।
देवौ द्वारवतीस्मशाननिलयौ नागारिगोवाहनौ ।।
द्विव्यक्षौ बलिदक्षयज्ञमथनौ श्रीशैलजावल्लभौ ।
पापं मे हरतां सदा हरिहरौ श्रीवत्सगंगाधरौ ।।

[हातमा शङ्ख, कपाल (खप्पर) लिएका; तथा वनमाला अस्थिमाला लाएका; द्वारिका तथा स्मशानमा बसेका; गरुड तथा वृषभ वाहन भएका; दुई एवं तीन आँखा भएका; बलिराज तथा दक्षप्रजापतिको यज्ञ मथन (नाश) गर्ने भएका; पार्वती र लक्ष्मीका स्वामी भएका; श्रीवत्स र गंगा धारण गर्ने जुन हरिहर रूपले विराजमान् छन् तिनले मेरो पाप सदा हरण गरिदिऊन् ।]

ठीक यसै वर्णनअनुसारको श्री हरिहरको मूर्ति एवं चित्रहरू हामी पाउँछौं । तब ईश्वर भन्नाले विष्णुलाई पनि बुझाउँछ भन्ने स्पष्ट छ । तिनै ईश्वर महादेवबाट वर्णमाला पाएका हौं भनी पाणिनिले बोलेका छन् । तिनै वर्णमालाबमोजिम व्यवहार चल्दै गएको थियो । पछि मानिसमा स्मरणशक्ति क्षीण हुँदै गयो र भ्रम हुने संभावना हुंदा

ब्रह्माजीले लिपि सृष्टि गरिदिए भन्ने शास्त्रवचन छ। ब्रह्माजी विष्णुको नाभिबाट स्वयं उत्पन्न भएका हुन्। त्यसैले ब्रह्माजीलाई नाभिजन्म तथा स्वयम्भू पनि भन्दछन्। त्यसकारण ब्रह्माजी महादेवभन्दा पछिका हुन् भन्ने थाहा हुन्छ। ब्रह्माजीको विषयमा पनि यस्तो कथा छ–

"कुनै बखत ब्रह्माजीलाई मधु तथा कैटभ नामका दुइ दैत्यले दुःख दिए। तब ब्रह्माजीले योगमायाको आराधना गरे। अनि योगमाया प्रकट भइन् र ब्रह्माजीलाई रक्षा गर्नानिमित्त योगमायाले ईश्वरलाई जागा गराइन्। अनि ईश्वरले ती मधु कैटभ दुवैलाई मारिदिए र ब्रह्माजीलाई सृष्टि गर्ने शक्ति प्रदान गरे।"

तब यस कथनबाट ब्रह्माजीले योगमाया तथा ईश्वरबाट शक्ति पाएका हुनाले ब्रह्माजी योगमाया तथा ईश्वरका भक्त थिए भन्ने बुझिन्छ। त्यसकारण ब्रह्माजीले आफ्नो चार मुखबाट वेद सृष्टि गर्दा ठाउं ठाउंमा योगमायाको नाम 'उमा' को बीजरूप 'उ' र ईश्वरको नाम 'महेश्वर' को बीजरूप 'म' लाई लिई उमामहेश्वरको बीजरूप 'उं' को उच्चारण गरेका हुन्। यो 'उं' लाई पाणिनिले बताएबमोजिम स्वरयन्त्रको वैज्ञानिक तरीकाअनुसार कण्ठमा दबाव नपारीकन विवृत प्रयत्नबाट उदात्त स्वरले उमामहेश्वरलाई पुकारेर उच्चारण गर्दा 'ओं' जस्तो भान पर्दछ। ईश्वरले दिएको वर्णमालाको प्रथम वर्ण ता 'अ' हो 'ॐ' होइन। 'अ' र 'उ' मिलेर 'ओ' हुने जो नियम हो त्यो पछि बनेको नियम हो। यदि 'ऊं' लाई ओकारको उच्चारण मान्ने हो भने महादेवले दिएको वर्णमालामा ओकार छंदै थियो, त्यसैमा एक थोपा राखिदिए पर्याप्त हुन्थ्यो। तब 'अ' र 'उ' मिलाएर 'ओ' बनाउनुपर्ने आवश्यकै थिएन।

उक्त ब्रह्माजीलाई ऐतिहासिक दृष्टिकोणले विचार गर्ने हो भने ब्रह्माजीले आफ्नो चार मगजले चार वेद बनाए भन्न सकिन्छ। ब्रह्माजीले उच्चारण गरेको उं अक्षरको प्राचीन लिपिसंग दाँजेर हेर्दा उकार नै देखिन्छ। सो उं को विकास भएर हालको ॐ को रूपमा कसरी आयो सो यस प्रकार छ–



यहां पहिलो लिपि पूर्वलिच्छविलिपिको 'ऊँ' हो। दोस्रो लिपि उत्तर लिच्छविलिपिको 'ऊँ' हो। तेस्रो लिपि प्राचीन नेवारी लिपिको 'ऊँ' हो। चौंथो लिपि प्राचीन देवनागरी लिपिको 'ऊँ' हो। पाँचौं लिपि हालको देवनागरी लिपिको 'ॐ' हो।

यस प्रमाणले 'अ. उ. म' मिलेर 'ॐ' हुन्छ भन्ने जो मानिसहरूको धारण हो सो गलत देखिन्छ। यो ॐ जस्तै 'श्. र्. ई' मिलेर लक्ष्मीको बीजाक्षर 'श्री' बनेको छ। हामी कसैलाई पनि मानपूर्वक नाम लेख्दा श्री राख्छौं। यस किसिमको बीजाक्षरलाई कूटाक्षर पनि भन्दछन्। महाकालसंहितामा यस्ता कूटाक्षरका विभिन्न अक्षर पाइन्छन्। यी बीजाक्षर अर्थात् कूटाक्षर मन्त्रको रूपमा पछि बनेका हुन्। ईश्वरबाट पाइएको शुरूको वर्णमालामा स्वरवर्णका नौओटा र व्यञ्जन वर्णका तेतीसओटा मात्र हुन्। ती वर्णको विभिन्न स्वरका भेदले अनेक वर्ण बनेका छन्। पाणिनिले बताएका वर्णका सबै भेद मध्ये व्यवहारमा प्रचलित स्वरवर्णका संकेत अक्षर १६ ओटा छन्। तो यी हुन् अ आ इ ई उ ऊ ऋ ॠ ऌ ॡ ए ऐं ओ औ अं अः। त्यस्तै व्यञ्जन वर्णमा 'ज' र 'ञ' मिली 'ज्ञ' बन्यो। 'क' र 'ष' मिली 'क्ष' बन्यो। यसरी क देखि क्ष सम्म व्यञ्जन वर्णका ३५ अक्षर बने। त्यसमा मात्रा लाउने चिन्ह नौ औटा, अनुस्वार चिन्ह एउटा, विसर्ग चिन्ह एउटासमेत व्यवहारमा प्रचलन भए।

ईश्वरबाट आएको वर्णमाला हुनाले ती प्रत्येक वर्णमा ईश्वरीय अंश छन्। त्यसकारण श्रीमतोत्तरतन्त्र भन्ने पुस्तकमा ती प्रत्येक वर्णका एक एक देवता बताएको छ।जस्तै–

स्वरवर्णका देवता–

अको श्री कण्ठवागेश्वरी, आको अनन्त अमोटी, इको सूक्ष्मीश मायादेवी, ईको त्रिमूर्तीश गुह्यशक्ति, उको वरीश मोहनी, ऊको अर्धीश प्रज्ञा, ऋको हारमूमि निवृत्ति, ॠको अतिथीश प्रतिष्ठा, ऌको स्थानुविद्या, ॡको हरशान्ति, एको कृष्टीश ज्ञानी, ऐको भूतीश क्रिया, ओको सद्योजात गायत्री, औको अनुग्रहींश सावित्री, अंको क्रूरेश शुक्रादेवी, अःको महासेना इच्छा,

व्यञ्जनवर्णका देवता–

कको क्रोधशंकटा, खको चण्डकालिका, गको प्रचण्ड शिवा, घको शिवेश घोरामुखी, ङको एकरुद्रवीरा, चको

कूर्म्मचामुण्डा, छको एक नेत्र छागली, जको चतुर्मुख जयन्ती, झको अजेश झङ्कारिणी, ञको शर्मेश क्रुद्धनी, टको सोमेश्वर कपालिनी, ठको लांगलीश पूर्णिमा, डको डाकुर लामा, ढको अर्धनारीश विनायकी, णको उमाकान्त नारायणी, तको आषाढीश तारा, थको दिण्डिग्रसनी, दको धात्रीश दहनी, धको मीनेश प्रियदर्शिनी, नको मेषेश नाडिनी, पको लोहित पावनी, फको शिखीश फेत्कारिणी, बको छगलण्डवजनी, भको द्विरण्डभीषणी, मको महाकाल महाकाली, यको वालीश वायुवेगा, रको भुजंगदीपिनी, लको पिनाकीश पूतना, वको षडानन्द शिखिवाहिनी, शको वक्रानन्द कुसुमायुधा, षको श्वेतानन्दलम्बिका, सको भृग्वानन्दपरमात्मा, हको लकुलीश अम्बिका, क्षको संवर्तसंहारिणी ।

यसरी प्रत्येक वर्णका एक एक देवता हुनाले प्रत्येक अक्षर मन्त्रतुल्य छन् । एउटा अक्षर पढ्दा एउटा देवताको नाम लिए जत्तिकै पुण्य छ । यिनै तत्वबाट कूटाक्षरहरू निर्माण भएका छन् । जुन कूटाक्षर षडक्षरी, सप्ताक्षरी आदि पनि छन् । यो वर्णमाला हामी हिन्दू धर्मावलम्बी सबैको हो । हामी हिन्दू भन्नाको तात्पर्य यसरी बताएको छ-

अव्यक्तः ह शिवः प्रोक्तः इन्दुः शक्तिरिहोच्यते ।
तयोरैक्यं परब्रह्म हिन्दुरित्यभिधीयते ॥

[अव्यक्त ह शिवजी तथा इन्द्र चाहि शक्ति भनिन्छ । ती दुईको योग हिन्दु परब्रह्म भनिन्छ ।]

यसरी आफू हिन्दू भनी चिह्नी ईश्वरले दिएको वर्णलाई स्वरयन्त्रको वैज्ञानिक तरीकाअनुसार मंत्रको उच्चारण गरी प्राचीन आचार्यहरूले ईश्वर साक्षात्कार गर्दथे र ईश्वरबाट बरदान प्राप्त गर्दथे । अनि हामीले चिताउनसम्म पनि नसकिने अलौकिक काम देखाउँथे र त्यस कामको ज्ञानभण्डार छोडेर जान्थे । यस प्रकारले प्राचीन ऋषि मुनिहरूले बनाइदिएका ईश्वर साक्षात्कार गर्ने ग्रन्थ मौजूद छन् ।

अब ईश्वरले दिएको वर्णमालालाई स्वरयन्त्रको वैज्ञानिक तरीकाबमोजिम शुद्ध उच्चारण गर्न सक्ने हुनानिमित्त केही काल आचरणमा रही अभ्यास गर्नुपर्छ । जस्तै 'सा. रे. ग. म. प. ध नी. सा' यी सात अक्षर सात स्वरका द्योतक हुन् । ती सात अक्षर त जसले पनि भन्न सक्छ । तर सात स्वर मिलाउन सक्दैन । त्यसका लागि आचरणमा रही स्वर अभ्यास गर्छन् र तालीम हुन्छन् । जथाभावी खाएर, जथाभावी गरेर जसरी स्वर नियन्त्रणमा आउँदैन, शुद्ध वर्णोच्चारण तथा शुद्ध मन्त्रोच्चारण पनि त्यस्तै हो । पञ्चशील भनेर हामी जो भन्दछौं त्यो आचरणको कुरो हो । त्यस कारण प्राचीन आचार्यहरूले विद्याको गूढ तत्त्व अध्ययन गर्नानिमित आचरणलाईनै पहिले विशेष नियन्त्रण गर्दथे । विना आचरणले गूढ तत्त्व पत्ता लगाउन नसकिने हुनालेनै आचारलाई विशेष नियन्त्रण गरेका हुन् । कुनै कपट तथा मूढ भावनाले गरेका होइनन् र गर्नुपर्छ भनेर भनेका पनि होइनन् ।

तब यस वर्णमालालाई ऐतिहासिक दृष्टिकोणले विचार गर्दा ब्राह्मी लिपिदेखि लिएर आजसम्मका लिपिमा वर्णमालाका अक्षर उत्तिनै छन् । त्यसकारण लिपिमा विभिन्नता भए तापनि आखिर वर्णमाला एउटै छ । यो हाम्रो वर्णमाला रोमन उर्दू तथा चीनका वर्णमालाका अपेक्षा कत्तिको वैज्ञानिकता छ भन्ने कुरा हामी स्वयं बुझन सक्छौं, किनभने हाम्रो वर्णमालाको उच्चारण सार्थक छ । यहाँ स्वरमिश्रित व्यञ्जनवर्णमा मात्रा लाउने एउटै नियमले सारा व्यवहारका निमित्त पर्याप्त छ । यस वर्णमालामा लेख्नमा लाघव, पढ्नामा सुगमता, अर्थमा सरलता आदि गुण छन् । प्रत्येक वर्णका एक एक देवता हुनाले पनि हाम्रो वर्णमाला कत्तिको महत्त्व छ भन्ने सिद्ध हुन्छ ।

गणेश्वर तथा सिमरौनगढका मन्त्री र पुरोहितहरू

–तारानन्द मिश्र

राष्ट्रिय संग्रहालय (छाउनी) मा करीब ५० वर्ष-अगाडि उक्त संग्रहालयका क्यूरेटर शिवनारायण सेनले सिमरौनगढबाट कालो ढुङ्गाका लगभग बाह्रओटा बेलबुट्टा भएका वास्तु ढुङ्गा र मूर्तिहरू ल्याएका थिए। त्यसमध्ये एउटा सातघोडे रथमाथि सवार भएका सारथि अरुणसमेत भएको सूर्यप्रतिमा छ(१)। उक्त प्रतिमाका पादपीठमा मैथिली लिपि र संस्कृत भाषामा चार पंक्तिको अभिलेख कुंदिएको छ। त्यस अभिलेखको देवनागरी लिपि अन्तर-पाठ यहाँ प्रस्तुत गरिन्छ(२)।

श्री श्रीपतिना प्रतिमेयं महामन्त्रि श्रीगणेशप्रसादतः
घटिय (त) म् ॥
अग्नयानिक (अग्नियानिक ?) पदस्थ श्रीहरीश्वर-
कारिता ॥

(महामन्त्री श्रीगणेशको निगाहबाट श्रीपतिले यो प्रतिमा बनाउन लगाएको तथा याज्ञिक [श्रीपति याज्ञिक थिए भन्ने कुरा तलका प्रमाणहरूबाट थाहा हुनेछ] ले अह्राएर श्रीहरीश्वर [मूर्तिकार] ले बनाएको हो)।

यस अभिलेखबमोजिम श्रीगणेश्वर सिमरौनगढका कुनै राजाका महामन्त्री थिए भन्ने थाहा पाइन्छ।

कर्नाटक वंशको संक्षिप्त इतिहास

नेपालका वंशावलि, प्रतापमल्लको अभिलेख, नान्यदेवको सिमरौनगढ र चंपारण (नान्यपुर) को स्तम्भलेख-द्वारा(३) सिमरौनगढबाट १०९७ ई. सन्मा नान्यदेवले मिथिलाराज्यको राजधानीको स्थापना गरेका थिए भन्ने थाहा पाइन्छ। नान्यदेव कर्णाटकी राजा विक्रमादित्य छैटौं अथवा विक्रमादित्य छैटौं र चेदिराजा कर्णको उत्तरी भार-ततिरको आक्रमणको सिलसिलामा सेनापति तथा महासा-मन्त

भई आएका थिए। पछि उनले यस भेकमा आफ्नो स्वतन्त्र राज्यको सङ्गठन गरे। गोपाल राजवंशावलिका

१. उक्त अभिलेखमा सूर्यमूर्तिको केही वर्णन गरिएको छैन, तर यस्तै रथमाथि सवार भएको एउटा सूर्यमूर्ति भक्तपुर क्वाथंदो टोलको सूर्यमन्दिरभित्र रहेको छ, जसमा सूर्यको अत्यन्त राम्रो वर्णन गरिएको पाइन्छ जो निम्न प्रकारको छ–

ॐ नमः सूर्याय त्रैलोक्यनेत्रमखिलतिमिरोपहारं सप्ताश्वयातगमनकिरण ……… रसन्निभतनुं ग्रह-राजमा श्रीपद्मपाणिमधुना सततं नमामि। –डिल्लीरमण रेग्मी, मेडिएभल नेपाल *III*, पृ ५३–५४)

(तीनै लोकमा आपना आंखाका प्रकाश छरी गहन अन्धकारलाई नाश पार्ने, जसको किरण सातौटा घोडा धाए झैं [द्रुतगतिले] जान्छ, …… जीउ भएका, जो ग्रहहरूका राजा छन्, हातमा कमलको फूल समाउने यस्ता सूर्यलाई सधैं नमस्कार छ)।

२. यो अभिलेख हेमराज शाक्य तथा तुलसीराम वैद्यद्वारा 'मध्यकालीन नेपाल' पृ. ६२ मा छापिएको छ। यहां यस-लाई अलि संशोधन गरी फेरि प्रकाशित गरिएको छ।

३. डा. उपेन्द्र ठाकुर, हिष्ट्री अफ मिथिला, पृ. २४१।

अनुसार सिमरौनगढका कर्णाटकी राजाहरूको वंशक्रम यस प्रकार उल्लेख भएको छ– नान्यदेव, अर्जुनदेव, नरसिंहदेव, रामसिंदेव तथा हरिसिंहदेव । केशरपुस्तकालयका वंशावलि-अनुसार यो निम्न प्रकारको छ– नान्यदेव, गाङ्गदेव, नरसिंहदेव, रामसिंह, भवसिंहदेव, कर्मसिंहदेव तथा हरसिंहदेव । काठमाडौंका प्रताप मल्लका अभिलेखअनुसार– नान्यदेव, गंगादेव, नरसिंहदेव, रामसिंह, शक्तिसिंह, भूपालसिंह तथा हरिसिंह । माथिका यी राजाहरूले ई. सन् १०९७ देखि १३२४ संम सिमरौनगढमा शासन गरेका थिए । ई. सन् १३२४ मा सुलतान गयासुद्दीन तुगलकद्वारा पराजित भई हरिसिंहदेव हिमालयका पहाडतिर लागे । यसै भागदौडको सिलसिलामा तीनपाटनमा उनको मृत्यु भयो । त्यसै भेकमा पाइएको एउटा चण्डी पुस्तकमा रहेको टिपोट(४) अनुसार हरिसिंहदेवकी रानी देवलक्ष्मीदेवी आफ्नो एउटा छोराका साथ नेपालभित्र प्रवेश गरेकी थिइन् । गोपाल राजवंशावलिमा देवलक्ष्मीदेवीलाई छोटकरीमा देवलदेवी भनेको पाइन्छ । रुद्रदेवको मृत्यु भएपछि देवलदेवीले भक्तपुर-राजदरबारमा बसी महत्वपूर्ण राजनैतिक भूमिका खेलेकी थिइन् भन्ने थाहा हुन्छ । उनकै प्रयासको फलस्वरूप उनका छोरा जगत्सिंह उपराज भए र पछि नायकदेवीकी छोरी राजल्लदेवीका पति, स्थिति मल्ल, नेपाल उपत्यकाको एकच्छत्र राजा भई यहाँ एउटा दरिलो मल्लवंशको शासनको स्थापना गर्नामा सफल भए ।

कर्णाटकी राजाका मन्त्रीहरू

कर्णाटकी राजाहरूले अनेक विद्वान् तथा सुयोग्य मन्त्रीहरूको सेवा प्राप्त गरेका थिए । यो उनीहरूको सौभाग्य हुनुका साथै ती राजाहरूका मनमा पनि विद्वान् व्यक्तिहरू रोजी आफ्ना मन्त्री बनाउने प्रयत्नको परिणाम थियो भन्ने थाहा पाइन्छ (५) । यस वंशका प्रमुख मन्त्रीहरूमध्ये श्रीधर, वर्धमान उपाध्याय, रामादित्य (रामदत्त) कर्मादित्य, देवादित्य, भवादित्य, वीरेश्वर, गणेश्वर, चण्डेश्वर, रामदत्त, भवदत्त आदि थिए । यस बाहेक लक्ष्मीपति, पृथ्वीधर, श्रीपति, रामेश्वर, धीरेश्वर र ज्योतिरीश्वर आदि प्रसिद्ध विद्वान् पण्डितहरूले पनि कर्णाटकी वंशको आश्रय पाएका थिए । यहाँ छोटकरीमा तिनीहरूको परिचय प्रस्तुत गरिन्छ ।

श्रीधर– नान्यदेवका मन्त्री तथा गङ्गादेवका प्रधानमन्त्री थिए(६) । उनले विहारको ऋञ्छारपुर स्टेशननजीक प्राचीन शहरको एउटा ठूलो भग्नावशेषको रूपमा वर्तमान रहेको अन्धराठाढी नाउँको स्थलमा स्थापना गरेको अभिलेखसमेत कुंदिएको कमलादित्य नाउंको विष्णुमूर्ति छ । डा. उपेन्द्र ठाकुरका अनुसार(७) श्रीधर कायस्थ थिए तथा उनको अन्धरा–ठाढी अभिलेख(८) विजय सेनको देवपारा अभिलेखसंग तुलनीय छ । देउपारा अभिलेखका रचयिता प्रसिद्ध कवि उमापतिधर थिए(९) । उमापतिधर र श्रीधरको केही सम्बन्ध थियो वा थिएन यसबारे निश्चितरूपमा केही भन्न सकिंदैन । श्रीधर काव्यप्रकाश-विवेकका रचयिता थिए । यो पुस्तक पछि खूब प्रख्यात भयो तथा यसका टीकाहरू पनि तयार पारिए(१०) ।

४. प्राचीन नेपाल अङ्क १० तथा १३; मोहनप्रसाद खनालका तद्विषयका लेखहरू ।

५. यस सिलसिलामा एउटा घटनाको संकेत हुन आउछ, तिब्बती विद्वान् चाग्लोत्स–वा नाउंका (धर्मस्वामी उपनाम भएका) भिक्षु सिमरौनगढ भएर काठमाडौं आउंदा उनको भेट राजा रामसिंहसंग भएको थियो । उनको विद्वत्ताद्वारा रामसिंह अतिनै प्रभावित भएर उनलाई आफ्नो मन्त्री बनाउनसमेत तयार भएका थिए– डा. अल्टेकरद्वारा संपादित चाग्लोत्स–वा (धर्मस्वामी) को जीवनी ।

६. *Dr Upendra Thakur, ibid, P. 241; JBORS, IX, P. 303–304.*

७. *Dr U. Thakur, ibid, P. 241.*

८. यस अभिलेखको संपादन डा. जायसवालले गर्नुभएको छ । *–JBORS, IX, 303–304.*

९. उमापतिधरलाई बंगालका कवि जयदेवले आफ्नो गीतगोविन्दमा "वाचः पल्लवयत्युमापतिधरः, राज्ञो लक्ष्मणसेनस्य पञ्चरत्नानि संसदि" भनेका छन् ।

१०. श्रीधरको 'काव्यप्रकाशविवेक' को नकल मिथिलाका ओइनार वंशका राजा शिवदेव सिंहका पालामा ई. सन् १४१० मा महाकवि विद्यापतिको आदेशबमोजिम गरिएको थियो । अच्युतले मधुमती नाउंबाट काव्यप्रकाशको टीका तयार गरेका थिए । *—Dr U. Thakur, ibid, P. 278, 314, 319.*

वर्धमान उपाध्याय– लगभग ई. सन् ११५० देखि १२५० का बीचमा स्मृतिलेखकका रूपमा प्रख्यात हुने वर्धमान उपाध्यायको दरभङ्गा जिल्ला, बिरौल थानाअन्तर्गत महुआर नाउंको गाउंमा एउटा स्तम्भलेख पाइएको छ(११) । उनले राजा मल्लदेव, गंगादेव तथा रामसिंहका अन्तर्गत मन्त्री भई काम गरेका थिए । महुआर स्तम्भलेखद्वारा थाहा पाइएबमोजिम उनी गाङ्गदेवका धर्मविषयका मन्त्री थिए । जहाँसंम वर्धमान उपाध्यायको कालनिर्णयको प्रश्न छ यस नाउंका तीन व्यक्ति हुने बढी संभावना छ । पहिलो वर्धमान उपाध्यायको उल्लेख दरभंगानजीकको देकुली गाउंमा रहेको शिववर्धमानेश्वर मन्दिरको अभिलेखबाट(१२) तथा स्मृतिग्रन्थबाट पाइन्छ । महुआर स्तंभलेखका वर्धमान पनि यिनै हुन् कि भन्ने एउटै काल भएको आधारमा अनुमान गर्न सकिन्छ । तर रामसिंहका पालामा उल्लेख गरिएका वर्धमान उपाध्याय दोस्रा(१३) र तेस्रा-चाहिं दण्डविवेक र स्मृतितत्वामृतका लेखक धर्माधिकारी महामहोपाध्याय वर्धमान उपाध्याय मिथिलाका ओइनारवंशका देवसिंहका राजदरबारमा पन्ध्रौं शताब्दी (ई. सन्)मा कर्मचारी थिए(१४) ।

रामदित्य ठक्कुर– नरसिंहका पालामा उनका सल्लाहकार तथा मन्त्री थिए । उनको अर्को नाउं रामदत्त पनि थियो र यस नाउंबाट लेखिएको दानपद्धति नाउंको पुस्तकमा राजा नरसिंहदेवले रचना गरेको एक पंक्ति पनि सुरक्षित छ । उक्त पुस्तकमा रामदत्तलाई नरसिंहदेवका मन्त्री भनिएको छ(१५) मनमोहन चक्रवर्तीले यिनै रामदत्तलाई चण्डेश्वरका काका र गणेश्वरका छोरा हुन् भन्ने भूल गरेका छन्(१६) ।

कर्मादित्य ठक्कुर– यिनी नरसिंहदेव तथा रामसिंह दुवै राजाका पालामा मन्त्री थिए । रामसिंहका पालामा यिनी युद्ध तथा शान्तिविषयका मन्त्री थिए(१७) । कर्मादित्यको अभिलेख हावीडिह(१८) तथा तिलकेश्वरमन्दिरनेर पाइएका छन् ।

---

११. *P. Jha-Mithila. Tatva-Vimarsha; Dr Thakur, ibid, P. 264.*
यस स्तंभलेखले वर्धमानको परिचय यस किसिमसंग दिन्छ– 'जातो वंशे विल्वपञ्चाभिधाने, धर्माध्यक्षो वर्धमानो भवेशात् ।' यो स्तंभलेख दरभंगा जिल्ला, विरौल थानाको महुआर गाउंको मटियाही पोखरीको दक्षिण डिलमाथि थियो । पछि यसलाई सुपौल बजारको नीलकोठीमा लगियो, तर हाल यो दरभंगाको चन्द्रधारी संग्रहालयमा सुरक्षित छ ।

१२. *Dr Thakur, ibid, P. 256.*

१३. *Upendra Thakur, ibid, P. 246.*

१४. *ibid, P. 308.*

१५. *ibid, P. 265.*

१६. *JARS, N.S. 1915, P. 413.*

१७. चण्डेश्वरको कृत्यचिन्तामणिमा यसको उल्लेख छ । चण्डेश्वररचित 'कृत्यचिन्तामणि' को प्रति नेपालमा प्राण मल्लको राज्यकालमा दैवज्ञहरि वर्मालि सारेका थिए । यो पुस्तक बत्तीसपुतली बस्ने अनङ्गनाथसंग छ तथा यसको केही अंशको प्रकाशन योगी नरहरि नाथले इतिहासप्रकाश, वर्ष १, अंक ६, पृ २५–३१ मा गरेका छन् । उक्त पुस्तकबाट चण्डेश्वरको वंशवृक्षको चित्रण तल लेखिएबमोजिम पाइन्छ ।
'आसीन्मैथिलि (ल) तीरभुक्तविषये ··· प्रत्यर्थिक्षितिनाथनायक ··· ··· पद्माश्रयो, देवादित्य इति त्रिलोकमहितो मन्त्रीन्द्रचूडामणिः ।। अस्मादभूव ··· ··· ··· सचिवावतंसः । वीरेश्वर ··· ··· सार्थः स पार्थ इव निर्जितवैरिवीरः, अस्माद ··· ··· विश्वहितः प्रसूतः, चण्डेश्वरो ··· ··· कर्णाटाधिपमन्त्रिणि प्रविलसत्कीर्ति ··· ···।'
कृत्यचिन्तामणिको अर्को प्रति ने. सं. ९३० मा जगज्ज्योति मल्लका पालामा सारिएको चाहिं राष्ट्रिय अभिलेखालय (सं. १२३५) मा छ ।

१८. *Dr Upendra Thakur, P. 270.*
अब्दे नेत्रशशांकपक्ष २१२ गणिते श्रीलक्ष्मणक्ष्मापतेर्मासि ··· ··· हावीपट्टनसंज्ञके सुविहिते हैहट्टदेवी शिवा, कर्मादित्यसुमन्त्रिगेहविहिता सौभाग्यदेव्याज्ञया ।

देवादित्य ठक्कुर तथा भवादित्य ठक्कुर– यिनीहरू कर्मादित्य ठक्कुरका क्रमशः जेठा र कान्छा छोरा थिए। यिनीहरूको परिचय चण्डेश्वरद्वारा रचित कृत्यचिन्तामणि तथा मिथिलाको पंजिप्रबन्ध(१९) मा पाइन्छ। यसबाट के थाहा पाइन्छ भने रामसिंहका युद्ध तथा शान्तिविषयका मन्त्री देवादित्य थिए तथा उनका भाइ भवादित्य एउटा कर्मचारी मात्र थिए। देवादित्यको उल्लेख चण्डेश्वरको 'कृत्यचिन्तामणि' मा 'देवादित्य इति त्रिलोकमहितो मन्त्रीन्द्रचूडामणिः' भनी गरिएको छ। देवादित्य शक्तिसिंह अथवा शक्रसिंहका पनि मन्त्री थिए। शक्तिसिंहले दिल्लीका सुलतान अलाउद्दीन खिलजीका साथ रनथमभौराका हम्मीर अथवा हम्भीरसंग युद्ध गरेका थिए। उक्त युद्धमा सेनापतिका रूपमा देवादित्य नियुक्त गरिएका थिए भन्ने 'कृत्यचिन्तामणि' मा भएको उल्लेखअनुसार अनुमान गर्न सकिन्छ (सेनापतीनाम् पथगतिमतां बुद्धिसिन्धोरगस्थो [स्त्यो], हम्वीरध्वान्तभानु)। तर अर्को श्रोतद्वारा(२०) यस युद्धको सेनापतित्व स्वयं राजा शक्तिसिंहले लिएका थिए। यी हम्वीर को थिए भन्ने कुराको निश्चय हुन सकेको छैन(२१) यस युद्धमा विजय प्राप्त गरेको उपलक्ष्यमा दिल्लीका सुलतानले देवादित्यलाई 'मन्त्रिरत्नाकर' को उपाधि प्रदान गरेका थिए।

वीरेश्वर– यिनी देवादित्यका जेठा छोरा थिए। वीरेश्वरको परिचय चण्डेश्वरको कृत्यचिन्तामणि र वाजसनेयी विवाहपद्धतिबाट पनि पाइन्छ(२२)। कृत्यरत्नाकर(२३) मा वीरेश्वरलाई 'सप्रक्रियमहासन्धिविग्रहिक ठक्कुरदेवादित्यमहामत्त ··· ' अर्थात् युद्ध र शान्तिका महामन्त्री र प्रधानमन्त्री मानिएको छ। वीरेश्वर शक्तिसिंह र हरिसिंहदेव दुवै राजाका पालामा मन्त्री थिए। उनका लागि प्रयोग गरिएका 'सप्रकृत्य महावार्तिक नैबन्धिक(२४)' आदि वीरूद्द्वारा उनी विद्वान् थिए भन्ने थाहा हुन्छ। राष्ट्रिय अभिलेखालय, काठमाडौंमा रहेको तन्त्रसार नामक पुस्तकमा वीरेश्वरको हस्ताक्षर पाइएको छ(२५)।

गणेश्वर– यिनी देवादित्यका कान्छा छोरा तथा वीरेश्वरका भाइ थिए(२६)। वीरेश्वर जस्तै यिनी पनि शक्ति-

---

१९. पंजिप्रबन्ध, राजपुस्तकालय, दरभंगा;
'गढविसपी संबीजी त्रिपाठी कर्मादित्यः ऐ सुतौ सान्धिविग्रहिक देवादित्य राजवल्लभ भवादित्य'। यहाँ उल्लेख भएको त्रिपाठी शब्दद्वारा यिनीहरू ब्राह्मण थिए भन्ने बोध हुन्छ।

२०. *Rahmani, Mithila, 9th, Feb. 1953, P. 6.*

२१. तनहुंको सेनवंशवृक्षमा हंवीर नामक दोस्रो राजा भएका थिए। तर उनको समय र शक्तिसिंहको समयमा अन्दाजी ३०० वर्षको फरक भएकोले शक्तिसिंहकालीन हम्बीर उनी होइनन् भन्ने थाहा हुन्छ। महाकवि विद्यापतिले त्यस युद्धमा पराजित राजालाई हम्वीरदेव (पुरुषपरीक्षा–सर्वं त्यक्त्वा समितिपतितो हम्वीरदेवः) भनी संबोधन गरेकाले पनि हम्बीरदेव तनहुंका हवीरसेन नभई अर्कै राजा थिए।

२२. संस्कृत सन्देश, वर्ष १, अंक ६, पृ. ३०।
रामदत्तद्वारा लेखिएको वाजसनेयी विवाहपद्धतिको प्रथम पृष्ठ–योगी नरहरी नाथले वागमतीमा बगिरहेको अवस्थामा पाई प्रकाशित गरेका छन्। एउटै पृष्ठ भए पनि यसले सिमरौनगढका कर्णाटकी राजाका मन्त्रीहरूको वंशवृक्षको महत्वपूर्ण सूचना दिन्छ, जो यस प्रकार छः–
सन्धिविग्रहमन्त्री देवादित्य तनूद्भवः।
भूमिपालशिरोरत्नरंजितांघ्रिसरोरुहः १॥
सन्धिविग्रहिकः श्रीमद्वीरेश्वरसहोदरः।
महासामन्तकः श्रीमान् विराजति गणेश्वरः २॥
श्रीमता रामदत्तेन मन्त्रिणा तस्य सूनुना।

२३. *H.P. Sastri, Nepal Cat I, 132.*

२४. *Dr Thakur, ibid, P. 280.*

२५. बृहत्सूचीपत्र, भाग १, सं. २०८; कृष्णानन्द वागीशद्वारा लिखित तन्त्रसार।

२६. संस्कृतसन्देश, पूर्व उल्लेख भएको।

सिंह र हरिसिंहदेव दुबैका मन्त्री थिए । राष्ट्रिय संग्रहालयमा रहेको सूर्यमूर्तिको पादपीठलेखमा उल्लेख गरिएका गणेश्वर(२७) यिनै हुन् । उक्त अभिलेखमा गणेश्वरलाई महामन्त्री भनिएको छ । गणेश्वरले लेखेको सुमतिसोपान (२८) मा उनले आफूलाई हरिसिंहदेवका मन्त्री तथा महामहत्तक (प्रधानमन्त्री) र महासामन्त, महाराजाधिराज समेत भनेका छन् । छान्दोग्यमन्त्रोद्धार(२९) र गणेश्वरले रचना गरेको गङ्गापट्टलक(३०)मा उनलाई महामहत्तक र महासामन्तक भनेको पाइन्छ ।

शक्तिसिंह एउटा निरङ्कुश तथा निर्दयी राजा थिए । त्यसैले उनको शक्तिलाई सीमित पार्न मन्त्रीहरूले सात जनाको एउटा समिति बनाएका थिए(३१) । महामन्त्री गणेश्वरको उपमाहरूद्वारा उनी त्यस समितिका संगठनकर्ता तथा प्रमुख थिए(३२) । यसै कारणले उनलाई महामन्त्री, महामहत्तक, महासामन्ताधिप तथा महाराजाधिराजसंम भनेको पाइन्छ । यसरी यो थाहा हुन्छ– गणेश्वर महामन्त्री हुनाका साथै ठूला विद्वान् पनि थिए ।

रामदत्त– गणेश्वरका छोरा यिनी साधारण मन्त्री मात्र थिए ३३) । तर उनी ठूला विद्वान् थिए भन्ने कुरा उनका दुइटा पुस्तक वाजसनेयी विवाहपद्धति र छान्दोग्य मन्त्रोद्धारद्वारा थाहा पाइन्छ ।

चण्डेश्वर– यिनी पनि शक्तिसिंह र हरिसिंहदेवका मन्त्री थिए । यिनी युद्ध तथा शान्तिविषयका मन्त्री र प्रधान न्यायाधीश (प्राड्विवाक) पनि थिए । चण्डेश्वरको उल्लेख गोपालवंशावलिमा दुइपटक गरिएको पाइन्छ । पहिलोपटक(३४) उनी बनेपामा बसेका बखत पलान्चोकका हृदयसिंहदेवका महामन्त्री उदभाल भारोले तिपुर, बनेपा, पनौती, बोडे, फनपी ··· आदिलाई साथ लिई फर्कने वेलामा चण्डेश्वर बसेको किल्ला फोरी कब्जा गरे । दोस्रो पटक(३५) चण्डेश्वर रजगाउंमा बन्दी बनाइएका हरिसिंहदेवका जाहानपरिवारलाई(३६) मुक्त गराउने प्रयास-

२७. माथि उल्लेख भइसकेको छ ।

२८. *R.S. Cat No. 1864.*

श्रीमानेष महामहत्तक महाराजाधिराजो महासामन्ताधिपतिः ।

२९. *Dr U. Thakur, ibid, P. 348.*

छान्दोग्य मन्त्रोद्धारका रचयिता गणेश्वरका छोरा रामदत्त थिए ।

–महाराजाधिराजस्य महासामन्तपालिनो महामहत्तकेशस्य श्रीगणेश्वर ...।

३०. *R.S Cat, 1923–24.*

३१. पण्डित-महामहत्तक-महासामन्ताधिपति श्रीगणेश्वर विरचितं मुजप्फुरपुर जिला गजेट, १८ ।

३२. डा. उपेन्द्र ठाकुरका अनुसार त्यस समितिका संगठनकर्ता मन्त्री चण्डेश्वर थिए । तर जति ठूलठूला उपमा गणेश्वरलाई दिइएको छ ती चण्डेश्वरलाई प्रदान नगरिएकोले उक्त समितिका संगठनकर्ता तथा प्रमुख चण्डेश्वर नभई उनका काका गणेश्वर थिए भन्ने बुझिन्छ ।

३३. संस्कृतसन्देश, १,६ ।

३४. गोपालराजवंशावली, पत्र ४० (प्राचीन नेपाल संख्या २२ पृ. ३७) ।

पलाखचो श्रीउदसीहदेवस महाथ उदमाल भास तिपुर ग्वदत भोंतपन्त ।

वद्य नवक्वाठ फनपी छिपन्त । थ्वतेस संप्रधादत् करवा पलाखचोन ।

लिस्यवेङाव चण्डेश्वर चोस क्वाठ भङ वोनाप्यायात काया ।

३५. गो. रा. वंशावलि पत्र ४७, संवत् ४५२ (प्राचीन नेपात्र संख्या २१, पृ. ५३) ।

चन्दनएस्वरन राजगाका दिन ।

३६. गो. रा. वंशावलि, पत्र ४६ (प्राचीन नेपाल २१, पृ. ५३) ।

टिंपाटस राजा हरिसिंहटो शिक थ्वस कायना महाथवं नाउभय वंधि यंङा कूलन ज्वोङ विफंग्व राजगामेया मळी भारो धायान समस्त धन कासन ।

(तीनपाटनमा राजा हरिसिंहदेवको मृत्यु भयो । उनका छोरा, मन्त्री तथा साह्रा परिवार बन्दी बनाइए । — रजगाउँका मळी भारोले साह्रा धन खोसी लिए ।

मा रजगाउंमाथि आक्रमण गरी कब्जा गर्न सफल भए ।

चण्डेश्वरले अन्य देशका राजाहरूका साथै नेपालका राजालाई परास्त गरेका थिए (नेपाला भूमिपाला भुजबल-दलिताः) तथा नेपालका वागमतीका तीरमा (वाग्वत्या(:) सरितस्तटे सुरधुनीसाम्यं दधत्या ... (:) दत्तस्तुलापूरुषः) भन्ने सूचना चण्डेश्वरका कृत्यचिन्तामणि (३७) बाट थाहा हुन्छ । चण्डेश्वरको आक्रमण नेपाल उपत्यकाभित्र भईनै रहेको सूचना गोपालराजवंशावलिबाट पनि पाइन्छ ।

यी राजनैतिक गतिविधिका अतिरिक्त चण्डेश्वर ठूला विद्वान् पनि भएको कुरा उनका कृत्यचिन्तामणि, सप्तरत्नाकर (राजनीतिरत्नाकर) (३८) आदि पुस्तकबाट थाहा हुन्छ । उनको कृत्यचिन्तामणिमा उनले गर्ग, वराहमिहिर, भोज, श्रीपति, पराशर आदि (गर्गो वराहमिहिरः स च भोजराजः स श्रीपतिर्मुनिवरः स पराशरादिः) सबै विद्वान् तथा मुनिहरूका निर्णयका लागि सप्तरत्नाकर ग्रन्थको रचना गरे (वाम्नायस्मृतिनिर्णयाय कृतवांस्तान्सप्तरत्नाकरान्) भनी बोलेका छन् ।

ज्योतिरीश्वर– यिनी हरिसिंहदेवका मन्त्री थिए । ज्योतिरीश्वरलिखित प्रहसन नाटक धूर्तसमागममा यिनले आफूलाई पल्लिगाउंमा जन्मेका तथा मीमांसामहोत्सव रामेश्वरका पौत्र र धीरेश्वरका पुत्र हुं भनी लेखेका छन् (३९) । त्यहां यिनलाई कविशेखराचार्यको उपाधि प्रदान गरिएको पनि पाइन्छ । ज्योतिरीश्वर धूर्तसमागमबाहेक पञ्चशायक, रङ्गशेखर र वर्षरत्नाकर आदि पुस्तकहरूका पनि रचयिता थिए ।

यसबाहेक नैषधचरितमका टीकाकार भवदत्त (४०) पनि यसै कालमा भएका थिए । अहिले उनको परिचय पाउन सकिएको छैन ।

गणेश्वरको राष्ट्रिय संग्रहालयमा रहेको सूर्यमूर्तिको पादपीठलेखमा एक जना श्रीपति नाउंका व्यक्तिको उल्लेख आएको छ । वास्तवमा उक्त प्रतिमा श्रीपतिले नै बनाउन लगाएका थिए तथा त्यस बखत महामन्त्री गणेश्वर निकैनै शक्तिशाली भई निस्केकाले त्यस अभिलेखमा राजाको उल्लेख नभई महामन्त्री गणेश्वरका नाउँको उल्लेख गरिएको छ ।

यी श्रीपतिका बारेमा खोजी गर्दा यिनी प्रख्यात राजपुरोहितवंशका रहेछन् तथा उनका वंशजहरूले गढवाली राजा गोविन्दचन्द, कर्णाटकी तथा नेपालका बनेपाली राजा र महामन्त्री वर्द्धनपरिवारका समेत राजपुरोहित थिए भन्ने थाहा पाइएको छ । तिनका वंशक्रम तथा उपलब्धिहरू संक्षेपमा बयान गरिएको छ ।(४१)

हृदयधर भट्ट– गोविन्दचन्द गढवालका परराष्ट्रमन्त्री तथा राजनीति रत्नाकरका लेखक थिए ।

लक्ष्मीधर भट्ट (लक्ष्मीपति)– लक्ष्मीधरलाई पशुपति देवपाटनको हरिहरमूर्तिका नगीच रहेको लेखमा (४२)

---

३७. संस्कृत सन्देश, १, ६, पृ. २६–२७ ।
यसमा उनलाई 'कर्णाटाधिपमन्त्रिणि' तथा 'सचिवमौलिमणि' आदि भनिएको छ ।

३८. राजनीतिरत्नाकरलाई डा. के. पी. जायसवालले सम्पादन गरेका छन् ।

३९. राष्ट्रिय अभिलेखालय, सं. ३९२६, ३९३६ ।
यस पुस्तकमा हरिसिंहदेवले सुतलान गयासुद्दीन तुगलकसंग गरेका भीषण युद्धको वर्णन गरिएको छ ।

४०. *Dr Thakur, ibid, P. 288.*

४१. श्रीपति नाउँका एक जना अर्का प्रसिद्ध लेखक थिए । उनले लेखेका ज्योतिषरत्नमाला ज्योतिषविषयको प्रख्यात पुस्तक छ । यस पुस्तकका मूल तथा टीकासमेतका अनेक प्रति नेपाल राष्ट्रिय पुस्तकालयमा छन् (वीर पुस्तकालय च. नं. १६१; राष्ट्रिय अभि० सं० ३२०, ३४१ इत्यादि) । शक संवत् ९६१ (ई. सन् १०३९) मा पुस्तक लेख्ने ज्योतिषी श्रीपति काश्यपगोत्री, पुण्डरीकखण्डनिवासी तथा दैवज्ञ केशवका पौत्र र ज्योतिषाचार्य नागदेवका छोरा थिए ।

४२. *D.R. Regmi, M. Nepal, III, PP. 36–37.*
उक्त अभिलेखमा लक्ष्मीधरदेखि गणपतिका छोराहरूको पनि उल्लेख भएको पाइन्छ ।

लक्ष्मीपति पनि भनिएको छ र गोविन्दचन्द गढवालका सन्धिविग्रहमन्त्री (४३) तथा कल्पतरुका रचयिता थिए। कल्पतरुको दोस्रो प्रति गदाधरसिंहदेवका राज्यकालमा लेखिएको थियो तथा तेस्रो प्रति लक्ष्मीधरले कर्णाटकी राजा रामसिंहका आश्रममा आई उनकै राज्यकालमा लेखेका थिए। उनी व्यवहारकल्पतरुका लेखक पनि थिए। देवपाटनको अभिलेखमा उनलाई भारद्वाज गोत्रका राजपुरोहित तथा वेदाङ्ग आदि कण्ठस्थ पारेका भनी उपाधि प्रदान गरिएको छ।

श्रीपति– देवपाटनलेखमा श्रीपतिलाई लक्ष्मीपतिका प्रपौत्र (पनाति) र वेद, व्याकरण तथा चौद्ध विद्यामा पारंगत भएका भनी परिचय गराइएको पाइन्छ। राष्ट्रिय संग्रहालयको लेखमा गणेश्वरका साथमा उल्लेख गरिएका श्रीपति यिनै हुन्।

गणपति– यिनलाई देवपाटनको अभिलेखमा श्रीपतिका नाति, त्रिपुरसुन्दरी (श्रीतुलजा) का आराधना गर्ने, राजपुरोहित, धार्मिक उपदेश दिनामा परम गुरु, रघुवंशी (कर्णाटकी) राजाका पुरोहितका सन्तान तथा टुक्रिएका पशुपतिलिङ्गका प्रतिष्ठापनकर्ता आदि मानिएको पाइन्छ। गोपालराजवंशावलि देवपाटनअभिलेख आदिद्वारा यो सर्वविदितै भएको छ– पशुपतिलिङ्गलाई टुक्र्याउने बंगालका सुलतान शमसुद्दीन थिए। उक्त मन्दिरमा नयाँ लिङ्ग बनाई मदनरामवर्द्धन (४४) ले स्थापना गरेका थिए तथा लिङ्गप्रतिष्ठापनको सिलसिलामा सबै धार्मिक क्रिया गर्ने गणपति नै हुन्।

रहसपति, रणपति, राजपति– यी तीनै जना गणपति र तेजलक्ष्मी (आमा) का छोरा थिए भन्ने देवपाटनअभिलेखबाट थाहा हुन्छ। राजपतिको उल्लेख दशकर्मशास्त्र (४५) तथा ने. सं. ५१४ को एउटा अभिलेखमा (४६) पनि भएको पाइन्छ। दशकर्मशास्त्रटीकामा उनलाई बनेपाली राजकुलका उपाध्याय (श्री श्री भोंत राजकुलोपाध्याय श्रीराजपतिशर्म आराधेन लिखितमिदं) भनिएको छ तथा बनेपाली महामन्त्री मदनरामवर्धनको सूर्यमूर्तिपादपीठलेखद्वारा उक्त मूर्ति स्थापना गर्दा सबै धार्मिक क्रियाकर्म उनलेनै गरेका थिए भन्ने थाहा पाइन्छ।

जयत (पति)– ने. सं ५३४ को उमालिङ्गित महेश्वरपादपीठबाट (४७) जयपतिबुसु शर्माको उल्लेख गरिएको छ। उक्त अभिलेखअनुसार महाराष्ट्रबाट नेपाल आएका एक जना ब्राह्मण लक्ष्मीदेव सोमशर्माका नाउंको पनि चर्चा गरिएको पाइन्छ।

---

४३. राष्ट्रिय अभिलेखालयको कृत्यकल्पतरु, सं. २४३, यहाँ 'श्रीमहाराज गोविन्दचन्द्र सन्धिविग्रहिक श्रीलक्ष्मीधर भट्ट विरचित' भनी लेखिएको छ।

४४. मदनरामवर्धनको ने. सं. ५०५ को इट्टाबहाललेख।

४५. राष्ट्रिय अभिलेखालय, प. १०७४।

४६. *D. R. Regmi, III, P. 35.*

४७. *D. R. Regmi, III, P. 51.*

परिशिष्ट १

सिंमरौनगढका कर्णाटकी राजाका विसपीगढ बस्ने ठक्कुरवंशी मन्त्रीहरूको वंशवृक्ष (नान्यदेव–हरिसिंहदेवका समकालीन)।



परिशिष्ट २



(Continued)

NEPAL

The kingdom

by Sylvain Levi

Nepal is an independent kingdom situated to the North of India, on the southern slope of the Himalayas; She consists in a narrow band of territory which runs parallel to the chain. She measures about 800 Kilometres in length and an average of 160 kilometres in width. She extends from 78° to 86° of longitude East, comes in contact in the South East 26° 25° of latitude North, and goes beyond 30° at her extremity in the North—West. She is included between the British possessions Sikkim and Tibet. Since the treaty of Segowlie (1816) and the convention of 1860, the boundary between Nepal and British India follows in the west the course of the kali, to the south the Hillocks of "Gres" (Sandstone) parallel to the Himalaya and the marshy lands of the Terrai cut out in three sections, in the East the stream of the Mechi and the lofty peaks of Singalila which border on Sikkim In the North, the frontier of Tibet, almost unknown, seems fairly badly defined; it losses itself in the inaccessible solitudes of glaciers and only takes a definite outline in the neighbourhood of the passes, now running without and now running within the Tibetian plateau as the case may be.

In spite of the revolutions and conquests which have upset the neighbouring countries, India and Tibet, Nepal has remained for many centuries almost unchangeable in her traditional limits. Nature herself had outlined them clear and sharp. In the North the Himalayas straightens up her colossal mass, crowned with giant peaks. The few passes which cross the mountain and which scales over the plateau of Tibet, are only passable from may to september; snow obstructs them seven months in the year, and the traveller who ventures in the right season even then runs a thousand risks. The avalanche threatens him, the precipice awaits him; he is compelled to cling on to rocks, to hang on the taut ropes over abyeses, to ascend hights of 4000 to 5000 metres. In the south on the borders of Hindustan, the low lying lands of the Terrai, are still more dreadful; the waters coming down the neighbouring slopes are held up and stagnate in their basin of clay at the foot of the mountains; these waters are laden with putrified vegetable matter. Deadly malaria is prevalent in the damp atmosphere, nine months in the year, from march to november, and drives away man, as well as the Hindu of the plains and the mountaineer of Nepal; in winter the herds of the neighbouring disiricts are sent to graze on the rich grass; but when the spring sets in the jungle is roamed by wild beasts. Only a few scattered groups of cursed races, last vestiges of humanity, have been able to live in this country of pestilence and death. Behind the terrai, nature has prepared other defensive lines: an endless forest of sals is connected with the Hillocks of Gres and covers the slopes; the tall trunks of the vigorous trees

spring up from the whitish and dusty soil and under their opaque umbrage swarm at their ease, elephants, tigers and rhinoceroses; man only makes an appearance in the cold season to hunt, or to cut down the valuable wood. Between the "Hillocks of Gres" and the first risings of the Himalaya, the ground bends back and runs into valleys parallel to the chain the altitude varies between 700 and 800 metres; malaria ravages the place and contaminates the air. Temporary villages and garrisons take up their position from November to March; at the inevitable time, they all flee from the "Aoul" the deadly fever.

Beyond the valley of the Dhouns and the Maris, the mountain suddenly and abruptly springs up and rises in tiers upon tiers of powerful steps to the bulwarks of ice which shuts out the horizon. At first sight it seems a formidable chaos of summits, Plateaus, valleys, without unity arrangement or system. Nepal is still only a grographical region, defined by natural boundaries. A close observation brings out into prominence, out of this inspiring and stupendous mass, the harmonious frame work of a real organism The innumerable streams which flow down hapazardly in this mountainous labyrinth, divide into three great basins which resemble one another. A gushing torrent, whose source springs up from the Tibetian heights cuts by erosion, the line of the giant peaks, penetrates into Nepal, and gathers a portion of the local drainage At the foot of the Hillocks of Sandstone it encounters a fan of tributaries too slow flowing to cut themselves a passage, absorbs them, crosses the defile, then the Terrai, and flows out majestically into the pains in fertilising sheets of water. In the west, the Karnali or Kauriala, whose streams run side by side with those of the Ghara or Sutlej enters Nepal by the Takla Khar or Yari pass, or Sarda on British soil, takes then the name of Gogra and carries to the Ganges all the waters that flow between the Nandadevi (7820 metres) and the Dhaulagiri (8180 metres): The seven tributaries of the Gandaki spread out between the Dhaulagiri and the Gosainthan (8059 metres.) The Tirsuli, the most eastern, is also the most voluminous, she flows out of Tibet through the kirong pass, and swelled up by six other rivers her sisters by name and sacredness, crosses the hills at Tribeni Ghat to flow into the Ganges in front of Patna. The whole of Eastern Nepal, from Gosainthan to Kanchamjanga (8580) metres over 28000 feet) pours her waters in seven tributaries of the kusi; two of them derive their sources in Tibet the Botia kusi, which enters Nepal by the Kusi pass, and the Arun which drains a large basin on the Tibetian plateau before entering Nepal by the Hatia pass. Brought under control in one bed, the seven kusis fall in cataracts from the "Hillocks of Gres" into the plain and pursue their impetuous course in a net work of capricious arms, to their confluence with the Ganges. Between the region of the seven Gandakis and the region of the seven kusis is a basin of moderate size and small drainage but of original aspect. The Bagmati (Vagmati) which gathers up the waters, does not flow out of the chain proper; she derives her source half-way between the lofty Himalayas and the "Hillocks of Gres" from the folds of a buttress which overhanga the right bank of the malamchi kusi and the left bank of the Tirsuli Gandaki, escapes getting mingled with her powerful neighbours, and carries herself to the Ganges, the tribute of the sacred waters. Hardly at birth the Bagmati flows through a spacious valley twenty five Kilometres long by sixteen kilometres large, unruffled like the plain, but surrounded on all sides by mountain walls of 2500 3000 metres; only one narrow breach, open in the south, allows an outlet to the higher waters. Fertile and sparkling, the foster valley shelters without encumbrance, three hundred thousand inhabitants, a prosporous capital, two large towns, populous boroughs, large villages, plantations,

fields, and groves. The altitude of 1300 to 1400 metres, is too high for Aoul, too low for snow; in winter the breeze blows salubrious, without a sting; in summer the neighbouring forests and the glaciers beyond allay the tropical heat; the average temperature fluctuates between 10° (This is centigrade) in January and 25° in July, without marked daily variations. Fertile, clear and tortuous streams cuts into the alluvial soil and often deepen their beds and enlarge them too much. Rice copiously watered gives splendid crops the other cereals leave nothing to wish for. The orange tree, the pine apple tree and the banana tree give delicious frutis. The simple and agreeable life tends to refine the mind. In the south, the barriers that close the approach to the armies of India allow the pasage by a slow and sure infiltration, the benefits of the Hindu civilization, of the arts, literatures' religious and of the soil order. In the north, two passes, one practicable even to horses open the easiest way and the most frequented one between India and Lhasa. To the East and to the west, easy defiles lead to the lateral valley of the Gandakis and the kusis. It is here that the contrast is sharp; mountainous districts, deep valleys wild defliles, steep slopes with practically no soil, where water flows in torrents and destroys without irrigating; in summer, the auol afflicts the shallow waters, in winter the snow covers the higher grounds. The aborigi-nal population dispersed at random with the scanty cultivations, lives in hovels, often in half nomadic fashion. The towns clinging to the mountain sides are mere struggling villages with a market and a castlestronghold. An oppressive feudalism partitions the country. The basin of the Karnali is the territory of the twenty two Rajas (Baisi Raj); the seven-Gandakis is the territory of the twenty four Rajas (chaubisi Raj). The semi-barbarous tribes of the seven-Kusis have only a rudimentary organisation of the Clans. The central valley was naturally designated to be the seat of hegemony. The power that prevails is sure to obtrude, by the superiority of its resources the chaotic and undisciplined mass of neighbouring principalities. He can at leisure extend towards the east and the west, as far as the nature of the soil, the necessities of revictualling and the difficulties of communications will allow. These boundaries have practically, remained unchanged and the attempts by the Gurkhas at the beginning of the XIXth century, to absorb Sikkim on the one hand and Kumaon on the other have failed. The valley and the kingdom are so closely solidary that the same name has served the purpose of designating them both; but official procedure which is more precise, distinguishes them; it gives to the kingdom the name of Ghorkha Raj "kingdom of the Ghurkas" and in unison with the local custom exclusively reserves to the valley the designation of Nepal. Outside Nepal properly speaking, the country is known on hearsay; never has the European visited the mountainous regions which extend to the east and west of the central valley. But a look cast on the map of the kingdom, as it has been drawn up by the trigonometrical service of India, reveals the state of actual knowledge. Vast spaces are left blank. The series of altitudes that are marked out indicate the summits that have been measured by calculation by careful sighting from the British territory; the capricious lines, in which are gradually arrange at problematic distancts, names and localities, denote the information gathered by the Anglo-Indian spy system by the help of Hindu Pundits whom it employed as secret agents' or as recruited mercenaries in the British regiments. The past of these confused regions is not better known than the soil itself; archaeology, epigraphy have still to be created; the scanty informations so far gathered come from suspicious indigenes and from tardy documents. The valley all one, visited, observed and studied for a century, belongs to science.

The valley of Nepal

The valley of Nepal (Nepala) opens out

half-way between the plains of Hindustan and the high summits of the Himalayas. She assumes the shape of a fairly regularl oval, elongated in the same direction as the chain. The great axle, from East to West measures almost twenty five kilometres; Small axle, from north to South almost sixteen kilometres. The Northern slopes support themselves against the transversal ridge of the Himalaya projected by Gosainthan (7714 metres) and which culminates in the Dayabhang or Jibjibia (7244 metres) at an equal distance from the defiles of Kirong and kuti, between the waters of the kosis and those of the Gandakis. Once upon a time a vast lake covered, so they say, the whole valley the intervention of a divinity opened a breach and an outlet to the waters, and given the soil to man. The aspect of Nepal explains the legend. The mountains, rising around in an enclosed circle even conceal the narrow defile which allows the escape in the south of the local drainage. Their summits compared to the giants of the Himalayas, have only a modest altitude of 2000 to 3000 metres. A thick vegetation covers them to the pinnacles. European trees and especially the oak rise up in tiers above the tropical trees, Mount Manichur (Manicuda) occupies the north-eastern extremity of the valley. A chain Sheopuri (Civapuri) of 2500 metres in height, and thence to mount kokni of kukani; behind this curtain are unexplored valleys which are crowned in the distance by the white line of snow and ice. The imposing mass of Nagarjun (Nagarjuna) rises up in front of kokni towards the west/ south-west. The depression which lies between offers a convenient passage between Nepal and the valley of Nauakot (Navakuta) her natural annexe. In the west, the Dhochok, a range of undulaing hills which does not attain the height of 1800 metres, connects the lesser western chain of the Nagarjun to the breastwork of the Chandragiri (Chandragiri). The tributaries of the Tirsuli Gandaki which come down its western slops, open a second means of communication between Nayakot and Nepal. The Chandragiri rises in steep slopes at the south-western corner of the valley the road to India crosses its escarpments, traverses the line of summits at a short distance from the pinnacle (a little less than 2500 metres) and comes down again the Southern slopes at the village of chitlaung, in the valley of the "Small-Nepal". The Chadragiri is welded towards the South-East, to the Champadevi (Campadevi). The lateral valley which runs alongside their opposite southern slopes has often been visited by European travellers up to the close of the XVIIIth century; their unanimous testimony bears to the conclusion of it being a narrow, painful and miserable gorge. Between Champadevi and mount Mahabharat (Mahabharata opens out the breach of Kotpal (or Kotval) only cleft in this vast wall of mountains and just large enonugh to allow the flow of the river Bagmati. The Mahabharat if in itself only a buttress of the Phulchok. The Phulchok is the heighest of pinnaclss that overlook the valley; Its altitude is exactly 3000 metres. In short, on the Eastern side, mount Mahadeo-pokhei (Mahadevapuskarini) stretches out between Phulchok and Mahadeo-pokhri leads the way from Eastern Nepal to the Valley of Banepa, which historical remembrances, directly assosciate, like Nayakot, to the history of Nepal.

The valley of Nepal (seen from Chagu-Narayana). The Bagmati (Vagmati) gathers all the waters that come down these slopes to irrigate Nepal. It rises on the Northern slopes of the Sheopuri, flows at first in a deep gorge between the sheapuri and the Manichur, falls in cascades in the valley, meanders; then swollen up by numerous tributaries, the torrent becomes a river, forces a passage for the first time at the foot of the hills on which stands chobbar, takes a direction towards the southern rising of the valley, finds an outlet and escapes through the Kotpal breach and then penetrates

an entirely unknown region, which contradictory reports have represented now as impracticable and now as easily accessible; it reaches the 'Hillocks of Gres' at Hariharpur, crosses the Terrai, flows into British territory, drags its now slackend waters through irregular canals and falls into the Ganges below stream at Monghyr, mingles with the tributaries of the Gandaki and the Kosi.

The principal Nepalese tributary of the Bagmati is the Bitsnumati (Visnumati) which rises on the southern flank of the Sheopury, follows fairly evently the foot of the mountains and pours out into the Bagmati nearly in the centre of the valley. The other streams are oniy humble brooklets during the dry season; their religious importance compels their mention: On the right bank the Dhobi-Khola and the Takhucha, on the left bank the Manhaura (Manohara) or the Maumati (Manimati) which rises in mount Manichur, the Hanmati (Hanumati) which rises in the Mahadeopokhari and the Nikhu which comes from the Phulchok.

All these streams are characteristic of one another; rising outside the region of snows, fed by tributaries, they suddenly increase in volume in the rainy weather; the brooklet of the day before then becomes a gushing torrent which easily cuts itself a vast bed in the alluvial soil. In the course of time the bed, continually deepened, takes the aspect of a drain banked on both banks by high walls. Once the rainy season is over, there remains only a ribbon of water lost in the sands. The Bagmati alone flows plentifully throughtout the year and its guishing and loud waters have earned it the title "The Talkative".

On this fertile land, humanity swarms. Defiles suddenly disclose the valley and the surprised gaze contemplates an immense garden made picturesque by gay little buildings. In and out of the sparkling fields and leafy groves, hamlets, boroughs and towns spread their roofs with upturned corners overlooked by the tapering pyramids of the wooden temples with their dazzling golden arrows. The charm of the scenery is unforgettable. The Capuchin missinaries of the XVIIIth century show signs of their wonderment The P. Marco Della Tomba, who has not visited the country but who gathered informations and impressions from his associates writes: "after crossing other small mountains covered with trees, one finds the valley of Nepal, "Valley bellissima" (The grandest of valleys) which seems at first sight, of gold, with all its golden pagodas and palaces ..... The Valley benefits by a mild and salubrious breeze; she abounds with all kinds of victuals; one finds nearly every fruit that is common to Europe.[1] A century early, the jesuit Grueber was just brief in a practical way; "Nepal abounds in all things that are necessary for the sustaince of life" On a surface of 700 square kilometres, the population approaches 500000 souls[2], or otherwise a density of 700 inhabitants persquare kilometre. In a region without industry. One half of the Population lives, gathered together in the towns and boroughs; the other half is dispersed in innumerable hamlets, which it would be fastidious and vain to attempt to enumerate.

